# वातावरणीय मापदण्ड तथा सम्बन्धित सूचनाहरूको सँगालो



नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालय

सिंहदरबार, काठमाडौं

# वातावरणीय मापदण्ड तथा सम्बन्धित सूचनाहरूको सँगालो

नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**
सिंहदरबार, काठमाडौं

**वातावरणीय मापदण्ड तथा सम्बन्धित सूचनाहरूको सँगालो**

| | |
|---|---|
| **प्रकाशक** | : वन तथा वातावरण मन्त्रालय |
| | सिंहदरबार, काठमाडौं |
| | फोन नं.: ०१-४२११७४३, ४२११६४१ |
| | फ्याक्स नं.: ०१-४२११९५४ |
| **© सर्वाधिकार** | : प्रकाशकमा |
| **पहिलो संस्करण** | : ५०० प्रति |
| **प्रकाशित मिति** | : आषाढ, २०६७ |
| **दोस्रो संस्करण** | : १००० प्रति |
| **प्रकाशित मिति** | : आषाढ, २०७१ |
| **तेस्रो संस्करण** | : ५०० प्रति |
| **प्रकाशित मिति** | : जेठ, २०७५ |

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
EX: पो.ब.नं. :३५८७
सिंहदरबार, काठमाण्डौ



## मन्तव्य

नेपालको संविधानको धारा ३० (१) ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गरेको छ । वातावरण संरक्षण र व्यवस्थापनको क्षेत्रमा हाल वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ कार्यान्वयनमा रहेका छन् । उल्लेखित कानूनी प्राबधान अनुरुप आर्थिक विकास र वातावरण संरक्षण बीचको अन्योन्याश्रित सम्बन्धबाटै दिगो विकास हुने कुरालाई ध्यानमा राख्दै वातावरण प्रदूषण नियन्त्रण गर्न नेपाल सरकारले विभिन्न वातावरणीय मापदण्डहरु निर्धारण गर्ने, लागू गर्ने र मापदण्ड उल्लंघन गर्ने व्यक्ति, संस्था र औद्योगिक प्रतिष्ठानहरुलाई कानूनी दायरामा ल्याउने कार्य समेत हुँदै आएको छ ।

वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ (३) मा कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगमा बन्देज लगाउन सक्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा २४ (२) ले ऐनको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी प्रदूषणको स्रोत, मापदण्ड, रोकथाम र नियन्त्रणका सम्बन्धमा नियमहरु बनाउन सक्ने अधिकार दिएको छ । यसैगरी वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मापदण्ड बिपरीत हुने गरी कसैले पनि यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनि, ताप, रेडियोधर्मी बिकिरण तथा फोहोरमैला निष्काशन गर्न नपाउने व्यवस्था गरेको छ । वातावरण संरक्षण ऐन र नियमावलीको अधिनमा रहेर तत्कालीन जनसंख्या तथा वातावरण मन्त्रालय, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, वातावरण मन्त्रालय, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय लगायत अन्य केही निकायहरुबाट समेत वातावरण प्रदूषण नियन्त्रण गर्न नेपाल राजपत्रमा प्रकाशित सूचना तथा मापदण्डहरु छरिएर रहेका कारण उल्लेखित सूचनामाथि सरोकारवालाहरुको सहज पहुँच हुन सकेको देखिदैन । तसर्थ सम्भव भएसम्म सरोकारवालाहरुका लागि वातावरणसँग सम्बन्धित सूचनाहरुलाई एकीकृत रुपमा उपलब्ध होस् भन्ने अभिप्रायले अद्यावधिक गरी यस सँगालोमा समेट्ने प्रयास गरिएको छ ।

यस सँगालोको प्रथम र दोस्रो संस्करण पश्चात यस मन्त्रालयबाट नेपाल राजपत्रमा प्रकाशित भइसकेका थप सूचना तथा मापदण्डहरुलाई समेट्दै तेस्रो संस्करणलाई यो अवस्थासम्म ल्याई पुर्‍याउन अथक प्रयास गर्नुहुने यस मन्त्रालयका सहसचिव डा. महेश्वर ढकाल, तत्कालीन जनसंख्या तथा वातावरण महाशाखा प्रमुख रामेश्वर दंगाल, सि.डि.ई. विपिन राजभण्डारी, मेकानिकल इन्जिनियर तुल्सी नारायण महर्जन, केमिष्ट अनुराधा ज्ञवाली र शाखा अधिकृत रवीन्द्रकुमार सिंह लामालाई धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत वातावरणीय मापदण्ड र सम्बन्धित सूचनाहरुको सँगालो, उद्योगी, व्यवसायी, वातावरणकर्मी, संचारकर्मी, यस क्षेत्रमा अध्ययन/अनुसन्धान गर्ने महानुभावहरु लगायत गैह्र सरकारी संघसंस्था र सम्बन्धित सबैलाई अत्यन्त उपयोगी हुने बिश्वास लिएको छु । साथै यस सँगालोमा पाठकवर्गको अमूल्य सुझावको अपेक्षा समेत गरेको छु ।

डा.विश्वनाथ ओली
सचिव
वन तथा वातावरण मन्त्रालय
२०७५ जेठ ३०

सचिव

# विषयसूची


## क. सवारी प्रदूषणसम्बन्धी मापदण्ड तथा सूचनाहरु

| क्र.सं. | प्रकाशित मिति | मापदण्ड तथा सूचना | पेज नं. |
|---|---|---|---|
| १ | २०६९।०६।२९ | नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ | ३ |
| २ | २०५७।०७।०७ | ग्याँस तथा पेट्रोलद्वारा चल्ने सवारी साधनको प्रदूषणसम्बन्धी मापदण्ड | १५ |
| ३ | सूचना (मिति नखुलेको) | ग्रिन स्टिकर नपाएका सवारी साधनहरुलाई विभिन्न स्थानहरुमा आवागमनमा रोक लगाइएको सूचना (जारी गर्ने मन्त्रालय : तत्कालिन निर्माण तथा यातायात मन्त्रालय) | १६ |
| ४ | २०५४।०९।२८ | पेट्रोल र डिजेलबाट चल्ने सवारी साधनको प्रदूषणसम्बन्धी मापदण्ड (जारी गर्ने मन्त्रालय : तत्कालिन निर्माण तथा यातायात मन्त्रालय) | १७ |

## ख. वायु गुणस्तर तथा धुवाँसम्बन्धी मापदण्डहरु

| क्र.सं. | प्रकाशित मिति | मापदण्ड तथा सूचना | पेज नं. |
|---|---|---|---|
| १. | २०७४।१०।०८ | ईंटा उद्योगबाट निष्काशन हुने धुवाँ र चिम्नीको उचाइसम्बन्धी मापदण्ड | २१ |
| २ | २०७१।०९।०७ | इन्सिनिरेटर संचालनबाट निष्काशन हुने धुवाँ तथा चिम्नीको उचाइसम्बन्धी मापदण्ड | २३ |
| ३ | २०६९।०७।१३ | सिमेन्ट र क्रसर उद्योगबाट निष्काशन भई हावामा जाने धुलोसम्बन्धी मापदण्ड | २६ |
| ४ | २०६९।०७।१३ | डिजेल जेनेरेटरबाट निष्कासन भई हावामा जाने धुवाँको लागि उत्सर्जन सीमा | २८ |
| ५ | २०६९।०७।१३ | औद्योगिक ब्वाइलरको संचालनबाट निष्काशन हुने धुवाँ तथा चिम्नीको उचाइसम्बन्धी मापदण्ड | २९ |
| ६ | २०६९।०४।२९ | वायुको गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ | ३१ |

## ग. उद्योग प्रतिष्ठानहरुबाट निष्काशन हुने फोहोर पानीसम्बन्धी मापदण्डहरु

| क्र.सं. | प्रकाशित मिति | मापदण्ड तथा सूचना | पेज नं. |
|---|---|---|---|
| १ | २०६९।०४।२९ | गैर अल्कोहलजन्य पेय पदार्थसम्बन्धी उद्योग | ३८ |
| २ | २०६९।०४।२९ | औषधी उत्पादन गर्ने उद्योग | ३८ |
| ३ | २०६७।०४।२७ | सरफेस फिनिसिङ (ग्याल्भनाईजिङ र इलेक्ट्रोप्लेटिङ) उद्योग | ३९ |
| ४ | २०६७।०४।२७ | पेन्टस् उद्योग | ४१ |
| ५ | २०६०।०३।०९ | दुग्ध उद्योग | ४२ |
| ६ | २०६०।०३।०९ | चिनी उद्योग | ४२ |
| ७ | २०६०।०३।०९ | सुती कपडा उद्योग | ४२ |
| ८ | २०६०।०३।०९ | साबुन उद्योग | ४३ |
| ९ | २०६०।०३।०९ | सार्वजनिक ढलहरुमा पठाउने औद्योगिक एफ्ल्युएन्टको लागि घटीबढी सीमा | ४३ |
| १० | २०६०।०३।०९ | संयुक्त फोहोर पानी प्रशोधन प्लान्टबाट सतही पानीमा पठाउने औद्योगिक एफ्ल्युएन्टको लागि घटीबढी सीमा | ४४ |
| ११ | २०५८।०१।१७ | सतही पानीमा पठाइने औद्योगिक एफ्ल्युएन्टसम्बन्धी निर्देशक मापदण्ड | ४६ |
| १२ | २०५८।०१।१७ | छाला उद्योग | ४७ |
| १३ | २०५८।०१।१७ | ऊन प्रशोधन उद्योग | ४८ |
| १४ | २०५८।०१।१७ | फर्मेन्टेशन उद्योग | ४८ |
| १५ | २०५८।०१।१७ | वनस्पति, घ्यू तथा तेल उद्योग | ४८ |
| १६ | २०५८।०१।१७ | पेपर र पल्प उद्योग | ४८ |

**घ. ध्वनिको गुणस्तरसम्बन्धी मापदण्ड**


| क्र.सं. | प्रकाशित मिति | मापदण्ड तथा सूचना | पेज नं |
|---|---|---|---|
| १. | २०६९।०७।१३ | ध्वनिको गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ (क्षेत्रगत र घरेलु उपकरणसहित) | ५१ |


**ङ. मन्त्रालयबाट प्रकाशित अन्य मापदण्ड तथा सूचनाहरु :**


| क्र.सं. | प्रकाशित मिति | मापदण्ड तथा सूचना | पेज नं. |
|---|---|---|---|
| १. | २०७१।१२।१८ | काठमाडौं उपत्यकामा प्लाष्टिक झोला प्रतिबन्ध लगाइएकोसम्बन्धी सूचना | ५५ |
| २ | २०७१।११।०४ | पेन्टाक्लोरोफेनोलको पैठारी, निकासी र प्रयोगमा प्रतिबन्धसम्बन्धी सूचना | ५७ |
| ३ | २०७१।०९।०७ | HCFC-22 ग्याँस प्रयोग हुने उपकरणको आयातमा प्रतिबन्ध लगाइएको र सो ग्याँसको विस्थापन दर तोकिएकोसम्बन्धी सूचना | ५८ |
| ४ | २०७१।०९।०७ | पेन्टमा लिडको मात्रा तोकिएकोसम्बन्धी सूचना | ६० |
| ५ | २०७१।०९।०७ | एस्बेस्टसको आयात, बिक्री बितरणमा प्रतिबन्ध लगाइएकोसम्बन्धी सूचना | ६० |
| ६ | २०५८।१०।२२ | पुरानो धातु पैठारी गर्नेसम्बन्धी सूचना | ६१ |
| ७ | २०५७।०४।२७ | पुरानो धातु, कपडा, प्लाष्टिक र अन्य वस्तु पैठारी गर्नेसम्बन्धी सूचना | ६२ |


**च. अन्य पुराना मापदण्ड तथा सूचनाहरु**


| क्र.सं | प्रकाशित मिति | मापदण्ड तथा सूचना | पेज नं. |
|---|---|---|---|
| १. | ०६९।०४।२९ | नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ | ६५ |
| २. | २०६४।११।१३ | ईंटा उद्योगबाट निष्काशन हुने धुँवा र चिम्नीको उचाइसम्बन्धी मापदण्ड | ७५ |
| ३. | २०६१।०९।०६ | CFC-11र CFC-12 को संयुक्त विस्थापन दर तोकिएकोसम्बन्धी सूचना | ७६ |
| ४. | २०६०।०४।१९ | वायुको गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड, २०६० | ७७ |
| ५. | २०५७।०७।२५ | सवारी साधनहरुबाट हुने वायु प्रदूषण र सवारी साधनको दर्ता तथा प्रतिबन्धसम्बन्धी सूचना | ७८ |
| ६. | २०५७।०७।०७ | नेपाल सवारी प्रदूषण मापदण्ड, २०५६ को थप व्यवस्था (एल.पी.जी. र एन.जी.द्वारा चल्ने सवारी साधनसम्बन्धी) | ७९ |
| ७. | २०५७।०६।०९ | ओजोन तहको संरक्षणसम्बन्धी व्यवस्था गरिएको सूचना | ८४ |
| ८. | २०५६।०९।१२ | नेपाल सवारी प्रदूषण मापदण्ड, २०५६ बारेको गोरखापत्रको सूचना | ८७ |
| ९ | २०५६।०९।०८ | नेपाल सवारी प्रदूषण मापदण्ड, २०५६ | ९१ |
| १० | २०५७।०१।२६ | प्लाष्टिक झोला उत्पादनसम्बन्धमा (भूल सुधार) सम्बन्धी सूचना (जारी गर्ने मन्त्रालय : उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय) | १०० |
| ११ | ०५७।०१।१९ | प्लाष्टिक झोला उत्पादनसम्बन्धी सूचना (जारी गर्ने मन्त्रालय : उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय) | १०१ |
| १२ | ०५६।१०।१० | तीन पाँग्रे सवारी साधनसम्बन्धी बैकल्पिक व्यवस्था (समय थपबारे) गरिएको सूचना | १०२ |
| १३ | ०५६।०८।१६ | डिजेलबाट संचालित तीन पाँग्रे सवारी साधनको दर्ता खारेजी र बैकल्पिक व्यवस्थासम्बन्धी सूचना | १०३ |
| १४ | ०५६।०७।१८ | डिजेलबाट संचालित तीन पाँग्रे सवारी साधनको दर्ता खारेजी र बैकल्पिक व्यवस्थासम्बन्धी सूचना | १०४ |
| १५ | ०५६।०५।१४ | टु स्ट्रोक इन्जिन भएका सवारी साधनसम्बन्धमा जारी सूचना | १०५ |

# सवारी प्रदूषणसम्बन्धी
# मापदण्ड तथा सूचनाहरू

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२)  काठमाडौं  असोज २९ गते,  २०६९ साल (संख्या २९


## भाग ५

नेपाल सरकार

## वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी नेपालमा आयात हुने ट्रयाक्टर, पावर ट्रीलर, डोजर, क्रेन, रोलर, एस्काभेटर बाहेकका सवारी साधनका सम्बन्धमा देहाय बमोजिम नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ तोकेको छ।

**नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९**

**(Nepal Vehicle Mass Emission Standard, 2069)**

**(क) पेट्रोलबाट चल्ने सवारी साधनहरु (Positive Ignition Engines) को प्रकार अनुमोदन (Type Approval) र उत्पादनको तादात्म्यता (Conformity of Production) को अधिकतम सीमाहरु**

१. छ वटासम्म सिट तथा कुल वजन २.५ टन भन्दा कम भएका सवारी साधनहरु (यात्रुवाहक कारहरु) को लागि :

१.१ पहिलो प्रकारको परीक्षण – Verifying exhaust emissions देहाय बमोजिम हुनेछ : -

| Limit Values, Grams per Kilometer | | | |
|---|---|---|---|
| Type of vehicle | Mass of Carbon monoxide (CO) | Mass of Hydrocarbon (HC) | Mass of Nitrogen Oxide (NOx) |
| Passenger Cars | 2.3 | 0.2 | 0.15 |

Note: The driving cycle adopted by the vehicle manufacturing countries in accordance with the principles of EURO III driving cycle will be accepted.

१.२ **दोस्रो प्रकारको परीक्षण** – कार्बन मोनोअक्साइड निष्काशन देहाय बमोजिम हुनेछ : -

| | |
|---|---|
| Carbon Monoxide | Limit values with catalytic converter<br>• At idle speed =0.3% by volume<br>• At increased idle speed(>2000 rpm) =0.2% by volume; and λ=1±0.03 |

१.३ **तेस्रो प्रकारको परीक्षण** – क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशनको जाँच : कुनै पनि क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशन वा उत्सर्जन हुनु हुँदैन ।

१.४ **चौथो प्रकारको परीक्षण** – वाष्पिक निष्काशनको निर्धारण : वाष्पिक निष्काशनको मात्रा प्रति परीक्षण २ ग्राम भन्दा कम हुनु पर्नेछ ।

१.५ **पाचौं प्रकारको परीक्षण** – प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना : यो परीक्षणले सडक अथवा च्यासिस डाइनामोमिटरमा चलाउँदा ८०,००० किलोमिटरसम्म टिक्न सक्ने वा ५ वर्षसम्म टिक्ने मध्ये जुन पहिला आउँछ, त्यस्तो परीक्षणलाई जनाउँछ र यसको वैकल्पिक परीक्षण गरी प्राप्त गरेको Deterioration Factor लाई मान्यता दिने सम्बन्धी व्यवस्था व्याख्यात्मक टिप्पणीको प्रकरण ५ मा उल्लेख गरे बमोजिम हुनेछ ।

१.६ **छैठौं प्रकारको परिक्षण** - "Low temperature test" देहाय बमोजिम हुनेछ : -

| **Limit Values, Grams per Kilometer** | | |
|---|---|---|
| Type of vehicle | Mass of Carbon monoxide (CO) | Mass of Hydrocarbon (HC) |
| M1 and N1 C1 I < or = 2.5 T GVW and or < or = 6 seats | 15 | 1.8 |

तर भौगोलिक विषमताको कारणले उल्लेखित परीक्षण नहुने देशमा उत्पादित सवारी साधनको हकमा यो परीक्षण लागू हुने छैन ।

२. हलुका र कुल वजन २.५ टनभन्दा वढी भएका व्यापारिक सवारी साधनहरुको लागि :

२.१ पहिलो प्रकारको परीक्षण - "Verifying exhaust emissions" देहाय बमोजिम हुनेछ : -

| Limit Values, Grams per Kilometer | | | |
|---|---|---|---|
| Type of vehicle | Mass of Carbon monoxide (CO) | Mass of Hydrocarbon (HC) | Mass of Nitrogen Oxide (NOx) |
| LCV (RM = or <1305 Kg) | 2.3 | 0.20 | 0.15 |
| LCV (1305>RM< or =1760 Kg) | 4.17 | 0.25 | 0.18 |
| LCV (RM > 1760 Kg) | 5.22 | 0.29 | 0.21 |

Note:

- The driving cycle adopted by the vehicle manufacturing countries in accordance with the principles of EURO III driving cycle will be accepted.
- RM signifies reference mass that represents unloaded vehicles with no driver and passengers but having full tank fuel with tools and spare tire adding another extra 100 Kg weight or relative weight.

२.२ दोस्रो प्रकारको परीक्षण – "Carbon Monoxide Emission" देहाय बमोजिम हुनेछ : -

| | |
|---|---|
| Carbon Monoxide | Limit values with catalytic converter<br>• At idle speed =0.3% by volume<br>• At increased idle speed(>2000 rpm) =0.2% by volume; and $\lambda$=1±0.03 |

२.३. तेस्रो प्रकारको परीक्षण – क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशनको जाँच : कुनै पनि क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशन वा उत्सर्जन हुनु हुँदैन ।

२.४ चौथो प्रकारको परीक्षण – वाष्पिक निष्काशनको निर्धारण : वाष्पिक निष्काशनको मात्रा प्रति परीक्षण २ ग्राम भन्दा कम हुनु पर्नेछ ।

२.५ पाँचौ प्रकारको परीक्षण - प्रदुषण नियन्त्रण उपकरणहरुको टिकाउपना : यो परीक्षणले सडक अथवा च्यासिस डाइनामोमटिरमा चलाउँदा ८०,००० किलोमिटरसम्म टिक्न सक्ने वा ५ वर्षसम्म टिक्ने मध्ये जुन पहिला आउँछ,

त्यस्तो परीक्षणलाई जनाउँछ र यसको वैकल्पिक परीक्षण गरी प्राप्त गरेको Deterioration Factor लाई मान्यता दिने सम्बन्धी व्यवस्था व्याख्यात्मक टिप्पणीको प्रकरण ५ मा उल्लेख गरे बमोजिम हुनेछ।

२.६ **छैठौं प्रकारको परिक्षण** "Low temperature test" देहाय बमोजिम हुनेछ : -

| **Limit Values, Grams per Kilometer** | | |
|---|---|---|
| Type of vehicle | Mass of Carbon monoxide(CO) | Mass of Hydrocarbon (HC) |
| N1 C1 II, M1> 6 Seats 2.5 T <GVW< or =3.5 T | 24 | 2.7 |
| N1 C1 IIIGVW < or = 3.5 T | 30 | 3.2 |

तर भौगोलिक विषमताको कारणले उल्लेखित परीक्षण नहुने देशमा उत्पादित सवारी साधनको हकमा यो परीक्षण लागू हुने छैन।

३. पेट्रोलबाट चल्ने दुई पाँग्रे तथा तीन पाँग्रे सवारी साधनहरुका लागि :

३.१ **पहिलो प्रकारको परीक्षण** – "Verifying exhaust emissions" देहाय बमोजिम हुनेछ : -

*For two wheelers*

| Class | **Limit Values, Grams per Kilometer** | | |
|---|---|---|---|
| | Mass of Carbon monoxide (CO) | Mass of Hydrocarbon (HC) | Mass of Nitrogen Oxide (NOx) |
| Class I (displacement <150cc) | 2.0 | 0.8 | 0.15 |
| Class II (displacement > or =150cc) | 2.0 | 0.3 | 0.15 |

Alternatively, in case of combined mass of Hydrocarbon (HC) and Nitrogen Oxide (HC+NOx) limit, the following limit values shall be accepted.

| Limit Values, Grams per Kilometer | | |
|---|---|---|
| Type of vehicle | Mass of Carbon monoxide (CO) | Combined Mass of hydro carbons and Nitrogen Oxides (HC + NOx) |
| Two Wheelers (Gasoline) | 1.00 | 1.00 |

*For three wheelers*

| Class | Limit Values, Grams per Kilometer | | |
|---|---|---|---|
| | Mass of Carbon monoxide (CO) | Mass of Hydrocarbon (HC) | Mass of Nitrogen Oxide (NOx) |
| Gasoline only | 1.0 | 0.15 | 0.65 |

**Note:** The driving cycle adopted by the vehicle manufacturing countries in accordance with the principles of EURO III driving cycle will be accepted.

३.२ **दोस्रो प्रकारको परीक्षण** – निष्काम गति (Idling speed) मा कार्बन मोनोक्साइड निष्काशन : पहिलो प्रकारको परीक्षणको लागि उपयुक्त परिस्थितिमा इन्जिन निष्काम गतिमा रहँदा निस्केको धुवाँजन्य ग्याँसमा कार्बन मोनोअक्साइडको परिमाण आयतनको आधारमा (by volume) ३.५ % नाघ्नु हुदैन ।

३.३ **तेस्रो प्रकारको परीक्षण** – क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशनको जाँच : कुनै पनि क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशन वा उत्सर्जन हुनु हुँदैन ।

३.४ **चौथो प्रकारको परीक्षण** – वाष्पिक निष्काशनको निर्धारण : वाष्पिक निष्काशनको मात्रा प्रति परीक्षण २ ग्राम भन्दा कम हुनु पर्नेछ ।

३.५ **पाँचौ प्रकारको परीक्षण** - प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना : सडक अथवा च्यासिस डाइनामोमटिरमा चलाउँदा ३०,००० किलोमिटर सम्म टिक्न सक्ने वा पाँच वर्षसम्म टिक्ने मध्ये जुन पहिला आउँछ, त्यस्तो परीक्षणलाई जनाउँछ र यसको वैकल्पिक परीक्षण गरी प्राप्त गरेको

Deterioration Factor लाई मान्यता दिने सम्बन्धी व्यवस्था व्याख्यात्मक टिप्पणीको प्रकरण ५ मा उल्लेख गरे बमोजिम हुनेछ।

तर युरो ३ समानस्तरका मापदण्ड लागू भए तापनि उल्लेखित ३.१ देखि ३.५ सम्मका सबै परीक्षण लागू नहुने देशमा उत्पादन भै आयात हुने सवारी साधनको हकमा जुन जुन परीक्षण लागू भएका छन् तत्तत् परीक्षण मात्र लागू हुनेछ।

## (ख) डिजेलबाट चल्ने सवारी साधनहरु (Compression Ignition Engines) को प्रकार अनुमोदन (Type Approval) र उत्पादनको तादात्म्यता (Conformity of Production) को अधिकतम सीमाहरु

१. छ सिटसम्म र कुल वजन २.५ टन भन्दा कम भएका यात्रुवाहक कारहरुका लागि :

१.१ **पहिलो प्रकारको परीक्षण** – "Verifying exhaust emissions" देहाय बमोजिम हुनेछ : -

| Limit Values, Grams per Kilometer | | | | |
|---|---|---|---|---|
| Type of vehicle | Carbon monoxide (CO) | Hydrocarbon (HC) and Nitrogen Oxide (HC+NOx) | Nitrogen Oxide NOx | PM |
| Passenger Car | 0.64 | 0.56 | 0.50 | 0.05 |

**Note:** The driving cycle adopted by the vehicle manufacturing countries in accordance with the principles of EURO III driving cycle will be accepted.

१.२ **दोस्रो प्रकारको परीक्षण**–"Smoke Opacity Test" देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| Smoke Opacity Test | Free acceleration from idling to cut offspeed.<br>• If Naturally aspirated : < or = 2.5 per meter<br>• If turbo charged: < or = 3.0 per meter |

१.३ **तेस्रो प्रकारको परीक्षण** – क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशनको जाँच : कुनै पनि क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशन वा उत्सर्जन हुनु हुँदैन।

१.४ **चौथो प्रकारको परीक्षण** – वाष्पिक निष्काशनको निर्धारण : वाष्पिक निष्काशनको मात्रा प्रति परीक्षण २ ग्राम भन्दा कम हुनु पर्नेछ ।

१.५ **पाँचौ प्रकारको परीक्षण** - प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना : यो परीक्षणले सडक अथवा च्यासिस डाइनामोमिटरमा चलाउँदा ८०,००० किलोमिटरसम्म टिक्न सक्ने वा पाँच वर्षसम्म टिक्ने मध्ये जुन पहिला आउँछ, त्यस्तो परीक्षणलाई जनाउँछ र यसको वैकल्पिक परीक्षण गरी प्राप्त गरेको Deterioration Factor लाई मान्यता दिने सम्वन्धी व्यवस्था व्याख्यात्मक टिप्पणीको प्रकरण ५ मा उल्लेख गरे बमोजिम हुनेछ ।

तर युरो ३ समानस्तरका मापदण्ड लागू भए तापनि उल्लेखित १.१ देखि १.५ सम्मका सबै परिक्षण लागू नहुने देशमा उत्पादन भै आयात हुने सवारी साधनको हकमा जुन जुन परीक्षण लागू भएका छन् तत्‌तत् परीक्षण मात्र लागू हुनेछ ।

२. कुल तौल २.५ टन भन्दा वढीको हलुका व्यापारिक सवारी साधनका लागि :

२.१ **पहिलो प्रकारको परीक्षण** – "Verifying exhaust emissions" देहाय बमोजिम हुनेछ : -

| Limit Values, Grams per Kilometer | | | | |
|---|---|---|---|---|
| Type of vehicle | Mass of Carbon monoxide (CO) | Combined Mass of Hydrocarbon (HC) and Nitrogen Oxide (HC+NOx) | Mass of Nitrogen Oxide (NOx) | Mass of Particulate Matters (PM) |
| LCV (RM= or <1305 Kg) | 0.64 | 0.56 | 0.50 | 0.05 |
| LCV (1305>RM< or = 1760 Kg) | 0.80 | 0.72 | 0.65 | 0.07 |
| LCV (RM>1760 Kg) | 0.95 | 0.86 | 0.78 | 0.10 |

**Note:**

- The driving cycle adopted by the vehicle manufacturing countries in accordance with the principles of EURO III driving cycle will be accepted.
- RM signifies reference mass that represents unloaded vehicles with no driver and passengers but having full tank fuel with tools and spare tire adding another extra 100 Kg weight or relative weight.

२.२ **दोस्रो प्रकारको परीक्षण** – "Smoke Opacity Test" देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| Smoke Opacity Test for diesel vehicle | Free acceleration from idling to cut off speed:<br>• If Naturally aspirated : < or = 2.5 per meter<br>• If turbo charged : < or = 3.0 per meter |

२.३ **तेस्रो प्रकारको परीक्षण** – क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशनको जाँच : कुनै पनि क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशन वा उत्सर्जन हुनु हुँदैन ।

२.४ **चौथो प्रकारको परीक्षण** - वाष्पिक निष्काशनको निर्धारण: वाष्पिक निष्काशनको मात्रा प्रति परीक्षण २ ग्राम भन्दा कम हुनु पर्नेछ ।

२.५ **पाँचौ प्रकारको परीक्षण** – प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना : यो परीक्षणले सडक अथवा च्यासिस डाइनामोमिटरमा चलाउँदा ८०,००० किलोमिटरसम्म टिक्न सक्ने वा पाँच वर्षसम्म टिक्ने मध्ये जुन पहिला आउँछ, त्यस्तो परीक्षणलाई जनाउँछ र यसको वैकल्पिक परीक्षण गरी प्राप्त गरेको Deterioration Factor लाई मान्यता दिने सम्बन्धी व्यवस्था व्याख्यात्मक टिप्पणीको प्रकरण ५ मा उल्लेख गरे बमोजिम हुनेछ ।

तर युरो ३ समानस्तरका मापदण्ड लागू भए तापनि उल्लेखित २.१ देखि २.५ सम्मका सबै परिक्षण लागू नहुने देशमा उत्पादन भै आयात हुने सवारी साधनको हकमा जुन जुन परीक्षण लागू भएका छन् तत्तत् परीक्षण मात्र लागू हुनेछ ।

३. कुल तौल ३.५ टन भन्दा वढीको भारी सवारी साधनका लागि :

३.१ **पहिलो प्रकारको परीक्षण** - "Verifying exhaust emissions after a cold start" देहाय बमोजिम हुनेछ : -

| **Limit Values, Grams per Kilowatt hour** | | | | **per meter** |
|---|---|---|---|---|
| Mass of Carbon monoxide(CO) | Mass of Hydrocarbon (HC) | Mass of Nitrogen Oxide (NOx) | Mass of Particulate Matters (PM) | Smoke |
| 2.1 | 0.66 | 5.0 | 0.10/0.13** | 0.80 |

**Note:** The driving cycle adopted by the vehicle manufacturing countries in accordance with the principles of EURO III driving cycle will be accepted.

**If the volume swept by the engine is lesser than 0.75 liter per cylinder and a rated power speed of more than 3,000 RPM, then the maximum m PM emission level is 0.13g/khz.

३.२ **दोस्रो प्रकारका परीक्षण** – "Smoke Opacity Test" देहाय बमोजिम हुनेछ:-

| | |
|---|---|
| Smoke opacity test for diesel vehicle | Free acceleration from idling to cut off speed<br>• If Naturally aspirated: < or = 2.5 per meter<br>• If turbo charged: < or = 3.0 per meter |

३.३ **तेस्रो प्रकारको परीक्षण** - क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशनको जाँच : कुनै पनि क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशन वा उत्सर्जन हुनु हुँदैन ।

३.४ **चौथो प्रकारको परीक्षण** - वाष्पिक निष्काशनको निर्धारण : वाष्पिक निष्काशनको मात्रा प्रति परीक्षण २ ग्राम भन्दा कम हुनु पर्नेछ ।

३.५ **पाँचौ प्रकारको परीक्षण** – प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना : यो परीक्षणले सडक अथवा च्यासिस डाइनामोमिटरमा चलाउँदा ८०,००० किलोमिटरसम्म टिक्न सक्ने वा पाँच वर्षसम्म टिक्ने मध्ये जुन पहिला आउँछ, त्यस्तो परीक्षणलाई जनाउँछ र यसको वैकल्पिक परीक्षण गरी प्राप्त गरेको Deterioration Factor लाई मान्यता दिने सम्बन्धी व्यवस्था व्याख्यात्मक टिप्पणीको प्रकरण ५ मा उल्लेख गरे बमोजिम हुनेछ ।

तर युरो ३ समानस्तरका मापदण्ड लागू भएतापनि उल्लेखित ३.१ देखि ३.५ सम्मका सबै परिक्षण लागू नहुने देशमा उत्पादन भै आयात हुने सवारी साधनको हकमा जुन जुन परीक्षण लागू भएका छन् तत्तत् परीक्षण मात्र लागू हुनेछ ।

## व्याख्यात्मक टिप्पणी

१. प्रकार अनुमोदन (Type Approval) : धेरैजसो मुलुकहरुले सवारी साधन निर्माताबाट बिक्री गरिएको नयाँ सवारी साधन उपयुक्त प्रदूषण मापदण्डहरु पूरा गर्न सक्षम छ भन्ने कुरा दर्शाउन प्रमाणीकरण वा प्रकारको अनुमोदन चाहन्छन् । सामान्यत: प्रकार अनुमोदनमा योजनाबद्ध ढंगबाट उत्पादित सवारी साधनहरुमध्येबाट प्रतिनिधित्व हुने गरी नमूना (prototype) सवारी साधनहरुको प्रदूषण निष्काशनको परीक्षण गरिन्छ । यूरोपियन समुदाय तथा जापानी नियम अनुसार यसको पालना केवल नयाँ सवारी साधनहरुको

लागि मात्र आवश्यक मानिन्छ। अमेरिकी नियम अनुसार सवारी साधनहरुले यस्ता प्रदूषण मापदण्डहरु निर्माण स्पेसिफिकेसन अनुसार मर्मत सम्भार गरि एको अवस्थामा तिनीहरुको सञ्चालन अवधिभर पालन गर्नु पर्दछ। प्रमाणीकर ण वा प्रकार अनुमोदनले समूहगत उत्पादन (mass production) हुनु पूर्व नै सवारी साधनहरुको डिजाइनलाई प्रभावित तुल्याउँछ। निर्माताहरुले यथार्थमा उत्पादन शुरु हुनु अगावै समस्याहरु पहिचान गर्न र सुल्झाउन सक्ने हुनाले यो बढी लागत-प्रभावी (cost effective) हुन्छ ।

२. सवारी साधनको अनुमोदन (Approval of a Vehicle) : सवारी साधन निमार्ताहरुले धुवाँ निष्काशन, वाष्पिक निष्काशन र प्रदुषण नियन्त्रण उपकर णहरुको टिकाउपनासंग सम्बन्धित परीक्षण गर्ने जिम्मेवार निकाय समक्ष सवारी साधनको प्रकार अनुमोदनको लागि आवदेन दिन्छन् । अनुमोदनको लागि प्रस्तुत आवेदन पत्रमा इन्जिनको सबै व्यहोरा, जलन कक्ष (combustion chamber) र पिस्टनको नक्सा सहितको विवरण, वाष्पिक नियन्त्रण प्रणाली (Evaporative Control System) को विवरण, सवारी साधनको व्यहोरा, प्रदूषण नियन्त्रण उपकरणहरुको विवरण आदि विषयहरु विस्तृत रुपमा समाविष्ट हुन्छन् । अनुमोदनको लागि पेश हुन आएको सवारी साधनको प्रकारले उल्लिखित विभिन्न किसिमका परीक्षणका शर्तहरु पूरा गरेमा मात्रै त्यस्तो साधनलाई अनुमति प्रदान गरिन्छ ।

३. उत्पादनको तादात्म्यता (Conformity of Production): उत्पादनको तादात्म्यता भनेको जडान रेखा परीक्षण प्रणाली (assembly line testing system) हो। जडान रेखा परीक्षणका उद्देश्यहरु नियमन गर्ने अधिकारीहरुलाई प्रमाणित गरी उत्पादन गरिएका तर (तिनको हकमा लागू हुने) निष्काशन मापदण्ड पूरा नगरेका सवारी साधनहरुको पहिचान गर्न सक्षम तुल्याउनु, समस्या सुल्झाउनको लागि उपचारात्मक उपायहरु अवलम्वन गर्नु (जस्तै प्रमाणीकरण रद्द गर्नु तथा सवारी साधनहरुलाई प्रत्याह्वान गर्नु) र मापदण्ड पालना नगर्ने सवारी साधनहरुको निर्माणलाई निरुत्साहित गर्नु हुन्।

यो परीक्षणले बृहत् परिमाणमा उत्पादित सवारी साधनहरुले प्रमाणीकरणमा निश्चित डिजाइनहरु उत्पादनको अवस्थामा सन्तोषजनक

ढंगले रुपान्तरित भएका छन् भन्ने विषयमा थप सुनिश्चितता प्रदान गर्दछ। साथै उत्पादन पश्चात् प्रयोगमा आउने सवारी साधनहरु उत्पादनको प्रक्रियामा डिजाइन अनुसार निर्धारित गुणस्तर अनुरुप नै जडान रेखामा उत्पादन भएको पनि सुनिश्चितता प्रदान गर्दछ। प्रकारको अनुमोदन नमूना सवारी साधन वा सवारी साधनको डिजाइनमा आधारित हुन्छ तर उत्पादनको तादात्म्यताले यथार्थमा उत्पादन भैसकेका सवारी साधनहरुबाट निष्काशित प्रदूषण मापन गर्दछ। यूरोपियन युनियनद्वारा निर्धारित शर्तहरु अनुसार माथि उल्लिखित सवै किसिमका परीक्षणहरु पूरा गरी प्रकार अनुमोदनको चिन्ह प्राप्त गरी सिलसिलेवार रुपमा उत्पादित सवारी साधनहरुको पर्याप्त संख्यामा छड्के जाँच गरिन्छ।

४. सवारी साधनहरुको वर्गीकरण : युरोपियन युनियनले अपनाएको सवारी साधनको वर्गीकरण देहाय बमोजिम रहेको छः-

| Category | Description | Sub-Category | Number of Persons | Mass Limit | |
|---|---|---|---|---|---|
| M | Carriage of Passengers minimum 4 wheels | M1 | Up to 9 persons | GVW=3500kg* | |
| | | M2 | Over 9 persons | GVW=5000kg | |
| | | M3 | | 5000 kg <GVW | |
| N | Carriage of Goods minimum 4 wheels | N1 C1 I | NA | Max GVW=3500 kg | RM=1305kg |
| | | N1 C1 II | | | 1305kg<RM=1706kg |
| | | N1 C1 III | | | 1706kg<RM=3500kg |
| | | N2 | | 3500kg<GVW=12000kg | |
| | | N3 | | 12000 kg<GVW | |

* Until EURO 4, M1 two sub groups, M1 with GVW d•2500kg; M1 with 2500kg < GVWd• 3500kg

५. **पाँचौ प्रकारको परीक्षण :** माथि उल्लेखित सबै प्रकारका सवारी साधनको पाँचौ प्रकारको परिक्षणमा उत्पादकले देहाय बमोजिम वैकल्पिक परीक्षण गरी प्राप्त गरेको Deterioration Factor लाई समेत मान्यता दिइनेछ ।

| Deterioration Factor (DF) | | | | | | |
|---|---|---|---|---|---|---|
| SN | Vehicle Category M and N with GVW not Exceeding 3.5 T | Mass of Carbon monoxide (CO) | Mass of Hydrocarbon (HC) | Combined Mass of hydro carbons and Nitrogen Oxides (HC + NOx) | Mass of Nitrogen Oxide (NOx) | Mass of Particulate Matters (PM) |
| 1 | Positive Ignition Gasoline Vehicles | 1.2 | 1.2 | Not Applicable | 1.2 | Not Applicable |
| 2 | Two Wheelers and Three Wheelers Gasoline | 1.2 | Not Applicable | 1.2 | Not Applicable | Not Applicable |
| 3 | Compression Ignition Diesel Vehicles | 1.1 | Not Applicable | 1.0 | 1.0 | 1.2 |

यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि युरो - ३ समानस्तरका आ-आफ्ना देशमा प्रचलित न्यूनतम परीक्षण विधि पूरा गरी आयात हुने जुनसुकै मुलुकमा उत्पादित सवारी साधनलाई समेत यस मापदण्ड बमोजिम आयात गर्न बाधा परेको मानिनेछैन ।

खण्ड ६२, संख्या १९, मिति २०६९।०४।२९ को नेपाल राजपत्र भाग ५ मा यस मन्त्रालयको सूचना ३ मा प्रकाशित नेपाल सवारी प्रदुषण मापदण्ड, २०६९ खारेज गरिएको छ ।

आज्ञाले,

कृष्ण ज्ञवाली

नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ५०) काठमाडौं, कात्तिक ७ गते २०५७ साल (अतिरिक्ताङ्क ३८ (छ)**


## भाग ३

**नेपाल सरकार**

**जनसंख्या तथा वातावरण मन्त्रालयको**

### सूचना २

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यभरी सञ्चालनमा रहने ग्याँस (LPG वा CNG) चालित सबै प्रकारका सवारी साधनहरुबाट निस्कने धुवाँमा कार्बन मोनोअक्साइडको मात्रा (CO by volume) बढिमा ३% तोकिएको र ग्याँस तथा पेट्रोलद्वारा सञ्चालित सवारी साधनहरुका लागि हाइड्रोकार्बन (HC) को मात्रा चार पाङ्ग्रे सवारी साधनहरुको हकमा १००० PPM तथा तीन पाङ्ग्रे र दुई पाङ्ग्रे सवारी साधनहरुको हकमा ७८०० PPM को सीमाभित्र रहेको हुनुपर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
डा.गोविन्दराज भट्ट
नेपाल सरकारको सचिव

आफ्नो सवारी साधनको नियमित मर्मत सम्भार गरौं । सवारी प्रदुषणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

आफ्नो सवारी साधनको नियमित मर्मत सम्भार गरौं । सवारी प्रदुषणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

**नेपाल सरकार**

# निर्माण तथा यातायात मन्त्रालय

**यातायात व्यवस्था विभागको**

## सवारी आवागमनमा निषेध बारेको सूचना

नेपाल सरकारको निर्णय अनुसार सवारी साधनहरुबाट निस्कने धुँवा प्रदुषण नियन्त्रण गर्नका लागि २०५३ जेष्ठ २३ गते देखि उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट सवारी साधनको धुँवा प्रदुषण जाँच कार्य हुँदै आइरहेकोमा तोकिएको मापदण्ड भित्र नपरेका रातो स्टिकर पाएका वा सवारी नै जाँच नगराएका २ पाङ्गे बाहेकका सबै सवारी साधनहरुलाई २०५५ साल आषाढ १ गते देखि थप निम्न स्थानहरुमा सवारी आवागमनमा निषेध गरिएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

धुँवा प्रदुषण जाँच गराउने प्रयोजनको लागि मात्र रातो स्टिकर पाएका तथा प्रदुषण जाँच गराउन जाने सवारी साधनलाई भद्रकाली सिंहदरबार हुँदै ट्राफिक प्रहरी कार्यालय सम्म मात्र प्रवेश गर्न रोक नलगाइएको व्यहोरा समेत जानकारी गराइन्छ ।

**०५३ साल कार्तिक १५ गते देखि सवारी आवागमनमा निषेध गरिएका स्थानहरु :**

१. सिंहदरबार श्री ५ पृथ्वीनारायण शाहको सालीक देखि पुतली सडक चोक हुँदै कमलादी चोक (इन्द्र बुड हाउस) सम्म ।

२. एयरपोर्ट चोक (रिङ्गरोड बाट एयरपोर्ट जाने स्थान) देखि एयरपोर्ट क्षेत्र भित्र सम्म ।

**०५५ साल आषाढ १ गते देखि सवारी आवागमनमा थप निषेध गरिने स्थानहरु :**

१. दरबार मार्गको स्व. श्री ५ महेन्द्रको शालिक देखि राजदरबारको दक्षिण मुल ढोका सम्म ।

२. नयाँ सडकको ढोका देखि जुद्ध शम्शेरको सालिक सम्म ।

३. त्रिदेवी मार्ग ।

४. इन्द्रचोक देखि ठहिटी हुँदै ठमेलसम्म ।

५. काठमाडौं महानगरपालिका, ललितपुर उप-नगरपालिका तथा भक्तपुर नगरपालिकाका दरबार स्क्वायर क्षेत्रहरु ।

# नेपाल राजपत्र

**नेपाल सरकारद्वारा प्रकाशित**

**खण्ड ४७) काठमाडौं, पुस २८ गते २०५४ साल (अतिरिक्ताङ्क ४९)**


## भाग ४

**नेपाल सरकार**

### निर्माण तथा यातायात मन्त्रालयको

**सूचना**

नेपाल सरकारले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही उपदफाको खण्ड (ग) को प्रयोजनको लागि काठमाडौं उपत्यकामा चल्ने देहायका सवारी साधनको देहायबमोजिम प्रदूषण मापदण्ड कायम गर्ने गरी तोकेको छ ।

**१. पेट्रोलबाट चल्ने सवारी :**

(क) सन् १९८० सम्म उत्पादन भएका चार पाङ्ग्रे सवारी साधनको प्रदूषण सीमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम ४.५ प्रतिशत (By Volume) हुनुपर्ने ।

(ख) सन् १९८१ वा त्यसभन्दा पछि उत्पादन भएका सवारी साधनमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम ३ प्रतिशत (By Volume) हुनुपर्ने ।

(ग) तीन पाङ्ग्रे सवारीको हकमा सन् १९९१ सम्ममा उत्पादन भएका सवारी साधनमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम ४.५ प्रतिशत (By Volume) हुनुपर्ने ।

(घ) दुई पाङ्ग्रे सवारी साधनको हकमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम ४.५ प्रतिशत (By Volume) हुनुपर्ने ।

**२. डिजलबाट चल्ने सवारीको हकमा :**

(क) सन् १९९४ सम्ममा उत्पादन गरिएका सबै किसिमका डिजल सवारी साधनका लागि सवारीको धुँवाको घनत्व (Smoke Density) अधिकतम ७५ **H.S.U.** हुनुपर्ने ।

(ख) सन् १९९५ वा सोभन्दा पछि उत्पादन भएका सवारी साधनको लागि सवारीको धूवाँको घनत्व (Smoke Density) अधिकतम ६५ **H.S.U.** हुनुपर्ने ।

उपरोक्त उल्लिखित मापदण्ड दुई पाङ्ग्रे सवारी साधनको हकमा २०५५ साल श्रावण १ गतेदेखि र दुई पाङ्ग्रे बाहेकको अन्य सवारी साधनको हकमा २०५४ साल माघ १ गतेदेखि लागू हुनेछ । खण्ड ४४, संख्या १६, मिति २०५१/४/१७ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
हिरण्यलाल रेग्मी
नेपाल सरकारको सचिव

# वायु गुणस्तर तथा धुवाँसम्बन्धी मापदण्डहरू

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) संख्या ५२ नेपाल राजपत्र भाग ५ मिति २०७४।१०।८


## नेपाल सरकार

## जनसंख्या तथा वातावरण मन्त्रालयको सूचना

नेपाल सरकार, जनसंख्या तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी ईटा उद्योगबाट निस्कने धुवाँ तथा चिम्नीको उचाइका सम्बन्धमा देहाय बमोजिमको मापदण्ड लागू गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### ईटा उद्योगबाट निस्कने धुवाँ तथा चिम्नीको उचाई सम्बन्धी मापदण्ड
### (Standard on Emission and Stack Height for Brick Industry)

| S.N. | Types of Kiln | Suspended Particular Matter (Maximum limit) ($mg/Nm^3$) | Height of Stack (Minimum limit) (meter) |
|---|---|---|---|
| 1 | Bull's Trench Kiln, Forced Draft (Fixed Chimney) | 350 | 17 |
| 2 | Bull's Trench Kiln, Natural Draft (Fixed Chimney) | 500 | 30 |
| 3 | Hoffmann Kiln, Forced Draft | 350 | 17 |
| 4 | Hoffman Kiln, Natural Draft | 500 | 30 |
| 5 | Vertical Shaft Brick Kiln (VSBK) | 250 | 15 |
| 6 | Hybrid Hoffmann Kiln (HHK) | 200 | 7 |
| 7 | Tunnel Kiln | 100 | 10 |

**NOTES:**

1. Emission sample shall represent both charging and non-charging conditions.
2. Particulate matter (PM) results to be normalized at 4 % $CO_2$ as below
   PM (normalized) = (PM (Measured) X 4%)/measured $CO_2$
3. Sampling port shall be located at the height more than 2 times a chimney diameter (inner diameter of chimney at the base) from upper surface of duct. For the rectangular cross section the equivalent diameter (De) will be calculated from the following equation to determine upstream distance.
   De = 2LW/(L+W)
   Where L= length and W = width
4. Above standard shall be applicable for all kind of fuel.

खण्ड ५७, संख्या ४५, मितिं ०६४1११1१३ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालीन वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको ईटाको उद्योगहरुबाट निष्काशन हुने धुवाँ तथा चिम्नीको उचाईको मापदण्ड सम्बन्धी सूचना खारेज गरिएको छ।

आज्ञाले,
प्रकाश माथेमा
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४ संख्या ३० नेपाल राजपत्र भाग ५ मिति २०७१।९।७

## भाग ५

नेपाल सरकार

## विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको

### सूचना २

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी नेपालमा सञ्चालन हुने इन्सिनिरेटरहरुको लागि देहाय बमोजिमको मापदण्ड तोकेकोले यो सूचना प्रकाशन गरिएको छ:

१. इन्सिनिरेटरको सञ्चालन, सञ्चालनबाट निष्काशन हुने धुवाँ तथा चिम्नीको उचाई (Chimney Height and Emission for Incinerator):

| S.N. | Parameters | Unit | Limit | Remarks |
|---|---|---|---|---|
| 1. | Chimney Height from the ground level | Meter (m) | Higher than 11 | The chimney should be higher than height of the existing surrounding houses |

| | | | | |
|---|---|---|---|---|
| 2. | Suspended Particulate Materials (SPM) at 11% Oxygen ($O_2$) reference | Milligram per Normal Cubic Meter ($mg/Nm^3$) | 50 | |
| 3. | Carbon monoxide (CO) | Milligram per Normal Cubic Meter ($mg/Nm^3$) | 50 | |
| 4. | Total organic carbon (TOC) | Milligram per Normal Cubic Meter ($mg/Nm^3$) | 20 | |
| 5. | Dioxin/Furan | Nano gram per Toxic Equivalent per Normal Cubic Meter ($ng/TEQ/Nm^3$) | 0.1 | |
| 6. | Hydrochloric acid (HCl) | Milligram per Normal Cubic Meter ($mg/Nm^3$) | 50 | |
| 7. | Hydrogen fluoride (HF) | Milligram per Normal Cubic Meter ($mg/Nm^3$) | 4 | |
| 8. | Oxides of Sulphur ($SO_x$) | Part per Million (ppm) | 200 | |
| 9. | Oxides of Nitrogen ($NO_x$) | Part per Million (ppm) | 250 | |
| 10. | Lead (Pb), Same for Chromium (Cr), Beryllium (Be), Argon (Ar), Arsenic (As), Antimony (Sb), Barium (Ba) | Milligram per Normal Cubic Meter ($mg/Nm^3$) | 1 | |
| 11. | Cadmium (Cd) Same for Thorium (Th) | Milligram per Normal Cubic Meter ($mg/Nm^3$) | 0.05 | |
| 12. | Mercury (Hg) and its compounds | Milligram per Normal Cubic Meter ($mg/Nm^3$) | 0.05 | |

२. The temperature must be maintained at least 1100 $^{0}$C for incinerating halogenated (Fluorinated, Chlorinated and Brominated) compounds, and retention time shall be 2-3 seconds

३. Temperature monitoring devices, firing nozzles and water spraying system of the wet- scrubber should be maintained properly.

४. Only trained operators should be allowed to operate such incinerator.

आज्ञाले,
महेन्द्र मान गुरुङ्ग
नेपाल सरकारको नि.सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं कात्तिक १३ गते, २०६९ साल (संख्या ३०

नेपाल सरकार

## वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको

### सूचना २

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम सिमेण्ट र क्रसर उद्योगबाट निष्काशन भई हावामा जाने धुलो सम्बन्धी मापदण्ड तोकेको छ:-

**(क) सिमेन्ट उद्योगको हकमा:**

| गुणहरु | उत्सर्जन सीमा |
|---|---|
| ***Compulsory*** | |
| Total Suspended Particulate Matter | Less than 500 $\mu g/Nm^3$ |

| नमूना संकलन विधि | परिक्षण विधि | सन्दर्भ (Reference) |
|---|---|---|
| नमूना संकलन विन्दु सिमेन्ट उद्योगको पर्खाल रहेको ठाउँ हुनेछ जुन हावाको वहाव रहेको दिशातर्फ उत्सर्जनको स्रोतबाट ३००-५०० मिटरसम्म हुनु पर्नेछ। | Gravimetric | IS 11255 (Part one) |

(ख) क्रसर उद्योगको हकमा:

| गुणहरु | उत्सर्जन सीमा |
|---|---|
| ***Compulsory*** | |
| Total Suspended Particulate Matter | Less than 600 μg/Nm³ |

| नमूना संकलन विधि | परीक्षण विधि | सन्दर्भ (Reference) |
|---|---|---|
| नमूना संकलन विन्दु कसर उद्योगको नियन्त्रित विन्दु (Controlled Point) बाट १० देखि ४० मिटरसम्म हुनुपर्दछ । स्क्रिनिङ (Screening) इकाइलाई नियन्त्रित विन्दु तथा नमूना संकलनको केन्द्रविन्दु मानिनेछ । | Gravimetric | IS 11255 (Part one) |

$\mu g/Nm^3$ एकाइ भन्नाले साधारण (Normal) चाप र तापक्रममा प्रति घन मिटर आयतनमा जम्मा हुने Particulate Matter को Microgram परिमाणलाई जनाउँछ ।

सिमेन्ट र क्रसर उद्योगहरुले माथि उल्लेखित सीमाको अधीनमा रहनु पर्नेछ र उद्योग परिसर भित्र देहाय बमोजिमका व्यवस्थाहरु मिलाउनु पर्नेछ :-

(क) उपकरणहरुमा धुलो धारण प्रणाली (Dust Containment) तथा धुलो उन्मूलन/नियन्त्रण सम्बन्धी (Dust Suppression) प्रणाली जडान गर्नु पर्नेछ ।

(ख) हावालाई विस्थापन गर्ने पर्खालहरु (Wind Breaking Walls) निर्माण गर्नु पर्नेछ ।

(ग) उद्योगको क्षेत्रभित्र धातुले बनेको सडक (Metallic Road) निर्माण गर्नु पर्नेछ ।

(घ) उद्योग क्षेत्रभित्र नियमित रुपमा सरसफाइ गर्न पर्नेछ र सतह पखाल्नु पर्नेछ ।

(ङ) उद्योग वरिपरि हरित पेटी (Green Belt) निर्माण गर्नु पर्नेछ ।

## सूचना ३

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम डिजेल जेनेरेटरबाट निष्काशन भई हावामा जाने धुवाँ सम्बन्धी मापदण्ड तोकेको छ :-

**(१) पैठारी गरिने नयाँ डिजेल जेनेरेटरबाट निष्काशन भई हावामा जाने धुवाँको लागि उत्सर्जन सीमा (g/kWh)**

| Category_(kW) | CO | HC + NOx | PM |
|---|---|---|---|
| kW < 8 | 8.00 | 7.50 | 0.80 |
| 8 = kW < 19 | 6.60 | 7.50 | 0.80 |
| 19 = kW < 37 | 5.50 | 7.50 | 0.60 |
| 37 = kW < 75 | 5.00 | 4.70 | 0.40 |
| 75 = kW < 130 | 5.00 | 4.00 | 0.30 |
| 130 = kW < 560 | 3.50 | 4.00 | 0.20 |

**द्रष्टव्य** : यो मापदण्ड युरो III अथवा भारत III संग समानस्तरमा रहेको छ ।

**(२) हाल सञ्चालनमा रहेका डिजेल जेनेरेटरबाट निष्काशन भई हावामा जाने धुवाँको लागि उत्सर्जन सीमा (g/kWh)**

| Category (kW) | CO | HC | NOx | PM |
|---|---|---|---|---|
| kW < 8 | 8.00 | 1.30 | 9.20 | 1.00 |
| 8 = kW < 19 | 6.60 | 1.30 | 9.20 | 0.85 |
| 19 = kW < 37 | 6.50 | 1.30 | 9.20 | 0.85 |
| 37 = kW < 75 | 6.50 | 1.30 | 9.20 | 0.85 |
| 75 = kW < 130 | 5.00 | 1.30 | 9.20 | 0.70 |
| 130 = kW < 560 | 5.00 | 1.30 | 9.20 | 0.54 |

**द्रष्टव्य** : यो मापदण्ड युरो II अथवा भारत II संग समानस्तरमा रहेको छ ।

(क) नमूना संकलन विन्दु डिजेल जेनेरेटरको चिम्नीको उचाईको एक तृतीयांश भागसम्म हुनु पर्नेछ ।

(ख) KW= Power Factor × KVA

(ग) परीक्षण विधि : ISO 8178 मा तोकिए अनुसार वा जेनेरेटर उत्पादन गर्ने देशले निर्धारण गरेको ISO 8178 समानस्तरको विधि हुनु पर्नेछ ।

## सूचना ४

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम उद्योग/प्रतिष्ठानहरुमा जडान भएका ब्वाइलरको सञ्चालनबाट निष्काशन हुने धुवाँ तथा चिम्नीको उचाइ सम्बन्धी मापदण्ड तोकेको छ :-

**(क) औद्योगिक ब्वाइलरको सञ्चालनबाट निष्काशन हुने धुवाँ सम्बन्धी मापदण्ड (Standard on Emission for Industrial Boiler)**

| ब्वाइलरको वाफ उत्पादन क्षमता (Steam generation capacity of Boiler) (Kg/hour मा) | प्रदूषक (Pollutant) | उत्सर्जन सीमा ($mg/Nm^3$मा) |
|---|---|---|
| Less than 2000 | Particulate matter | 1200* |
| 2000 to less than 10000 | | 800* |
| 10000 to less than 15000 | | 600* |
| 15000 and above | | 150** |

| नमूना संकलन विधि | परीक्षण विधि | सन्दर्भ (Reference) |
|---|---|---|
| नमूना संकलन विन्दु जमिनको सतहदेखि औद्योगिक ब्वाइलरको चिम्नीको एक तृतीयांश भागसम्म हुनु पर्नेछ । | Gravimetric | IS 11255 (Part one) |

* नियन्त्रित उपकरणका रुपमा औद्योगिक ब्वाइलरसंगै साइक्लोन (Cyclone)/मल्टिसाइक्लोन(Multi-cyclone) हुनु पर्नेछ ।

** नियन्त्रित उपकरणका रुपमा औद्योगिक ब्वाइलरसंगै ब्याग फिल्टर (Bag filter) /इलेक्ट्रोस्टाटिक प्रिसिपिटेटर (Electro Static Precipitator, ESP) हुनु पर्नेछ ।

Particulate Matter उत्सर्जनको मात्रा $mg/Nm^3$ मा गणना गर्दा $CO_2$ सुधारको 12% (12 % of $CO_2$ Correction) लाई सन्दर्भ (Refernece ) को रुपमा लिइनेछ ।

**(ख) औद्योगिक ब्वाइलरको चिम्नीको उचाई सम्बन्धी मापदण्ड**
**(Standard on Chimney Height for Industrial Boiler)**

ठोस तथा तरल इन्धन प्रयोग गर्ने औद्योगिक ब्वाइलरको उचाई देहाय बमोजिम हुनु पर्नेछ :-

उचाई (H) = $14Q^{0.3}$

यहाँ, H = जमीनको सतहदेखि चिम्नीको पूरा उचाई,

Q = सल्फरडाइअक्साइड ($SO_2$) को उत्सर्जन दर (kg/hr. मा)

तर जुनसुकै अवस्थामा पनि चिम्नीको उचाई ११ मिटर भन्दा कम हुनु हुँदैन ।

माथिको सूत्र प्रयोग गर्दा हुन आउने चिम्नीको उचाइ कायम गर्न नसक्ने अवस्थामा पनि चिम्नीको उचाइ कम्तीमा ११ मिटर र सल्फरअक्साइडको उत्सर्जनको उच्चतम मात्रा ४०० $mg/Nm^3$ को सीमाभित्रै कायम राख्नको लागि आवश्यक पर्ने उपकरणहरु जडान गर्नु पर्नेछ ।

$mg/Nm^3$ एकाइ भन्नाले साधारण (Normal) चाप र तापक्रममा प्रति घन मिटर आयतनमा जम्मा हुने Particulate Matter को Milligram परिमाणलाई जनाउँछ ।

आज्ञाले,
कृष्ण ज्ञवाली
नेपाल सरकारको सचिव

नेपाल राजपत्र
नेपाल सरकारद्वारा प्रकाशित
खण्ड ६२ संख्या १९ नेपाल राजपत्र भाग ५ मिति २०६९।४।२९

नेपाल सरकार

## वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको

## सूचना २

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ (National Ambient Air Quality Standard,2012) तोकेको छ ।

| Parameters | Units | Averaging time | Concentration max | Test Methods |
|---|---|---|---|---|
| TSP | $\mu g/m^3$ | Annual | - | |
| | | 24-hours* | 230 | High Volume Sampling and Gravimetric Analysis |
| $PM_{10}$ | $\mu g/m^3$ | Annual | - | |
| | | 24-hours* | 120 | High Volume Sampler and Gravimetric Analysis, TOEM, Beta Attenuation |
| Sulfur Dioxide | $\mu g/m^3$ | Annual** | 50 | Ultraviolet Fluorescence, West and Gaeke Method |
| | | 24-hours* | 70 | Same as annual |
| Nitrogen Dioxide | $\mu g/m^3$ | Annual | 40 | Chemiluminescence |
| | | 24-hours* | 80 | Same as annual |
| Carbon Monoxide | $\mu g/m^3$ | 8 hours* | 10,000 | Non Dispersive Infra Red spectrophotometer (NDIR) |
| Lead | $\mu g/m^3$ | Annual** | 0.5 | High Volume Sampling, followed by atomic absorption spectrometry |
| Benzene | $\mu g/m^3$ | Annual** | 5 | Gas Chromatographic Technique |
| $PM_{2.5}$ | $\mu g/m^3$ | 24-hours* | 40 | $PM_{2.5}$ sampling gravimetric analysis |
| Ozone | $\mu g/m^3$ | 8-hours* | 157 | UV spectrophotometer |

पुनश्चः

* २४ घण्टे र ८ घण्टे मात्रा एक आर्थिक वर्षको कम्तीमा ९५% दिनहरूमा तोकिएको सीमाभित्र रहेको हुनु पर्नेछ। एक वर्षको ३६५ दिन मध्ये १८ दिनभन्दा बढी तोकिएको सीमा नाघ्नु हुँदैन। भने वर्षको कुनै पनि समय लगातार दुई दिन तोकिएको सीमा नाघ्नु हुँदैन।

**कुनै निश्चित ठाउँमा एक हप्तामा दुईपटक लगातार २४ घण्टासम्म र हप्तामा एकै समयको अन्तरमा लिइएका कम्तीमा १०४ ओटा तथ्यांकको वार्षिक औषतका आधारमा माथि उल्लेखित तृथ्यांक लिइनेछ।

**व्याख्यात्मक टिप्पणी:** Total Suspended Particles -TSP : धेरैजसो विकसित राष्ट्रहरूले Total Suspended Particles लाई नियमन नगरिकन $PM_{10}$ लाई मात्र नियमन गरेका छन्। नेपालमा स्थलगत अध्ययनबाट वायुमा TSP को मात्रा धेरै देखिएको र केही एसियाली र ाष्ट्रहरूले समेत TSP लाई समावेश गरेकोले नेपालले पनि यसलाई वायु गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्डमा समावेश गरेको छ।

$PM_{10}$: १० माइक्रोन वा सो भन्दा कम व्यास भएका कणहरूलाई $PM_{10}$ भनिन्छ। यी कणहरू स्वाश- प्रस्वाश नलीको तल्लो भागसम्म पुगन सक्छन्, जसले गर्दा स्वास्थ्यमा नकारात्मक असर पर्दछ। विभिन्न देशहरूमा तोकिएको $PM_{10}$ को मात्रा फरक फरक छन्। नेपालमा तोकिएको $PM_{10}$ को मात्रा संयुक्त राज्य अमेरिकामा तोकिएको भन्दा कम छ।

सल्फर डाइअक्साइड ($SO_2$) नाइट्रोजन डाइअक्साइड($NO_2$): वायुमा सल्फर डइअक्साइड र नाइट्रोजन डाइअक्साइडको उत्सर्जन यस मापदण्डमा तोकिएको सीमाभित्र रहेको पाइनुका साथै यो मापदण्ड हाम्रा छिमेकी राष्ट्रहरूमा तोकिएको मापदण्डसंग मिल्दोजुल्दो छ। यो मापदण्ड धेरैजसो विकसित मुलुकहरूले तोकेको मापदण्डभन्दा कम छ।

कार्वन मोनोअक्साइड (CO): यसको मात्रा ८ घण्टा औसतमा मात्र लिइएको छ। १५ मिनेट औसतमा CO उत्सर्जनको नियमन तथा नियन्त्रण गर्न हाम्रा भौतिक पूर्वाधारहरू सक्षम नरहेकोले राष्ट्रिय वायु गुणस्तर मापदण्ड, २०६० मा रहेको उक्त भागलाई हटाइएको छ। यहाँ तोकिएको मापदण्ड लगभग विश्व भरिनै एकै किसिमको रहेको छ।

लिड (Pb) : यहाँ तोकिएको वायुमा हुने लिडको मात्रा विश्वभरि नै स्वीकार गरिएको छ।

Benzene : Benzene क्यान्सर पैदा गर्न सक्ने (carcinogen) रसायन हो। धेरैजसो विकसित राष्ट्रहरूले वायुमा हुने Benzene को कुनै पनि मात्रालाई अस्वीकार गरेका छन्। भारत र युरोपियन युनियनले वायुमा 5μm/m³ benzene को मात्रालाई मापदण्डमा समावेश गरेका छन् र यस मापदण्डमा पनि सोही 5μm/m³ मात्रा तोकिएको छ।

वायु गणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ मा यसपूर्व भएको मापदण्डमा भएका भन्दा २ ओटा बढी प्रदूषकहरू क्रमश: $PM_{2.5}$ र ओजोन (ozone) थपिएका छन्।

$PM_{2.5}$: धेरै सूक्ष्म कणहरू जसको व्यास २.५ माइक्रोन वा सो भन्दा कम छ, त्यस्ता कणहरूलाई $PM_{2.5}$ अन्तर्गत राखिन्छ। यी कणहरू स्वाश- प्रस्वाश नली हुँदै फोक्सोसम्म पुग्न सक्छन्। भारत, पाकिस्तान लगायत धेरै देशहरूमा $PM_{2.5}$ को मात्रा मापदण्डमा तोकिएको छ। नेपालको मापदण्ड संयुक्त राज्य अमेरिकाको भन्दा बढी छ भने पाकिस्तानसंग बराबर छ।

ओजोन (Ozone): ओजोनको मात्रा भारतमा तोकिएको मापदण्ड भन्दा बढी छ भने अमेरिकामा तोकिएको मापदण्डसंग बराबर छ।
खण्ड ५३, संख्या १७, २०६० साल साउन १९ गते नेपाल राजपत्र भाग ३ मा प्रकाशित जनसंख्या तथा वातावरण मन्त्रालयको वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६० (National Ambient Air Quality Standard, 2003) लाई खारेज गरिएको छ।

आज्ञाले,

कृष्ण ज्ञवाली

नेपाल सरकारको सचिव

# उद्योग प्रतिष्ठानहरूबाट निस्कने फोहोर पानीसम्बन्धी मापदण्डहरू

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं, साउन २९ गते, २०६९ साल (संख्या १९

# भाग ५

नेपाल सरकार

## वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको

## सूचना १

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी देहायका उद्योगबाट सतही पानीमा पठाइने औद्योगिक एफ्ल्युएण्टको मापदण्ड देहाय बमोजिम तोकेको छ ।

(क) गैर अल्कोहलजन्य पेय पदार्थ सम्बधी उद्योगहरु (Non Alcoholic Beverage Industries)

| गुणहरु (Parameters) | घटि बढी सीमा (Tolerance Limit) |
|---|---|
| pH | 5.5-9.0 |
| TSS (mg/L) | 200 |
| Oil and Grease (mg/L) | 10 |
| $BOD_5$ at 20°C (mg/L) | 100 |
| COD (mg/L) | 250 |

(ख) औषधी उत्पादन गर्ने उद्योगहरु (Pharmaceutical Industries)

| गुणहरु (Parameters) | घटि बढी सीमा (Tolerance Limit) |
|---|---|
| अनिवार्य (Compulsory) | |
| pH | 5.5 to 9.0 |
| Oil and Greese (mg/L) | 10 |
| BOD (5 days at 27°C) (mg/L) | 100 |
| Total Suspended Solids (TSS) (mg/L) | 150 |
| Bioassay Test | 90% survival of fish after first 96 hours in 100% effluent |
| थप (Additional) | |
| Mercury(mg/L) | 0.01 |
| Arsenic(mg/L) | 0.2 |
| Chromium(mg/L) | 0.1 |
| Lead(mg/L) | 0.1 |
| Cyanide(mg/L) | 0.1 - 0.2 |
| Phenolics(mg/L) | 1.0 |
| Sulphides(mg/L) | 2.0 |
| Phosphate (mg/L) | 5.0 |

Bioassay test shall be conducted as per Nepal Standard(NS). Additional parameters will be applicable in the case of units having facilities including fermentation process producing bulk drugs.

आज्ञाले,

कृष्ण ज्ञवाली

नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं, श्रावण २७ गते, २०६७ साल (अतिरिक्ताङ्क १०(क)


## भाग ५

नेपाल सरकार

### वातावरण मन्त्रालयको सूचना

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी देहायका उद्योगको लागि देहाय बमोजिमको मापदण्ड तोकेको छ ।

(१) सरफेस फिनिसिङ् उद्योग (ग्याल्भनाईजिङ् उद्योग तथा इलेक्ट्रोप्लेटिङ् उद्योग) को हकमा सतही पानीमा निष्कासन गर्ने प्रयोजनको निमित्त औद्योगिक एफ्ल्युएन्टको मापदण्ड देहाय बमोजिम हुनेछ :-

| Parameter | Concentration not to exceed, mg/L (except for pH and temperature) |
|---|---|
| pH | 5.5 to 9.0 |
| Temperature | should not exceed 40°C in any section of stream within 15 meters down stream from the effluent outlet |
| Oil & grease | 10 |
| Total Suspended solids | 100 |
| COD | 250 |
| Cyanides (as 'CN') | 0.2 |
| Ammonical nitrogen (as N) | 50 |
| Total residual chlorine (as Cl) | 1.0 |
| Cadmium (as Cd) | 2.0 |
| Nickel (as Ni) | 3.0 |
| Zinc (as Zn) | 5.0 |
| Chromium (as Cr) | |
| Hexavalent | 0.1 |
| Total | 2.0 |
| Copper (as Cu) | 3.0 |
| Lead (as Pb) | 0.1 |
| Total Heavy Metals | 10 |
| Iron (as Fe) | 3.0 |

(२) पेन्टस् उद्योगको हकमा सतही पानीमा निष्कासन गर्ने प्रयोजनको निमित्त औद्योगिक एफ्ल्युएन्टको मापदण्ड देहाय बमोजिम हुनेछ :-

| Parameter | Concentration not to exceed units in mg/L except pH |
|---|---|
| pH | 6.0 to 8.5 |
| Total Suspended Solids | 100 |
| BOD at 25°C for 5 days | 50 |
| COD | 250 |
| Phenolics as C6H5OH | 1.0 |
| Oil & grease | 10.0 |
| Lead as Pb | 0.1 |
| Chromium as Cr | |
| hexavalent | 0.1 |
| total | 2.0 |
| Copper as Cu | 3.0 |
| Nickel as Ni | 2.0 |
| Zinc as Zn | 5.0 |
| Mercury as Hg | 0.01 |
| Total Heavy Metals | 7.0 |

(३) विष्लेषण विधिहरु (Analysing methods) को लागि Iron को हकमा ISO 11885 र ISO 6332 तथा Hexavalent chromium को हकमा ISO 9174 बमोजिम गर्नुपर्नेछ । अन्य Parameters हरुको हकमा खण्ड ५३, सख्या ११, मिति २०६०/०३/०९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचना बमोजिम हुनेछ ।

आज्ञाले,
डा. गणेशराज जोशी
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

**नेपाल सरकारद्वारा प्रकाशित**

**खण्ड ५३) काठमाडौं, असार ९ गते २०६० साल (संख्या ११)**


## भाग ३

### नेपाल सरकार

### जनसंख्या तथा वातावरण मन्त्रालयको

### सूचना १

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी देहायको लागि देहायबमोजिमको मापदण्ड तोकेको छ ।

१. दूध उद्योगको लागि

| क्र.सं. | गुणहरु (Characteristics) | घटि बढी सीमा (Tolerance limit) |
|---|---|---|
| 1. | pH | 5.5-8.5 |
| 2. | TSS mg/litre, Max | 150 |
| 3. | BOD (5 days at $20^0$ C) mg/litre, Max | 100 |
| 4. | Oil and Grease, mg/litre, Max | 10 |
| 5. | COD, mg/litre, Max | 250 |

२.चिनी उद्योगको लागि

| क्र.सं. | गुणहरु (Characteristics) | घटि बढी सीमा (Tolerance limit) |
|---|---|---|
| 1. | pH | 5.5-8.5 |
| 2. | TSS mg/litre, Max | 100 |
| 3. | BOD (5 days at $20^0$ C) mg/litre, Max | 100 |
| 4. | COD, mg/litre, Max | 250 |

३.सुती कपडा उद्योगको लागि

| क्र.सं. | गुणहरु (Characteristics) | घटि बढी सीमा (Tolerance limit) |
|---|---|---|
| 1. | pH | 6.0-9.0 |
| 2. | TSS mg/litre, Max | 150 |
| 3. | BOD (5 days at $20^0$ C) mg/litre, Max | 100 |
| 4. | COD, mg/litre, Max | 250 |

४. साबुन उद्योगको लागि

| क्र.सं. | गुणहरु (Characteristics) | घटि बढी सीमा (Tolerance limit) |
|---|---|---|
| 1. | BOD (5 days at $20^0$ C) mg/litre, Max | 100 |
| 2. | COD, mg/litre, Max | 250 |
| 3. | pH | 6.0-9.0 |
| 4. | TSS mg/litre, Max | 200 |
| 5. | Oil & Grease mg/litre, Max | 10 |
| 6. | Phenolic Compound mg/litre, Max | 1 |
| 7. | COD Mg/Litre, Max | 250 |

## सूचना २

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको मापदण्डलाई निर्देशक मापदण्ड (Generic Standard) को रुपमा लागू हुने गरी तोकेको छ ।

१. सार्वजनिक ढलहरुमा पठाउने औद्योगिक एफ्ल्युएन्टको लागि घटि बढी सीमा :

| गुणहरु (Characteristics) | घटि बढी सीमा (Tolerance limit) |
|---|---|
| Total Suspended solids, mg/L, Max | 600 |
| pH | 5.5 to 9.0 |
| Temperature, $^0$C, Max | 45 |
| Biochemical oxygen demand (BOD) for 5 days at 20 degree C, mg/L, Max | 400 |
| Oils and grease, mg/L, Max | 50 |
| Phenolic Compound mg/L Max | 10 |
| Cyanides (as CN), mg/L, Max | 2 |
| Sulphides (as S), mg/L, Max | 2.0 |
| Chloride (Cl), mg/L, Max | 1000 |
| Insecticides | Absent |
| Sulphates ($SO_4$), mg/L, Max | 500 |
| Fluorides (as F), mg/L, Max | 10 |
| Arsenic (as As), mg/L, Max | 1.0 |
| Cadmium (as, Cd), mg/L, Max | 2.0 |
| Total Chromium, mg/L, Max | 2.0 |
| Copper (as Cu), mg/L, Max | 3.0 |
| Lead (as Pb), mg/L, Max | 0.1 |
| Mercury (as Hg), mg/L, Max | 0.01 |
| Nickel (as Ni), mg/L, Max | 3.0 |
| Selenium (as Se), mg/L, Max | 0.05 |
| Zinc (as Zn), mg/L, Max | 5 |
| Ammonical nitrogen, mg/L, Max | 50 |
| Chemical Oxygen Demand, mg/L, Max | 1000 |
| Silver, mg/L, Max | 0.1 |
| Total Dissolved Solids, mg/l, Max | 2100 |
| Mineral Oils, mg/L, Max | 10 |
| Inhibition of nitrification test at 200ml/L | < 50% |

**२. संयुक्त फोहोर पानी प्रशोधन प्लान्टबाट सतही पानीमा पठाउने औद्योगिक एफ्ल्युएन्टको लागि घटि बढी सीमाः**

| **गुणहरु (Characteristics)** | **घटि बढी सीमा (Tolerance limit)** |
|---|---|
| Total Suspended solids, mg/L, Max | 50 |
| Particle size of total suspended particles | Shall pass 850-micron Sieve. |
| pH | 5.5 to 9.0 |
| Temperature | Shall not exceed 40 degree C in any section of the stream within 15 meters down-stream from the effluent outlet. |
| Biochemical oxygen demand (BOD) for 5 days at 20 degree C, mg/L, Max | 50 |
| Oils and grease, mg/L, Max | 10 |
| Phenolic compounds, mg/L, Max | 1.0 |
| Cyanides (as CN), mg/L, Max | 0.2 |
| Sulphides (as S), mg/L, Max | 2.0 |
| Radioactive materials:<br>a. Alpha emitters, c/ml, Max<br>b. Beta emitters, c/ml, Max | <br>$10^{-7}$<br>$10^{-8}$ |
| Insecticides | Absent |
| Total residual chlorine, mg/L | 1 |
| Fluorides (as F), mg/L, Max | 2.0 |
| Arsenic (as As), mg/L, Max | 0.2 |
| Cadmium (as, Cd), mg/L, Max | 2.0 |
| Hexavalent chromium (as Cr), mg/L, Max | 0.1 |
| Copper (as Cu), mg/L, Max | 3.0 |
| Lead (as Pb), mg/L, Max | 0.1 |
| Mercury (as Hg), mg/L, Max | 0.01 |
| Nickel (as Ni), mg/L, Max | 3.0 |
| Selenium (as Se), mg/L, Max | 0.05 |
| Zinc (as Zn), mg/L, Max | 5 |
| Ammonical nitrogen, mg/L, Max | 50 |
| Chemical Oxygen Demand, mg/L, Max | 250 |
| Silver, mg/L, Max | 0.1 |

द्रष्टब्यः

वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ बमोजिम औद्योगिक एफ्ल्युएन्टको सम्बन्धमा निर्धारण गरिएका मापदण्डहरुमा उल्लेखित गुणहरु (Parameters) को नमूना संकलन र सो को विश्लेषणको लागि देहाय बमोजिम नमूना संकलन र विश्लेषण विधिहरु निर्धारण गरेको छ।

**(क)नमूना संकलन विधिहरु (Sampling Methods)**

| | Prescribed ISO Standard Numbers |
|---|---|
| Guidance on the design of sampling programs | 5667 (1) |
| Guidance on sampling techniques | 5667 (2) |
| Guidance on the preservation and handling of samples | 5667 (3) |
| Guidance on sampling of wastewaters | 5667 (10) |

## (ख) विश्लेषण विधिहरु (Analyzing Methods)

| गुणहरु (Characteristics) | Prescribed ISO Standard Numbers |
|---|---|
| Total Suspended solids, mg/L, Max | 11923 |
| pH | 10523 |
| Biochemical oxygen demand (BOD) for 5 days at 20 degree C, mg/L, Max | 5815 |
| Oils and grease, mg/L, Max | 9377 (1,2,4) |
| Phenolic Compounds, mg/L, Max | 14402/6439 |
| Cyanides (as CN), mg/L, Max | 6703 (1) |
| Sulphides (as S), mg/L, Max | 10530 |
| Chloride (Cl), mg/L, Max | 10304 (2)/9297 |
| Insecticides | 6468 |
| Sulphates ($SO_4$), mg/L, Max | 10304 (2) |
| Fluorides (as F), mg/L, Max | 10304 (1) |
| Arsenic (as As), mg/L, Max | 11885/11969/6595 |
| Cadmium (as, Cd), mg/L, Max | 5961/8288 |
| Total Chromium, mg/L, Max | 9174/11083 |
| Copper (as Cu), mg/L, Max | 8288/11885 |
| Lead (as Pb), mg/L, Max | 8288/11885 |
| Mercury (as Hg), mg/L, Max | 5666 |
| Nickel (as Ni), mg/L, Max | 8288/11885 |
| Selenium (as Se), mg/L, Max | 9965/11885 |
| Zinc (as Zn), mg/L, Max | 8288/11885 |
| Ammonical nitrogen, mg/L, Max | 11905(1)/5664 |
| Chemical Oxygen Demand, mg/L, Max | ISO/DIS 15705/6060 |
| Silver, mg/L, Max | 11885 |
| Mineral Oils, mg/L, Max | 9377 (1,2,4) |
| Inhibition of nitrification test* | 9509 |

फोहरपानीमा विभिन्न परामिटरहरुको विश्लेषणमा सहयोग पुऱ्याउनका लागि एउटा नाइट्रिफिकेशन परिक्षण गर्न सकिन्छ । यस परिक्षणले फोहरपानीको साधारण गुणहरुबाट फोहरपानी उपचार प्लान्टमा हुने वायोलोजिकल प्रक्रियाहरुमा पर्ने सम्भाव्य असरहरुका बारेमा जानकारी दिन्छ । नाइट्रिफिकेशन परिक्षणले फोहरपानीको नमुनामा उल्लेखित नाइट्रिफिकेशन ब्याक्टेरियामा हुने इन्हीबिटोरि असरका बारेमा तथ्यांक उपलब्ध गराउँदछ । नाइट्रीफिकेशन प्रक्रियामा फोहरपानीको इन्हीबिटोरि असर फोहरपानीको २०० मि.लि. ⁄ लिटर झोलमा ५० प्रतिशत भन्दा कम हुनुपर्छ ।

यो परिक्षण विधि ISO 9509:1989 मापदण्डमा व्याख्या गरिएको छ । यद्यपि यो मापदण्डले परिक्षणको समयमा हुन सक्ने सम्भावित नाइट्रेट कमका बारेमा उल्लेख गरेको छैन । यसको अतिरिक्त उल्लेखित २ मिलि -ग्राम ⁄ लिटर अक्सिजन कन्सन्ट्रेसन त्यस्तो अवस्थामा उल्लेखनीय रुपमा नाइट्रिफिकेशन प्रक्रियामा इन्हाबिटेट हुने तुलनामा कम उल्लेख छ । त्यसैले औद्योगिक फोहरपानीमा अमोनियम-नाइट्रोजन, नाइट्रेट र नाइट्राइट-नाइट्रोजनको परिक्षण र विश्लेषण गर्दा ६ मिलि-ग्राम ⁄ लिटर अक्सिजन कन्सन्ट्रेसनको लागि सिफारिस गरिएको छ ।

आज्ञाले

लोकमान सिंह कार्की

नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, वैशाख १७ गते २०५८ साल (संख्या ३)

## भाग ३

### नेपाल सरकार

### जनसंख्या तथा वातावरण मन्त्रालयको

### सूचना १

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको मापदण्डलाई निर्देशक मापदण्ड (Generic Standard) को रुपमा लागू हुने गरी तोकेको छ।

सतही पानीमा पठाइने औद्योगिक एफ्ल्युएन्टको लागि घटी बढी सीमा

निर्देशक मापदण्ड

| गुणहरु | घटी बढी सीमा |
|---|---|
| Total Suspended Solids, mg/L | 30-200 |
| Particle size of total suspended particles | Shall pass 850-micron Sieve |
| pH | 5.5 to 9.0 |
| Temperature | Shall not exceed 40 degree C in any of the stream within 15 meters down stream from the effluent outlet. |
| Biochemical oxygen demand for 5 days at $20^0$C, mg/L | 30-100 |
| Oils and grease, mg/L, Max | 10 |
| Phenolic compounds, mg/L, Max | 1.0 |
| Cyanides (as CN), mg/L, Max | 0.2 |
| Sulphides (as S), mg/L, Max | 2.0 |
| Radioactive materials<br>a. Alpha emitters, c/ml, Max<br>b. Beta emitters, c/ml, Max | <br>$10^{-7}$<br>$10^{-8}$ |
| Insecticides | Absent |
| Total residual chlorine, mg/L | 1 |

| | |
|---|---|
| Fluorides (as F), mg/L, Max | 2.0 |
| Arsenic (as As). mg/L, Max | 0.2 |
| Cadmium (as, Cd), mg/L, Max | 2.0 |
| Hexavalent chromium (as Cr), mg/L, Max | 0.1 |
| Copper (as Cu), mg/L, Max | 3.0 |
| Lead (as Pb). mg/L, Max | 0.1 |
| Mercury (as Hg). mg/L, Max | 0.01 |
| Nickel (as Ni), mg/L, Max | 3.0 |
| Selenium (as Se), mg/L, Max | 0.05 |
| Zinc (as Zn), mg/L, Max | 5 |
| Ammonical nitrogen, mg/L, Max | 50 |
| Chemical Oxygen Demand, mg/L, Max | 250 |
| Silver, mg/L, Max | 0.1 |

## सूचना २

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी नयाँ सञ्चालनमा आउने उद्योगहरुको लागि तत्काल लागू हुने गरी तथा हाल संचालनमा आइसकेका उद्योगहरुको हकमा सोही नियमावलीको नियम १६ को व्यवस्था अनुसार लागू हुने गरी देहाय बमोजिमको मापदण्ड तोकेको छ।

सतही पानीमा पठाइने औद्योगिक एफ्ल्युएन्टको लागि घटी बढी सीमा

१.छाला उद्योगहरुको लागि :

| गुणहरु | घटी बढी सीमा |
|---|---|
| Colour and odour | Absent** |
| Total dissolved solids, mg/L, Max | 2100 |
| Suspended solids, mg/L, Max | 100 |
| Biochemical oxygen demand (5 days at 200 C) mg/L, Max | 100 |
| Chlorides as (Cl) mg/L, Max | 600 |
| Hexavalent chromium (as Cr) mg/L, Max | 0.1 |
| Total chromium (as Cr) mg/L, Max | 2.0 |
| Sulphide (as S) mg/L, Max | 2.0 |
| Sodium %, Max | 60 |
| Chemical oxygen demand mg/L, Max | 250 |
| pH Value | 6.0-9.0 |

** **रंग र गन्धको लागि कुनै मापदण्ड राखिएको छैन तर सम्भव भएसम्म व्यवहारिक रंग र नराम्रो गन्धको अनुपस्थिति सिफारिस गरिएको छ।**

**२. उन प्रशोधन उद्योगहरुको लागि**

| गुणहरु | घटी बढी सीमा |
|---|---|
| Suspended Solids, mg/L | 100 |
| Biochemical Oxygen Demand (5 days at $20^0$ C), mg/L | 100 |
| Oil and grease, mg/L | 10 |
| Chemical Oxygen Demand, mg/L | 250 |
| Total Chromium (as Cr), mg/L | 2 |
| Sulphide (as S), mg/L | 2 |
| Phenolic compounds (as $C_6H_5OH$), mg/L | 5 |
| pH Value | 5.5-9.0 |
| Temperature$^0$C | 40 |

**३. फर्मेन्टेशन उद्योगहरुको लागि**

| गुणहरु | घटी बढी सीमा |
|---|---|
| pH | 5.5 to 9.0 |
| TSS, mg/l, max | 100 |
| BOD 5 days at $20^0$ C mg/l, max | 60 |

**४. वनस्पति घ्यू तथा तेल उद्योगहरुको लागि**

| गुणहरु | घटी बढी सीमा |
|---|---|
| BOD 5 days at $20^0$ C mg/L, max | 100 |
| COD, mg/l, Max | 250 |
| pH | 6-9 |
| Oil and Grease, mg/l, Max | 10 |
| Nickel, mg/l, Max | 3 |

**५. पेपर र पल्प उद्योगहरुको लागि :**

| गुणहरु | घटी बढी सीमा |
|---|---|
| pH | 5.5 to 9.0 |
| Suspended Solids, mg/l | 100 |
| BOD 5 days at $20^0$ C mg/l, max | 100 |

आज्ञाले,
कलाधर शर्मा
नेपाल सरकारको नि.सचिव

# ध्वनिको गुणास्तरसम्बन्धी मापदण्ड

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं कात्तिक १३ गते, २०६९ साल (संख्या ३०


नेपाल सरकार

## वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको

### सूचना १

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ तोकेको छ :-

(क) ध्वनिको सीमा

| क्षेत्रको | ध्वनि सीमा Leq (डेसिवेल) | |
|---|---|---|
| | दिवा | रात्रि |
| औद्योगिक क्षेत्र | ७५ | ७० |
| व्यापारिक क्षेत्र | ६५ | ५५ |
| ग्रामीण आवास क्षेत्र | ४५ | ४० |
| शहरी आवास क्षेत्र | ५५ | ५० |
| मिश्रित आवास क्षेत्र | ६३ | ५५ |
| शान्त क्षेत्र | ५० | ४० |

(ख) घरेलु उपकरणहरुका अधिकतम ध्वनि उत्सर्जन सीमा

| क्र.सं. | उपकरण | अधिकतम सीमा (डेसिवेल) |
|---|---|---|
| १ | पानी तान्ने पम्प | ६५ |
| २ | डिजेल जेनरेटर | ९० |
| ३ | मनोरञ्जनका साधन | ७० |

आज्ञाले,

कृष्ण ज्ञवाली

नेपाल सरकारको सचिव

# मन्त्रालयबाट प्रकाशित अन्य मापदण्ड तथा सूचनाहरू

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं, चैत्र १८ गते, २०७१ साल(संख्या ४५


# भाग ५

नेपाल सरकार

## विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको सूचना

नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी काठमाण्डौ उपत्यकालाई स्वच्छ, सफा र प्रदूषणमुक्त बनाउने उद्देश्यले सम्बत् २०७२ साल बैशाख १ गतेदेखि लागू हुनेगरी देहायका क्षेत्रहरुमा २० X ३५ इन्च साइज र ४० माइक्रोन मोटाइ सम्मका प्लाष्टिक झोलाहरुको आयात, भण्डारण, विक्री वितरण तथा प्रयोग गर्न प्रतिबन्ध लगाएको छ।

**पूर्व:** गोदावरी भञ्ज्याङ्ग, त्रिवेणी डाँ डा र पाटी भञ्ज्याङ्गको सिरानै सिरान हुँदै अमालडोलको पूर्वपट्टिको पानीढलो भई रोहिणी भञ्ज्याङ्ग र किर्तिके भञ्ज्याङ्गको सिरानै सिरान हुँदै मंचुरी लेख र चिपुडाँडाको सिरानसम्म।

**पश्चिम:** सिमपानी, काजि गाउँ, भट्टारचौर, दक्षिणकाली, तालुक गुरदम खोला हुँदै चखेलको उत्तरपट्टीको पानीढलो, चन्द्रागिरि सिमभञ्ज्याङ्ग मसिनी गाउँको पूर्वपट्टिको पानी ढलो, दहचोक डाँडा, मजुवा गाउँ, भीमढुँगा थुम्कीको पूर्वपट्टिको पानीढलो भई भुडखु र पाँचमाने भञ्ज्याङ्गसम्म ।

**उत्तर:** पाँचमाने भञ्ज्याङ्ग र शिवपूरी लेकको सिरानै सिरान हुँदै बोलांग र चिपुडाँडासम्म ।

**दक्षिण:** गोदावरी भञ्ज्याङ्गको सिरानै सिरान हुँदै ढुँगाखानी खोलाको पानीढलो, भगवान डाँडा र लेले भञ्ज्याङ्गको सिरानै सिरान हुँदै देउराली थुम्की, बाबिया गाउँ, मानेको दक्षिणपट्टिको पानीढलो भई बागमती नदि हुँदै सिमपानीसम्म ।

आज्ञाले,
**डा. कृष्ण चन्द्र पौडेल**
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) संख्या ३८ नेपाल राजपत्र भाग ५ मिति २०७१।११।४


# भाग ५

नेपाल सरकार

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको सूचना

नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित भएको मितिले १८१ औं दिनबाट लागू हुने गरी काठ वा काठ सम्बन्धी वस्तुमा वा अन्य प्रयोजनका वस्तुमा प्रयोग हुने Nepatotoxic, Carcinogenic, Immunotoxic, Neurotoxic गुण भएका पेन्टाक्लोरोफेनोल, यसका यौगिक, लवण, मिश्रण (pentachlorophenol and it Compounds, salts and Mixtures) आदि जस्ता रसायनहरुमा हुने दीर्घायी गुण (POPs Nature) र ती रसायनहरुको प्रयोगबाट उत्पन्न हुने अत्यन्तै हानीकारक Dioxin/Furan समेतको कारणले मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल प्रभाव पार्ने भएकोले यी रसायनहरुको पैठारी, निकासी र प्रयोगमा प्रतिबन्ध लगाएको छ ।

आज्ञाले,

डा. कृष्ण चन्द्र पौडेल

नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४ संख्या ३० नेपाल राजपत्र भाग ५ मिति २०७१।९।७


# भाग ५

## नेपाल सरकार

## विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको

## सूचना १

नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी हाइड्रोक्लोरोफ़्लोरोकार्बन (HCFC) मा आधारित कुनै पनि उपकरणहरु जस्तै: रेफ्रिजेरेटर, एयर कन्डिसनर, चिलर, Deep Freeze, Cooling Machine, Heat Pump, Chiller Plant/Cold Storage लगायत रेफ्रिजेरेन्ट ग्यॉंस (Refrigerant gas) रसायन/पदार्थ प्रयोग हुने उपकरण समेतको पैठारी, बिक्री वितरण र प्रयोगमा मिति २०७३ पुस १७ गतेदेखि लागू हुने गरी प्रतिबन्ध लगाएको छ। साथै, हाल नेपालभित्र पैठारी तथा उपभोग भइरहेका क्लोरोडाइफ्लोरोमिथेन ($CHF_2Cl$) र हाइड्रोक्लोरोफ्लोरोकार्बन (HCFC - 22) को देहाय बमोजिम विस्थापन गर्ने गरी तालिका निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ:

| SN | Targeted Time Period | Schedule | Chlorodifluoro methane, $CHF_2Cl$ (Hydrochlorofluro carbon, HCFC -22), Annex - C , Group I, Ozone Depleting Potential (ODP) = 0.055<br>Nepal HCFC Phase out Target |
|---|---|---|---|
| 1 | 2011 – 2014 | Freeze at Baseline | 23.04 Metric Tonnes (MT) |
| 2 | 2015 | 10% | 20.736 MT |
| | | reduction | |
| 3 | 2017 | 20% reduction | 18.43 MT |
| 4 | 2020 | 50% reduction | 11.52 MT |
| 5 | 2022 | 60% reduction | 9.26 MT |
| 6 | 2025 | 97.5 reduction | 0.576 MT<br>except 2.5% for servicing use until 2030 |
| 7 | 2030 | 100% reduction | |

आज्ञाले,

महेन्द्र मान गुरुङ्ग

नेपाल सरकारको नि.सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४ संख्या ३० नेपाल राजपत्र भाग ५ मिति २०७१।९।७


# भाग ५

## नेपाल सरकार

## विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको

## सूचना ३

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन भएको मितिले १८१ औं दिनदेखि लागू हुने गरी नेपालमा आयात एवं उत्पादन हुने रङ्गहरुमा Lead को अधिकतम मात्रा Ninety (90) Part Per Million (ppm) वा Ninety (90) Milligram Per Liter (mg/L) हुनुपर्ने, बट्टामा Lead को मात्रा र व्यवसायजन्य सुरक्षासम्बन्धी सावधानी मूलक सन्देश समेत उल्लेख गर्नुपर्ने गरी मापदण्ड तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन भएको मितिले १८१ औं दिनदेखि लागू हुने गरी सवारी साधनमा प्रयोग हुने Brake Shoe र Clutch Plate को Asbestos Lining बाहेक Asbestos Corrugated/ Non-Corrugated Sheet, Tiles, Insulators आदि सबै Asbestos र Asbestos युक्त वस्तुको आयात, विक्री वितरण र प्रयोग गर्न प्रतिबन्ध लगाएको छ।

आज्ञाले,

महेन्द्र मान गुरुङ्ग

नेपाल सरकारको नि.सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ५१, संख्या ४१, नेपाल राजपत्र भाग ४ मिति २०५८।१०।२२**

## भाग ४

### नेपाल सरकार

### जनसंख्या तथा वातावरण मन्त्रालयको

### सूचना

नेपाल सरकारले उद्योगले पैठारी गर्ने बाहेकका अन्य व्यापारिक फर्म, व्यक्ति वा संस्थाहरुले पुरानो धातु (Metal Scrap) पैठारी गर्ने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. पैठारी गरिने पुरानो धातु Institute of Scrap Recycling Industry (ISRI) ले निर्धारण गरेको देहायको Specification बमोजिमको हुनुपर्ने छ :

| Copper | Brass | Zinc | Nickel | Aluminium |
|---|---|---|---|---|
| – Candy No. 1 | –Drink | –Score | – Aroma | – Tall |
| – Clove No. 1 | – Engels | –Screen | – Burly | – Talon |
| – Cocoa | – Ebony | – Scoot | | – Taste |
| – Barley No. 1 | – Lace | – Scope | | – Terse |
| | – Lady | | | – Testy |
| – Berry No. 1 | – Melon | | | |

२. पैठारीकर्ता फर्म, व्यक्ति वा संस्थाले यसरी पैठारी गरिने पुरानो धातु (ISRI) ले निर्धारण गरेको Specification बमोजिमका हुन् भनी अन्तर्राष्ट्रियस्तरमा मान्यता प्राप्त संस्थाहरुले प्रमाणित गरिदिएको प्रमाणपत्र सम्बन्धित भन्सार नाकामा पेश गर्नुपर्नेछ ।

३. कुल वार्षिक ३,००० मेट्रिक टनमा नबढ्ने गरी एक पैठारीकर्ता फर्म, व्यक्ति वा संस्थालाई बढीमा २०० मेट्रिक टनसम्म पुरानो धातु वार्षिक रुपमा पैठारी गर्न दिन सकिनेछ । यस्तो पैठारीकर्ताले एक पटकमा २ कन्टेनर (४० टन) सम्म मात्र पैठारी गर्न सक्नेछन् ।

आज्ञाले,

डा. मुक्तिनारायण श्रेष्ठ

नेपाल सरकारको सचिव

**गोरखापत्र २०५७/४/२७**

## नेपाल सरकार
## जनसंख्या तथा वातावरण मन्त्रालयको
## सूचना

आर्थिक वर्ष २०५५/५६ देखि उद्योगले पैठारी गर्ने बाहेक व्यापारिक फर्महरुले पैठारी गर्ने पुरानो कपडा, धातु तथा प्लाष्टिकबाट बनेका सामान तथा यन्त्रोपकरण पैठारी गर्दा जनसंख्या तथा वातावरण मन्त्रालयको स्वीकृति लिनु पर्ने प्रावधान भएको व्यहोरा सम्बन्धित सबैलाई अवगत नै छ।

यस सम्बन्धमा देहाय अनुसार गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइएको छ :

१. Copper, Brass, Bronze, Aluminum / Zinc Scraps को हकमा सम्बन्धित सामान घातक पत्रु (Hazardous Scrap) भए नभएको यस मन्त्रालयका अधिकृतहरुले निरीक्षण गरी घातक नभएको देखिएमा छोड्न वातावरणीय दृष्टिकोणले अनुमति दिने। यो व्यवस्था २०५७ आषाढ मसान्तसम्म L/C खोली सकेका Scrap आयातकर्ताहरुका लागि मात्र लागू गर्ने। आयात गरिने Scrap हरु Institute of Scrap Recycling Industry's (ISRI) Scrap Specification अनुसार हुनुपर्नेछ। २०५७ श्रावणदेखि उक्त बमोजिमका Scrap हरु ल्याउनु पर्ने अवस्था भएमा L/C खोल्नु अघि नै यस मन्त्रालयको स्वीकृति लिनुपर्नेछ।

२. Plastic Scrap का सम्बन्धमा Scrap Plastic र Recycled granules को आयातमा २०५३ सालदेखि लगाइएको प्रतिबन्धलाई यथावत कायम राख्ने।

३. बाढी, पहिरो, आगजनी जस्ता दैवी विपत्तीको सन्दर्भमा सहयोग स्वरुप आयात हुने पुराना कपडालाई नेपाल अधिराज्यको कुनै स्वास्थ्य संस्थाका पञ्जिकृत चिकित्सकले रोग मुक्त भनी लिखित प्रमाणित गरी दिएमा त्यस्ता पुराना कपडालाई आयात गर्न दिने। अरु कुनै पनि प्रयोजनमा पुराना कपडा आयात गर्न नदिने।

४. व्यापारिक प्रयोजनको लागि कुनै पनि Second Hand सामानहरु जस्तै टेलिभिजन, फ्याक्स, फ्रिज, रेफ्रिजेरेटर, एयर कन्डिसनर, फोन, कम्प्युटर, फ्रिन्टर, फोटोकपी, फ्यान, अफसेट मेशिन, ओभन, वासिङ मेसिन, ड्रयार मेसिन आदि सामानलाई आयात गर्न नदिने। साथै वायु प्रदूषणमा बृद्धि गर्न सक्ने मोटरका Engine को Pump, Cylinder piston head जस्ता पुराना सामान समेत आयात गर्न नदिने।

# अन्य पुराना मापदण्ड तथा सूचनाहरू

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२ संख्या १९ नेपाल राजपत्र भाग ५ मिति २०६९।४।२९


## सूचना ३

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी नेपालमा आयात हुने ट्याक्टर , पावर ट्रीलर, डोजर, क्रेन, रोलर, एस्काभेटर बाहेकका सवारी साधनहरुका लागि देहाय बमोजिमको नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (युरो-३ समानस्तर) लागू हुने गरी तोकेको छ ।

## नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९

(Nepal Vehicle Mass Emission Standard, 2069)

### (क) पेट्रोलद्वारा चल्ने सवारी साधनहरु (Positive Ignition Engines):

**१. छ वटासम्म सिट तथा कुल वजन २.५ टन भन्दा कम भएका यात्रुवाहक कारहरुको लागि**

**१.१ पहिलो प्रकारको परीक्षण** – शीतावस्थामा इन्जिन चालू गरेपछिको धुवाँ निष्काशन जाँच :

| सवारीको किसिम | ग्राम प्रति किलोमिटर | | |
|---|---|---|---|
| | कार्वन मोनोक्साइड (CO) | हाइड्रोकार्वन (HC) | नाइट्रोजन अक्साइड ($NO_X$) |
| पेसेन्जर कार | २.३ | ०.२ | ०.१५ |

**द्रष्टव्य** :यस प्रकारको परीक्षण चालन-चक्र (driving cycle) अनुसार शीतावस्थामा इन्जिन चालू गरी च्यासिस डाइनामोमिटरमा गरिएको हुनु पर्नेछ ।

पहिलो प्रकारको परीक्षणको लागि उपयुक्त परिस्थितिमा इन्जिन निष्काम गतिमा रहँदा निस्केको धुवाँजन्य ग्याँसमा कार्बन मोनोअक्साइडको परिमाण आयतनको आधारमा (by volume) ०.३% नाघ्नु हुँदैन ।

**१.२ दोस्रो प्रकारको परीक्षण** – निष्काम गति (Idling speed) मा कार्बन मोनोअक्साइड निष्काशन :

| | |
|---|---|
| पेट्रोलबाट चल्ने सवारी साधनको कार्बन मोनोक्साइड उत्सर्जन परिक्षण | निष्काम गति परिक्षण:<br>• क्याटलाइटिक कन्भर्टर भएकोमा CO =०.३% आयतनको आधारमा<br>बढि निष्काम गति परिक्षण (> २,००० चक्कर प्रति मिनेट) CO : = ०.२%; λ=१±०.०३ |

**१.३ तेस्रो प्रकारको परीक्षण** –क्राँककेस (Crankcase) ग्याँसहरुको निष्काशन : कुनै पनि क्राँककेस ग्याँसहरुको निष्काशन/उत्सर्जन हुनु हुँदैन ।

**१.४ चौथो प्रकारको परीक्षण** – वाष्पिक निष्काशनको निर्धारण : वाष्पिक निष्काशन प्रति परीक्षण २ ग्राम भन्दा कम हुनु पर्छ ।

**१.५ पाचौं प्रकारको परीक्षण** – प्रदुषण नियन्त्रण उपकरणहरुको टिकाउपना : यो परीक्षणले सडक अथवा च्यासिस डाइनामोमिटरमा चलाउँदा ८०,००० किलोमिटरसम्म टिक्न सक्ने वा ५ वर्षसम्म टिक्ने मध्ये जुन पहिला आउँछ, त्यस्तो परीक्षणलाई जनाउँछ ।

**१.६ छैठौं प्रकारको परिक्षण** - न्यून तापक्रम परिक्षणको लागि परिमाण :

| सवारीको किसिम | ग्राम प्रति किलोमिटर | |
|---|---|---|
| | कार्बन मोनोक्साइड (CO) | हाइड्रोकार्बन (HC) |
| Ml and N1 Cl l = 2.5t GVW and or = 6seats | १५ | १.८ |

## २. हलुका र कुल वजन २.५ टनभन्दा वढी भएका व्यापारिक सवारी साधनहरुको लागि

**२.१ पहिलो प्रकारको परीक्षण** - शीतावस्थामा इन्जिन चालू गरेपछिको धुवाँ निष्काशन जाँच :

| सवारीको किसिम | ग्राम प्रति किलोमिटर | | |
|---|---|---|---|
| | कार्बन मोनोक्साइड (CO) | हाइड्रोकार्बन (HC) | नाइट्रोजन अक्साइड ($NO_X$) |
| LCV (RM=१,३०५ kg) | २.३ | ०.२ | ०.१५ |
| LCV (१,३०५>RM<१,७६० kg) | ४.१७ | ०.२५ | ०.१८ |
| LCV (RM>१,७६० kg) | ५.२२ | ०.२९ | ०.२१ |

**द्रष्टव्य :**

- यस प्रकारको परीक्षण विभिन्न देशहरुले अपनाएको चालन-चक्र (driving cycle) अनुसार शीतावस्थामा

  इन्जिन चालू गरी च्यासिस डाइनामोमिटरमा गरिएको हुनु पर्नेछ।

- LCV भन्नाले हलुका व्यापारिक सवारी साधन र RM भन्नाले नभरिएको र चालक वा यात्री नरहेको तर इन्धन पूरा भरिएको औजारहरु र स्पेर चक्का सहितको तौलमा १०० केजी थप गर्दा हुने तौल वा सन्दर्भ तौल भनिने ।

- ६ जना भन्दा वढी वस्ने सिट भएको वा सन्दर्भ तौल २,५०० केजी भन्दा वढी भएको ।

२.२ **दोस्रो प्रकारको परीक्षण** – निष्काम गति (idling speed) मा कार्बन मोनोअक्साइड निष्काशन : इन्जिन निष्काम गतिमा रहँदा निस्केको धुवाँजन्य ग्याँसमा कार्बन मोनोअक्साइडको परिमाण आयतनको आधार मा (by volume) ०.३% नाघ्नु हुँदैन ।

२.३ **तेस्रो प्रकारको परीक्षण** क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशनको जाँच : कुनै पनि क्रांककेस ग्याँसहरुको निष्काशन/उत्सर्जन हुनु हुँदैन।

२.४ **चौथो प्रकारको परीक्षण** –वाष्पिक निष्काशनको निर्धारण : वाष्पिक निष्काशन प्रति परीक्षण २ ग्राम भन्दा कम हुनु पर्छ।

२.५ **पाँचौ प्रकारको परीक्षण** - प्रदुषण नियन्त्रण उपकरणहरुको टिकाउपना : यो परीक्षणले सडक अथवा च्यासिस डाइनामोमटिरमा चलाउँदा ८०,००० किलोमिटरसम्म टिक्न सक्ने वा ५ वर्ष सम्म टिक्ने मध्ये जुन पहिला आउँछ, त्यस्तो परीक्षणलाई जनाउँछ ।

२.६ **छैठौं प्रकारको परिक्षण** - न्यून तापक्रम परिक्षणको लागि परिमाण :

| सवारीको किसिम | ग्राम प्रति किलोमिटर | |
|---|---|---|
| | कार्वन मोनोक्साइड (CO) | हाइड्रोकार्वन (HC) |
| N1 C1II, M1> 6 seats 2.5t<GVW=3.5t | २४ | २.७ |
| N1 C1 III | 30 | 3.2 |

## ३. दुई पाँग्रे तथा तीन पाँग्रे सवारी साधनहरुका लागि

**३.१ पहिलो प्रकारको परीक्षण** – शीतावस्थामा इन्जिन चालू गरेपछिको धुवाँ निष्काशन जाँच :

**दुई पाँग्रेको लागि**

| सवारीको किसिम | ग्राम प्रति किलोमिटर | | |
|---|---|---|---|
| | कार्वन मोनोक्साइड (CO) | हाइड्रोकार्वन (HC) | नाइट्रोजन अक्साइड ($NO_X$) |
| I (<150CC) | २.० | ०.८ | ०.१५ |
| II (=150CC) | २.० | ०.३ | ०.१५ |

**तीन पाँग्रेको लागि**

| सवारीको किसिम | ग्राम प्रति किलोमिटर | | |
|---|---|---|---|
| | कार्वन मोनोक्साइड (CO) | हाइड्रोकार्वन (HC) | नाइट्रोजन अक्साइड ($NO_X$) |
| पेट्रोलबाट चल्ने | ७.० | १.५ | ०.४ |
| डिजेलबाट चल्ने | २.० | १.० | ०.६५ |

**द्रष्टव्य** : यस प्रकारको परीक्षण चालन-चक्र (driving cycle) अनुसार शीतावस्थामा इन्जिन चालू गरी च्यासिस डाइनामोमिटरमा गरिएको हुनु पर्नेछ ।

३.२ **दोस्रो प्रकारको परीक्षण** – निष्काम गति (Idling speed) मा कार्बन मोनोक्साइड निष्काशन : पहिलो प्रकारको परीक्षणको लागि उपयुक्त परि स्थितिमा इन्जिन निष्काम गतिमा रहँदा निस्केको धुवाँजन्य ग्याँसमा कार्बन मानोअक्साइडको परिमाण आयतनको आधारमा (by volume) ०.३ % नाघ्नु हुदैन ।

३.३ **तेस्रो प्रकारको परीक्षण** –क्राँककेस (Crankcase) ग्याँसहरुको निष्काशन : कुनै पनि क्राँककेस ग्याँस निष्काशन/उत्सर्जन हुनु हुँदैन ।

३.४ **चौथो प्रकारको परीक्षण** – वाष्पिक निष्काशनको निर्धारण : वाष्पिक निष्काशन प्रति परीक्षण २ ग्राम भन्दा कम हुनु पर्छ ।

३.५ **पाँचौ प्रकारको परीक्षण** – प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना : सडक अथवा च्यासिस डाइनामोमटिरमा चलाउँदा ३०,००० किलोमिटर सम्म टिक्न सक्ने परीक्षणलाई जनाउँछ ।

## (ख) डिजेलद्वारा चल्ने सवारी साधनहरु (Compression Ignition Engines):

१.छ सिटसम्म र कुल वजन २.५ टन भन्दा कम भएका यात्रीवाहक कार हरुका लागि

३.१ **पहिलो प्रकारको परीक्षण** – शीतावस्थामा इन्जिन चालू गरेपछिको धुवाँ निष्काशन जाँच :

| सवारीको किसिम | ग्राम प्रति किलोमिटर | | | |
|---|---|---|---|---|
| | कार्वन मोनोक्साइड (CO) | हाइड्रोकार्वन र नाइट्रोजन अक्साइड ($HC+NO_x$) | नाइट्रोजन अक्साइड ($NO_x$) | धुलोकण (PM) |
| यात्रीवाहक कार | ०.६४ | ०.५६ | ०.५ | ०.०५ |

**द्रष्टव्य :**

- यस प्रकारको परीक्षण चालन-चक्र (driving cycle) अनुसार शीतावस्थामा इन्जिन चालू गरी च्यासिस डाइनामोमिटरमा गरिएको हुनु पर्नेछ ।

१.२ दोस्रो प्रकारको परीक्षण – निष्काम गति (idling speed) मा कार्बन मोनोअक्साइड निष्काशन :

| | |
|---|---|
| डिजेल सवारी साधनको लागि धुवाँ अपारदर्शकता परिक्षण | निष्काम देखि निर्धारित गति सम्म स्वतन्त्र रुपले गतिवृद्धि<br>• प्राकृतिक एस्पिरेट गरिएकोमा =०२.५ प्रति मिटर<br>• टर्वो चार्ज गरिएकोमा =०३.० प्रति मिटर |

१.३ तेस्रो प्रकारको परीक्षण : क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशनको जाँच : कुनै पनि क्रांककेस ग्याँस निष्काशन /उत्सर्जन हनु हुँदैन ।

१.४ चौथो प्रकारको परीक्षण – वाष्पिक निष्काशनको निर्धारण लागू नहुने ।

१.५ पाचौ प्रकारको परीक्षण – प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना : यो परीक्षणले सडक अथवा च्यासिस डाइनामोमिटरमा चलाउँदा १,००,००० किलोमिटरसम्म टिक्न सक्ने क्षमताको परीक्षणलाई जनाउँछ ।

## २. कुल तौल २.५ टन भन्दा वढीको हलुका व्यापारिक सवारी साधनका लागि

२.१ **पहिलो प्रकारको परीक्षण** – शीतावस्थामा इन्जिन चालू गरेपछिको धुँवा निष्काशन जाँच :

| सवारीको किसिम | ग्राम प्रति किलोमिटर | | | |
|---|---|---|---|---|
| | कार्वन मोनोक्साइड (CO) | हाइड्रोकार्वन र नाइट्रोजन अक्साइड ($HC+NO_x$) | नाइट्रोजन अक्साइड ($NO_x$) | धुलोकण (PM) |
| LCV (RM?1305 kg) | ०.६४ | ०.५६ | ०.५ | ०.०५ |
| LCV(1305>RM< 1760 kg) | ०.८ | ०.७२ | ०.६५ | ०.०७ |
| LCV (RM>1760 kg) | ०.९५ | ०.८६ | ०.७८ | ०.१ |

द्रष्टव्य :

- यस प्रकारको परीक्षण चालन-चक्र (driving cycle) अनुसार शीतावस्थामा इन्जिन चालु गरी च्यासिस डाइनामोमिटरमा गरिएको हुनु पर्नेछ ।
- LCV भन्नाले हलुका व्यापारिक सवारी साधन र RM भन्नाले नभरि एको र चालक वा यात्री नरहेको तर इन्धन पूरा भरिएको औजारहरु र स्पेर चक्का सहितको तौलमा १०० केजी थप गर्दा हुने तौल वा सन्दर्भ तौल भनिने ।

- ६ जना भन्दा वढी वस्ने सिट भएको वा सदर्भ तौल २,५०० केजी भन्दा वढी भएको सवारी साधन

२.२ **दोस्रो प्रकारको परीक्षण** – निष्काम गति (idling speed) मा कार्वन मोनोअक्साइड निष्काशन :

| | |
|---|---|
| डिजेल सवारी साधनको लागि धुवाँ अपारदर्शकता परिक्षण | निष्काम देखि निर्धारित गति सम्म स्वतन्त्र रुपले गतिवृद्धि<br>• प्राकृतिक एस्पिरेट गरिएकोमा =०२.५ प्रति मिटर<br>• टर्वो चार्ज गरिएकोमा =०३.० प्रति मिटर |

२.३ **तेस्रो प्रकारको परीक्षण** : क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशनको जाँच :

क्रांककेसको हावा निष्काशन हनु हुँदैन ।

२.४ **चौथो प्रकारको परीक्षण** –वाष्पिक निष्काशनको निर्धारण लागू नहुने ।

२.५ **पाचौ प्रकारको परीक्षण** –प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना : यो परीक्षणले सडक अथवा च्यासिस डाइनामोमिटरमा चलाउँदा १,००,००० किलोमिटरसम्म टिक्न सक्ने क्षमताको परीक्षणलाई जनाउँछ ।

## ३. कुल तौल ३.५ टन भन्दा वढीको भारी सवारी साधनका लागि

३.१ **पहिलो प्रकारको परीक्षण** - शीतावस्थामा इन्जिन चालू गरेपछिको धुवाँ निष्काशन जाँच :

| ग्राम प्रति किलावाटआवर | | | | प्रति मिटर |
|---|---|---|---|---|
| कार्वन मोनोक्साइड (CO) | हाइड्रोकार्वन (HC) | नाइट्रोजन अक्साइड ($NO_x$) | धूलोकण (PM) | धुवाँ |
| २.१ | ०.६६ | ५ | ०.१ | ०.८ |

**द्रष्टव्य :** परीक्षण चालन-चक्र (test driving cycle) अनुसार १३ मोडको निष्काशन इन्जिन डाइनामोमिटर परीक्षण (13 Mode Emission Engines Dynamometer Test) मा यो परीक्षण गरिएको हनु पर्नेछ ।

३.२ **दोस्रो प्रकारका परीक्षण** - निष्काम गति (idling speed) मा कार्बन मोनोअक्साइड निष्काशन :

| | |
|---|---|
| डिजेल सवारी साधनको लागि धुवाँ अपारदर्शकता परिक्षण | निष्काम देखि निर्धारित गति सम्म स्वतन्त्र रुपले गतिवृद्धि<br>• प्राकृतिक एस्पिरेट गरिएकोमा =०२.५ प्रति मिटर<br>• टर्वो चार्ज गरिएकोमा =०३.० प्रति मिटर |

३.३ **तेस्रो प्रकारको परीक्षण** - क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशनको जाँच : क्रांककेसको हावा निष्काशन हुनु हुँदैन ।

३.४ **चौथो प्रकारको परीक्षण** - वाष्पिक निष्काशनको निर्धारण लागू नहुने ।

३.५ **पाँचौ प्रकारको परीक्षण** - प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना : यो परीक्षणले सडक अथवा च्यासिस डाइनामोमिटरमा चलाउँदा ८०,००० किलोमिटरसम्म टिक्न सक्ने क्षमताका वा ५ वर्ष सम्म मध्ये पहिला हुने परीक्षणलाई जनाउँछ ।

**व्याख्यात्मक टिप्पणी:**

१. प्रकार अनुमोदन (Type Approval) : धेरैजसो मुलुकहरुले सवारी साधन निर्माताबाट बिक्री गरिएको नयाँ सवारी साधन उपयुक्त प्रदूषण मापदण्डहरु पूरा गर्न सक्षम छ भन्ने कुरा दर्शाउन प्रमाणीकरण वा प्रकारको अनुमोदन चाहन्छन् । सामान्यत: प्रकार अनुमोदनमा योजनाबद्ध ढंगबाट उत्पादित सवारी साधनहरु मध्येबाट प्रतिनिधित्व हुने गरी नमूना (prototype) सवारी साधनहरुको प्रदूषण निष्काशनको परीक्षण गरिन्छ। यूरोपियन समुदाय तथा जापानी नियमावलीहरु अनुसार यसको पालना केवल नयाँ सवारी साधनहरुको लागि मात्र आवश्यक मानिन्छ। अमेरिकी नियम अनुसार सवारी साधनहरुले यस्ता प्रदूषण मापदण्डहरु निर्माण स्पेसिफिकेसन अनुसार मर्मत सम्भार गरिएको अवस्थामा तिनीहरुको सञ्चालन अवधिभर पालन गर्नु पर्दछ । प्रमाणीकरण वा प्रकार अनुमोदनले समूहगत उत्पादन (mass production) हुनु पूर्व नै सवारी साधनहरुको डिजाइनलाई प्रभावित तुल्याउँछ। निर्माताहरुले यथार्थमा उत्पादन शुरु हुनु अगावै समस्याहरु पहिचान गर्न र सुल्झाउन सक्ने हुनाले यो बढी लागत-प्रभावी (cost effective) हुन्छ ।

२. सवारी साधनको अनुमोदन (Approval of a Vehicle) : सवारी साधन निमार्ताहरुले धुवाँ निष्काशन, वाष्पिक निष्काशन र प्रदुषण नियन्त्रण उपकरणहरुको टिकाउपनासंग सम्बन्धित परीक्षण गर्ने जिम्मेवार निकाय समक्ष सवारी साधनको प्रकार अनुमोदनको लागि आवदेन दिन्छन्। अनुमोदनको लागि प्रस्तुत आवेदन पत्रमा इन्जिनको सबै व्यहोरा, जलन कक्ष (combustion chamber) र पिस्टनको नक्सा सहितको विवरण, वाष्पिक नियन्त्रण प्रणाली (Evaporative Control System) को विवरण, सवारी साधनको व्यहोरा, प्रदूषण नियन्त्रण उपकरणहरुको विवरण आदि विषयहरु विस्तृत रुपमा समाविष्ट हुन्छन् । अनुमोदनको लागि पेश हुन आएको सवारी साधनको प्रकारले उल्लिखित विभिन्न किसिमका परीक्षणका शर्तहरु पूरा गरेमा मात्रै त्यस्तो साधनलाई अनुमति प्रदान गरिन्छ ।

३. उत्पादनको तादात्म्यता (Conformity of Production) : उत्पादनको तादात्म्यता भनेको जडान रेखा परीक्षण प्रणाली (assembly line testing system) हो । जडान रेखा परीक्षणका उद्देश्यहरु नियमन गर्ने अधिकारीहरुलाई प्रमाणित गरी उत्पादन गरिएका तर (तिनको हकमा लागू हुने) निष्काशन मापदण्ड पूरा नगरेका सवारी साधनहरुको पहिचान गर्न सक्षम तुल्याउनु, समस्या सुल्भाउनको लागि उपचारात्मक उपायहरु अवलम्बन गर्नु (जस्तै प्रमाणीकरण रद्द गर्नु तथा सवारी साधनहरुलाई प्रत्याह्वान गर्नु) र मापदण्ड पालना नगर्ने सवारी साधनहरुको निर्माणलाई निरुत्साहित गर्नु हुन् ।

यो परीक्षणले बृहत् परिमाणमा उत्पादित सवारी साधनहरुले प्रमाणीकरणमा निश्चित डिजाइनहरु उत्पादनको अवस्थामा सन्तोषजनक ढंगले रुपान्तरित भएका छन् भन्ने विषयमा थप सुनिश्चितता प्रदान गर्दछ । साथै उत्पादन पश्चात् प्रयोगमा आउने सवारी साधनहरु उत्पादनको प्रक्रियामा डिजाइन अनुसार निर्धारित गुणस्तर अनुरुप नै जडान रेखामा उत्पादन भएको पनि सुनिश्चितता प्रदान गर्दछ । प्रकारको अनुमोदन नमूना सवारी साधन वा सवारी साधनको डिजाइनमा आधारित हुन्छ तर उत्पादनको तादात्म्यताले यथार्थमा उत्पादन भैसकेका सवारी साधनहरुबाट निष्काशित

प्रदूषण मापन गर्दछ। यूरोपियन युनियनद्वारा निर्धारित शर्तहरु अनुसार माथि उल्लिखित सम्पूर्ण किसिमका परीक्षणहरु पूरा गरी प्रकार अनुमोदनको चिन्ह प्राप्त गरी सिलसिलेवार रुपमा उत्पादित सवारी साधनहरुको पर्याप्त संख्यामा छड्के जाँच गरिन्छ।

खण्ड ४९, पूर्वातिरिक्ताङ्क ३८(क+३), मिति २०५६।९।८, नेपाल राजपत्र, भाग ३ मा प्रकाशित जनसंख्या तथा वातावरण मन्त्रालयको नेपाल सवारी प्रदूषण मापदण्ड, २०५६ लाई खारेज गरिएको छ।

आज्ञाले,
कृष्ण ज्ञवाली
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ५७) काठमाडौं, फागुन १३ गते २०६४ साल (संख्या ४५)**

## भाग ५

### नेपाल सरकार

## वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको

### सूचना

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी ईट्टा भट्टा उद्योगबाट निस्कने धुँवा तथा चिम्नीको उचाई सम्बन्धमा देहायको मापदण्ड लागू गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**ईंट्टा भट्टा उद्योगबाट निस्कने धुवाँ तथा चिम्नीको उचाई सम्बन्धी मापदण्ड**

**(Standard on Chimney Height and Emission for Brick kiln Industry)**

| S.No. | Type of Kiln | Suspended Particulate Matter (maximum limit) | Height of Chimney (minimum limit) |
|---|---|---|---|
| 1. | Bull's Trench kiln, Forced Draught (Fixed Chimney) | 600 mg/Nm3 | 17 meter |
| 2. | Bull's Trench kiln, Natural Draught (Fixed Chimney) | 700 mg/Nm3 | 30 meter |
| 3. | Vertical Shaft Brick Kiln (VSBK) | 400 mg/ Nm3 | 15 meter |

Note :

1. Value of suspended particulate matter shall be calculated considering reference oxygen contentration as 10%.
2. Chimney height shall be measured from ground level.

आज्ञाले,
नारायणप्रसाद सिलवाल
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, पुस ६ गते २०६१ साल (अतिरिक्ताङ्क ४२

## भाग ३

### श्री ५ को सरकार

### जनसंख्या तथा वातावरण मन्त्रालयको सूचना

श्री ५ को सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी खण्ड ५०) असोज ९ गते २०५७ (अतिरिक्ताङ्क ३६ नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको प्रकरण २ (क) को सट्टा देहायको खण्ड (क) राखी संशोधन गरेको छ ।

"क) ट्राइक्लोरोफ्लोरोमिथेन (CFC-11) र डाइक्लोरोडाइफ्लोरोमिथेन (CFC-12) को संयुक्त रूपमा विस्थापन दर :

| वर्ष (इस्वी सन्मा) | २००४ | २००५ | २००६ | २००७ | २००८ | २००९ | २०१० |
|---|---|---|---|---|---|---|---|
| CFC-11 र CFC-12 को संयुक्त (मे. टन) | २७.०० | १३.५ | १३.५ | ४.०५ | ४.०५ | ४.०० | ० |

"

आज्ञाले,
देवराज रेग्मी
श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ५३) काठमाडौं, साउन १९ गते २०६० साल (संख्या १७)**

# भाग ३

## नेपाल सरकार

## जनसंख्या तथा वातावरण मन्त्रालयको

### सूचना

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६० (National Ambient Air Quality Standard, 2003) तोकेको छ।

| **Parameters** | **Units** | **Averaging Time** | **Concentration in Ambient Air, maximum** | **Test Methods** |
|---|---|---|---|---|
| TSP (Total Suspended Particulates) | μg/m$^3$ | Annual | - | |
| | | 24-hours | 230 | High Volume Sampling |
| PM10 | μg/m$^3$ | Annual | - | |
| | | 24-hours | 120 | Low Volume Sampling |
| Sulphur Dioxide | μg/m$^3$ | Annual | 50 | Diffusive sampling based on weekly average |
| | | 24-hours | 70 | To be determined before 2005 A.D. |
| Nitrogen Dioxide | μg/m$^3$ | Annual | 40 | Diffusive sampling based on weekly average |
| | | 24-hours | 80 | To be determined before 2005 A.D. |
| Carbon Monoxide | μg/m$^3$ | 8 hours | 10,000 | To be determined before 2005 A.D. |
| | | 15 minute | 100,000 | Indicative samplers** |
| Lead | μg/m$^3$ | Annual | 0.5 | Atomic Absorption Spectrometry, analysis of PM 10 samples" |
| | | 24-hours | - | |
| Benzene | μg/m$^3$ | Annual | 20 | Diffusive sampling based on weekly average |
| | | 24-hours | - | |

***Note:** 24 hourly values shall be met 95% of the time in a year. 18 days per calendar year the standard may be exceeded but not on two consecutive days.

****Note:** 24 hourly standards for NO2 and SO2 and 8 hours standard for CO are not to be controlled before MoPE has recommended appropriate test methodologies. This will be done before 2005.

*****Note:** Control by spot sampling at roadside locations: Minimum one sample per week taken over 15 minutes during peak traffic hours, i.e. in the period 8am - 10am or 3pm - 6pm on a workday. This test method will be re-evaluated by 2005.

******Note:** If representativeness can be proven, yearly averages can be calculated from PM10 samples from selected weekdays from each month of the year.

*******Note:** To be re-evaluated by 2005.

# नेपाल राजपत्र

## नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ५०) काठमाडौं, कात्तिक २५ गते २०५७ साल (अतिरिक्ताङ्क ४१)**


# भाग ३

### नेपाल सरकार

### जनसंख्या तथा वातावरण मन्त्रालयको

### सूचना

नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी काठमाडौं उपत्यका तथा काठमाडौं उपत्यका बाहिरका उपमहानगरपालिका एवं नगरपालिकाहरुमा बढ्दै गईरहेको सवारी साधनहरुबाट हुने वायू प्रदूषणले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारिरहेको देखिएकोले सो समस्यालाई क्रमशः निराकरण गर्दै लैजाने उद्देश्यले देहाय बमोजिमको व्यवस्था गरेको छ :

१. हाल काठमाडौं उपत्यकामा संचालनमा रहेका सन् १९८० र सोभन्दा पहिलेका मोडेलका (सन् १९८० र सो भन्दा पहिले निर्मित वा उत्पादित) डिजेल वा पेट्रोलबाट चल्ने सरकारी, संस्थानहरुका, निजी एवं भाडाका बस, मिनीबस, मिनीट्रक, मोबाइल ट्रक, ट्याङ्कर, भ्यान र ट्याक्सीहरु मिति २०५८ मार्ग १ गतेदेखि काठमाडौं उपत्यकाभित्र सञ्चालन गर्न पूर्ण प्रतिबन्ध लगाउने र यस प्रकारका सवारी साधनहरुको उपत्यकाभित्र नयाँ दर्तामा तत्काल लागु हुने गरी प्रतिबन्ध लगाउने ।

२. हाल काठमाडौं उपत्यकामा संचालनमा रहेका सरकारी, संस्थानहरुका, निजी एवं भाडाका दुई स्ट्रोक इन्जिन भएका पेट्रोल वा ग्याँसबाट चल्ने तीन पाङ्ग्रे सवारी साधनहरु मिति २०५८ मार्ग १ गतेदेखि काठमाडौं उपत्यकाभित्र संचालन गर्न पूर्ण प्रतिबन्ध लगाउने ।

३. नेपाल सरकारको मिति २०५६ भदौ १४ को निर्णयानुसार आ.ब. २०५६/५७ मा काठमाडौं उपत्यकाबाट दर्ता खारेज गरी विस्थापित गरिएका डिजेलबाट चल्ने तीन पाङ्ग्रे सवारी साधनहरुको तथा उपत्यका बाहिर सो मिति भन्दा पहिलेदेखि नै संचालनमा रहेका डिजेलबाट चल्ने अन्य तीन पाङ्ग्रे सवारी साधनहरुको समेत मिति २०५८ श्रावण १ गतेदेखि नेपाल अधिराज्यका सबै उप-महानगरपालिका तथा नगरपालिकाभित्र सञ्चालन गर्न पूर्ण प्रतिबन्ध लगाउने ।

आज्ञाले,
डा.गोविन्द राज भट्ट
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ५०) काठमाडौं, कात्तिक ७ गते २०५७ साल (अतिरिक्ताङ्क ३८ (छ)**

# भाग ३

## नेपाल सरकार

## जनसंख्या तथा वातावरण मन्त्रालयको

## सूचना १

नेपाल सरकारले वातावरण संरक्षण नियमावली २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४९, पूर्वातिरिक्ताङ्क ३८ क+३ (मिति २०५६ पुष ८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित) यस मन्त्रालयको सूचना १ को खण्ड (ख) पछि देहायबमोजिमको खण्ड (ग) र (घ) थप गरेको छ ।

**ग. एल.पि.जि. (लिक्वीडीफाइड पेट्रोलियम ग्याँस) अथवा एन.जि. (नेचुरल ग्याँस) द्वारा चल्ने सवारी साधनहरु**

१. छ वटासम्म सिट र कूल वजन २.५ टन भन्दा कम भएका यात्रीवाहक कारहरुको लागि

१.१ पहिलो प्रकारको परिक्षण - शीतावस्थाबाट इन्जिन चालु गरेपछिको धुँवा निष्काशन जाँच

| | ग्राम प्रति किलोमिटर | |
|---|---|---|
| | कार्वन मोनोअक्साइड(CO) | हाइड्रो कार्वन र नाइट्रोजनका अक्साइडहरु (HC+NOx) |
| प्रकार अनुमोदन | २.७२ | ०.९७ |
| उत्पादनको दातात्म्यता | ३.१६ | १.१३ |

**द्रष्टव्यः**

- यस प्रकारको परिक्षण विभिन्न देशहरुले अपनाएको चालन चक्र (driving cycle) अनुसार शीतावस्थामा इन्जिन चालु गरी च्यासीस डाइनामोमिटरमा गरिएको हुनुपर्नेछ ।
- एल.पि.जि. अथवा एन.जि. इन्धनद्वारा संचालित सवारी साधनको परिक्षण गरिँदा सवारी साधन उत्पादन गर्न मुलुकहरुले अपनाएको एल.पि.जि. अथवा एन.जि.को सम्मिश्रणको भिन्नतामा आधारित स्थापित परिक्षण प्रक्रिया अनुरुप गरिनुपर्नेछ ।
- पेट्रोल र ग्याँस दुवै खाले इन्धनबाट चल्न सक्ने सवारी साधनहरु जसमा पेट्रोल प्रणाली आपतकालिन अथवा शुरुवात गर्ने उद्देश्यले मात्र जडान गरिएको र साथै पेट्रोल ट्याङ्कीको क्षमता बढीमा पाँच लिटरसम्मको मात्र भएमा यो परिक्षण ग्याँसबाट मात्र चल्न सक्ने सवारी साधनहरुको रुपमा लिइनेछ ।

**३.२ दोस्रा प्रकारको परिक्षण -** निष्काम गति (Idling Speed) मा कार्बन मोनो अक्साइड निष्काशन लागू नहुने

**३.३ तेस्रो प्रकारको परिक्षण-** क्रयाङ्केस (Crank Case) ग्याँसहरुको निष्काशनको जाँच कुनै पनि क्र्याङ्केस ग्याँसहरुको उत्सर्जन हुनुहुँदैन ।

**३.४ चौथो प्रकारको परिक्षण-** वाष्पिक उत्सर्जनको निर्धारण लागू नहुने

**३.५ पाँचौ प्रकारको परिक्षण -** प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना प्रदूषण नियन्त्रण उपकरणहरु जडित भएका सवारी साधनहरुमा त्यस्ता उपकरणहरु ८०,००० किलोमिटरसम्म टिक्न सक्नेगरी सडक अथवा च्यासिस डाइनामोमिटरमा परिक्षण भएको हुनुपर्नेछ ।

माथि जेसुकै कुरा लेखिएको भएतापनि उत्पादनकर्ताले तलको तालिकामा उल्लेखित डिटेरियोरेसन फ्याक्टरको प्रयोग गर्न सक्नेछ ।

| डिटेरियोरेसन फ्याक्टर्स | |
|---|---|
| CO | HC+NOx |
| १.२ | १.२ |

**४. दुई पांग्रे सवारी साधनहरुका लागि**

**४.१ पहिलो प्रकारको परिक्षण -** शीतावस्थाबाट इन्जिन चालु गरेपछिको धुवाँ निष्काशन जाँच

| | **ग्राम प्रति किलोमिटर** | |
|---|---|---|
| | **कार्वन मोनोअक्साइड** (CO) | **हाइड्रो कार्वन र नाइट्रोजनका अक्साइडहरु** (HC+NOx) |
| **प्रकार अनुमोदन** | २.० | २.० |
| **उत्पादनको तादात्म्यता** | २.४ | २.४ |

**द्रष्टव्य:**

- यस प्रकारको परिक्षण विभिन्न देशहरुले अपनाएको चालन चक्र (driving cycle) अनुसार शीतावस्थामा इन्जिन चालु गरी च्यासीस डाइनामोमिटरमा गरिएको हुनपर्नेछ ।
- एल.पि.जी. अथवा एन.जि. इन्धनद्वारा संचालित सवारी साधनको परिक्षण गरिँदा सवारी साधन उत्पादन गर्ने मुलुकहरुले अपनाएको एल.पि.जि. अथवा एन.जि.को सम्मिश्रणको भिन्नतामा आधारित स्थापित परिक्षण प्रक्रिया अनुरुप गरिनुपर्नेछ ।

पेट्रोल र ग्याँस दुबै खाले इन्धनबाट चल्न सक्ने सवारी साधनहरु जसमा पेट्रोल प्रणाली आपत्कालिन अथवा शुरुवात गर्ने उद्देश्यले मात्र जडान गरिएको र साथै पेट्रोल ट्याङ्कीको क्षमता बढीमा पाँच लिटरसम्मको मात्र भएमा यो परिक्षण ग्याँसबाट मात्र चल्न सक्ने सवारी साधनहरुको रुपमा लिइनेछ ।

**४.२ दोस्रो प्रकारको परिक्षण -** निष्काम गति (Idling Speed) मा कार्बन मोनो अक्साइड निष्काशन लागू नहुने

**४.३ तेस्रो प्रकारको परिक्षण -** क्रयाङ्केस (Crank Case) ग्याँसहरुको निष्काशनको जाँच कुनै पनि क्रयाङ्केस ग्याँसहरुको उत्सर्जन हुनुहुँदैन ।

**४.४ चौथो प्रकारको परिक्षण -** वाष्पिक उत्सर्जनको निर्धारण लागू नहुने

**४.५ पाँचौ प्रकारको परिक्षण –** प्रदुषण नियन्त्रण उपकरणहरुको टिकाउपना प्रदूषण नियन्त्रण उपकरणहरु जडित भएका सवारी साधनहरुमा त्यस्ता उपकरणहरु ८०,००० किलोमिटरसम्म टिक्न सक्नेगरी सडक अथवा च्यासिस डाइनामोमिटरमा परिक्षण भएको हुनुपर्नेछ ।

| **डिटेरियोरेसन फ्याक्टर्स** | |
|---|---|
| C O | HC+NOx |
| **१.२** | **१.२** |

माथि जेसुकै कुरा लेखिएको भएता पनि उत्पादनकर्ताले तसको तालिकामा उल्लेखित डिटेरियोरेसन फ्याक्टरको प्रयोग गर्न सक्नेछ :

| | ग्राम प्रति किलोमिटर | |
|---|---|---|
| | **कार्वन मोनोअक्साइड** (CO) | **हाइड्रो कार्बन र नाइट्रोजनका अक्साइडहरु** (HC+NOx) |
| **प्रकार अनुमोदन** | **२.७२** | **०.९७** |
| **उत्पादनको दातात्म्यता** | **३.१६** | **१.१३** |

**द्रष्टव्य :**

- प्रदुषण नियन्त्रण उपकरणहरु जडान भएमा मात्र लागू हुने ।

**घ. शिशारहित पेट्रेल वा शिशारहित पेट्रोल र एल.पि.जि. (लिकवीडीफाइड पेट्रोलियम ग्याँस) अथवा एन.जि. (नेचुरल ग्याँस) द्वारा चल्ने सवारी साधनहरु**

**१. छ वटा सम्म सिट र कूल वजन २.५ टन भन्दा कम भएका यात्रीवाहक कारहरुको लागि**

**१.१ पहिलो प्रकारको परिक्षण –** शीतावस्थाबाट इन्जिन चालू गरेपछिको धुँवा निष्काशन जाँच

| | ग्राम प्रति किलोमिटर | |
|---|---|---|
| | **कार्वन मोनोअक्साइड** (CO) | **हाइड्रो कार्वन र नाइट्रोजनका अक्साइडहरु** (HC+NOx) |
| **प्रकार अनुमोदन** | **४.०** | **२.०** |
| **उत्पादनको दातात्म्यता** | **४.८** | **२.४** |

**द्रष्टव्य :**

- यस प्रकारको परिक्षण विभिन्न देशहरुले अपनाएको चालन चक्र (driving cycle) अनुसार शीतावस्थामा इन्जिन चालु गरी च्यासीस डाइनामोमिटरमा गरिएको हुनुपर्नेछ ।
- शिशारहित पेट्रोल वा एल.पि.जि. वा एन.जि. बाट सञ्चालन हुने सवारी साधनहरुको यो परिक्षण दुबै प्रकारको इन्धनहरुमा गरिनु पर्ने र साथै एल.पि.जि. अथवा एन.जि. इन्धनमा परिक्षण गरिँदा सवारी साधन उत्पादन गर्ने मुलुकहरुले अपनाएको एल.पि.जि. अथवा एन.जि.का सम्मिश्रणको भिन्नतामा आधारित स्थापित परिक्षण प्रक्रिया अनुरुप गरिनुपर्नेछ ।

| डिटेरियोसेसन फ्याक्टर्स | |
|---|---|
| C O | HC+NOx |
| **१.२** | **१.२** |

**द्रष्टव्य :**

- यस प्रकारको परिक्षण विभिन्न देशहरुले अपनाएको चालन चक्र (Driving cycle) अनुसार शीतावस्थामा इन्जिन चालु गरी च्यासीस डाइनामोमिटरमा गरिएको हुनुपर्दछ ।
- शिशारहित पेट्रोल वा एल.पि.जि. वा एन.जि.बाट सञ्चालन हुन सवारी साधनहरुको यो परिक्षण दुबै प्रकारका इन्धनहरुमा गरिनुपर्ने र साथै एल.पि.जि. अथवा एन.जि. इन्धनमा परिक्षण गरिँदा सवारी साधन उत्पादन गर्ने मुलुकहरुले अपनाएका एल.पि.जि. अथवा एन.जि.को सम्मिश्रणको भिन्नतामा आधारित स्थापित परिक्षण प्रक्रिया अनुरुप गरिनुपर्नेछ ।

**३.२ दोस्रो प्रकारको परिक्षण -** निष्काम गति (Idling Speed) मा कार्बन मोनो अक्साइड निष्काशन लागू नहुने

**३.३ तेस्रो प्रकारको परिक्षण-** क्रयाङ्ककेस (Crank Case) ग्याँसहरुको निष्काशनको जाँच कुनै पनि क्रयाङ्ककेस ग्याँसहरुको उत्सर्जन हुनुहुँदैन ।

**३.४ चौथो प्रकारको परिक्षण -** वाष्पिक उत्सर्जनको निर्धारण

वाष्पिक उत्सर्जन दुई ग्राम प्रति परिक्षण भन्दा कम हुनुपर्नेछ ।

३.५ **पाँचौ प्रकारको परिक्षण –** प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना

प्रदूषण नियन्त्रण उपकरणहरु जडित भएका सवारीसाधनहरुमा त्यस्ता उपकरणहरु ८०,००० किलोमिटरसम्म टिक्न सक्नेगरी सडक अथवा च्यासिस डाइनामोमिटरमा परिक्षण भएको हुनुपर्नेछ ।

माथि जेसुकै कुरा लेखिएको भएतापनि उत्पादनकर्ताले तलको तालिकामा उल्लेखित डिटेरियोरेसन फ्याक्टरको प्रयोग गर्न सक्नेछ ।

| | **ग्राम प्रति किलोमिटर** | |
|---|---|---|
| | **कार्वन मोनोअक्साइड** (CO) | **हाइड्रो कार्वन र नाइट्रोजनका अक्साइडहरु** (HC+NOx) |
| **प्रकार अनुमोदन** | २.० | २.० |
| **उत्पादनको दातात्म्यता** | २.४ | २.४ |

द्रष्टव्यः **यस खण्डमा उल्लेखित तेस्रो, चौथो र पाँचौ प्रकारका परिक्षणहरु :**

- शिशारहित पेट्रोल अथवा एल.पि.जि. वा एन.जि. इन्धनद्वारा संचालित सवारी साधनहरुमा यो परिक्षण शिशारहित पेट्रोलमा मात्र गरिनेछ ।
- पेट्रोल र ग्यासिय इन्धन दुबैबाट चल्न सक्ने सवारी साधनहरु जसमा पेट्रोल प्रणाली आपत्कालिन अथवा शुरुवात गर्ने उद्देश्यले मात्र जडान गरिएको र साथै पेट्रोल ट्याङ्कीको क्षमता बढिमा पाँच लिटरसम्मको मात्र भएमा यो प्रकार परिक्षण ग्याँसबाट मात्र चाल सक्ने सवारी साधनहरुको रुपमा लिइनेछ ।

**४. दुई पांग्रे सवारी साधनहरुका लागि**

**४.१ पहिलो प्रकारको परिक्षण -** शीतावस्थाबाट इन्जिन चालु गरेपछिको धुवाँ निष्काशन जाँच

| **डिटेरियोसेसन फ्याक्टर्स** | |
|---|---|
| C O | HC+NOx |
| **१.२** | **१.२** |

**द्रष्टव्य :**

- यस प्रकारको परिक्षण विभिन्न देशहरुले अपनाएको चालन चक्र (driving cycle) अनुसार शीतावस्थामा इन्जिन चालु गरी च्यासीस डाइनामोमिटरमा गरिएको हुनुपर्दछ ।
- शिशारहित पेट्रोल वा एल.पि.जि. वा एन.जि. बाट सञ्चालन हुने सवारी साधनहरुको यो परिक्षण दुवै प्रकारका इन्धनहरुमा गरिनुपर्ने र साथै एल.पि.जि. अथवा एन.जि. इन्धनमा परिक्षण गरिँदा सवारी साधन उत्पादन गर्ने मुलुकहरुले अपनाएको एल.पि.जि. अथवा एन.जि.को सम्मिश्रणको भिन्नतामा आधारित स्थापित परिक्षण प्रक्रिया अनुरुप गरिनु पर्नेछ ।

**४.२ दोस्रो प्रकारको परिक्षण -** निष्काम गति (Idling Speed) मा कार्बन मोनोअक्साइड निष्काशन

लागू नहुने

**४.३ तेस्रो प्रकारको परिक्षण -** कयाङ्ककेस (Crank Case) ग्याँसहरुको निष्काशनको जाँच कुनै पनि कयाङ्ककेस ग्याँसहरुको उत्सर्जन हुनुहुँदैन ।

**४.४ चौथो प्रकारको परिक्षण -** वाष्पिक उत्सर्जनको निर्धारण लागू नहुने

**४.५ पाँचौ प्रकारको परिक्षण -** प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना प्रदूषण नियन्त्रण उपकरणहरु जडित भएका सवारी साधनहरुमा त्यस्ता उपकरणहरु ८०,००० किलोमिटरसम्म टिक्न सक्नेगरी सडक अथवा च्यासिस डाइनामोमिटरमा परिक्षण भएको हुनुपर्नेछ ।

माथि जेसुकै कुरा लेखिएको भएतापनि उत्पादनकर्ताले तलको तालिकामा उल्लेखित डिटेरियोरेसन फ्याक्टरको प्रयोग गर्न सक्नेछ ।

**द्रष्टव्यः यस खण्डमा उल्लेखित तेस्रो, चौथो र पाँचौ प्रकारका परिक्षणहरु :**

- प्रदूषण नियन्त्रण उपकरणहरु जडान भएमा मात्र लागु हुने ।
- शिशारहित पेट्रोल अथवा एल.पि.जि. वा एन.जि. इन्धनद्वारा संचालित सवारी साधनहरुमा यो परिक्षण शिशारहित पेट्रोलमा मात्र गरिनेछ ।
- पेट्रोल र ग्यासिय इन्धन दुवैबाट चल्न सक्ने सवारी साधनहरु जसमा पेट्रोल प्रणाली आपत्कालिन अथवा शुरुवात गर्ने उद्देश्यले मात्र जडान गरिएको र साथै पेट्रोल ट्याङ्कीको क्षमता बढीमा पाँच लिटरसम्मको मात्र भएमा यो प्रकार परिक्षण ग्याँसबाट मात्र चाल सक्ने सवारी साधनहरुको रुपमा लिइनेछ ।

आज्ञाले,
डा.गोविन्दराज भट्ट
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

## नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, असोज ९ गते २०५७ साल -अतिरिक्ताङ्क ३६

**भाग ३**

**नेपाल सरकार**
**जनसंख्या तथा वातावरण मन्त्रालयको सूचना**

नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी ओजोन तहको संरक्षणको लागि व्यवस्था भएको भियना महासन्धि, १९८५ र ओजोन तहलाई नष्ट गर्ने पदार्थहरु सम्बन्धी मन्ट्रियल प्रोटोकल, १९८७ (मन्ट्रियल प्रोटोकल) को नेपाल पक्ष भई सोही हैसियतले आफ्नो प्रतिबद्धता निर्वाह गर्न सो महासन्धि, प्रोटोकल तथा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमका प्रावधानहरु अनुरुप वातावरणमा प्रतिकूल प्रभाव पार्ने पदार्थहरुको प्रयोगमा क्रमिक रुपले बन्देज लगाउने तथा विस्थापन गर्ने क्रममा ओजोन तहलाई नष्ट गर्ने देहायका पदार्थहरुको नेपाल अधिराज्यभित्र हुने वार्षिक पैठारी र उपभोगलाई नियन्त्रण गर्ने उद्देश्यले देहाय बमोजिमको व्यवस्था गरेको छ ।

१. ओजोन तहलाई नष्ट गर्ने पदार्थहरुको वार्षिक खपत र पैठारी परिमाण

मन्ट्रियल प्रोटोकलको अनुसूची A, B, C र E मा उल्लिखित ओजोन तहलाई नष्ट गर्ने विभिन्न पदार्थहरु (Ozone Depleting Substances) मध्ये हाल नेपालमा रेफ्रिजरेशन तथा वातानुकूलन लगायत अन्य व्यापारिक, औद्योगिक एवं कृषि क्षेत्र, अस्पताल तथा दमकल इत्यादितर्फ उपयोग भैरहेका निम्न बमोजिमका पदार्थहरुको वार्षिक उपभोग तथा पैठारी परिमाण देहाय बमोजिम निर्धारण गरिएको छ ।

(क) Montreal Protocol: Controlled Substances

यस तालिकामा उल्लिखित ट्राइक्लोरोफ्लोरोमिथेन (CFC-11) र डाइक्लोरोडाइफलोरोमिथेन (CFC-12) को

| No. | Annex | Group | Chemical Composition of Ozone Depleting Substance | Name of Ozone Depleting Substance | Ozone-Depleting Potential |
|---|---|---|---|---|---|
| 1. | A | 1 | Trichlorofluoromethane $CFCl_3$ | (CFC-11) | 1.0 |
| 2. | A | 1 | Dichlorodifluoromethane $CF_2Cl_2$ | (CFC-12) | 1.0 |

विद्यमान संयुक्त वार्षिक उपभोग परिमाण २९.०५८ मेट्रिक टन रहेकोले सन् २००० को लागि यो पदार्थहरुको संयुक्त वार्षिक पैठारी परिमाण २९.०५८ मेट्रिक टनमा नबढाउने गरी निर्धारण गरिएको छ ।

(ख) Montreal Protocol : Controlled Substances

| No. | Annex | Group | Chemical Composition of Ozone Depleting Substance | Name of Ozone Depleting Substance | Ozone-Depleting Potential |
|---|---|---|---|---|---|
| 1. | C | 1 | Chlorodifluoromethane $CHF_2Cl$ | (HCFC-22) | 0.055 |

यस तालिकामा उल्लिखित क्लोरोडाइफ्लोरोमिथेन (HCFC-22) को विद्यमान वार्षिक उपभोग परिमाण २३.०४ मेट्रिक टन रहेकोले हाललाई यस पदार्थको वार्षिक पैठारी परिमाण सन् २००० का लागि २३.०४ मेट्रिक टनमा नबढाउने गरी निर्धारण गरिएको छ ।

(ग) Montreal Protocol : Controlled Substances

| No. | Annex | Group | Chemical Composition of Ozone Depleting Substance | Name of Ozone Depleting Substance | Ozone-Depleting Potential |
|---|---|---|---|---|---|
| 1. | A | II | Bromochlorodifluoromethane ($CF_2BrCl$) | Halon-1211 | 3.0 |
| 2. | A | II | Bromotrifluoromethane ($CF_3Br$) | Halon-1301 | 10.0 |
| 3. | A | II | Dibromotetrafluoroethane ($C_2F_4Br_2$) | Halon-2402 | 6.0 |
| 4. | B | II | Carbon Tetrachloride ($CCl_4$) | Carbon Tetrachloride | 1.1 |
| 5. | B | III | 1,1,1-trichloroethane ($C_2H_3Cl_3$) | Methyl Chloroform | 0.1 |
| 6 | E | I | Bromomethane ($CH_3Br$) | Methyl Bromide | 0.6 |

यस तालिकामा उल्लिखित कृषि, अस्पताल, दमकल इत्यादितर्फ उपयोग भईरहेका ओजोन तहलाई नष्ट गर्ने अन्य पदार्थहरु जस्तै हेलोन, कार्बन टेट्राक्लोराइड, मिथाइल क्लोरोफर्म, मिथाइलब्रोमाड इत्यादिको कूल वार्षिक उपभोग परिमाण सन् २००० को लागि दुई मेट्रिक टन रहेको हुँदा यस्ता पदार्थहरुको वार्षिक पैठारी परिमाण समय समयमा तोके बमोजिम हुने गरी दुई मेट्रिक टन निर्धारण गरिएको छ ।

२. ओजोन तहलाई नष्ट गर्ने देहाय बमोजिमका पदार्थहरुको वार्षिक विस्थापन (Phase-out) दर देहाय बमोजिम निर्धारण गरिएको छ :-

(क) **ट्राइक्लोरोफ्लोरोमिथेन** (CFC-11) **र डाइक्लोरोडाइफ्लोरोमिथेन** (CFC-12) **को संयुक्त रुपमा विस्थापन दर :**

(ख) क्लोरोडाइफ्लोरोमिथेन (HCFC-22)

| वर्ष (इस्वी सन्मा) | २००० | २००१ | २००२ | २००३ | २००४ | २००५ | २००६ | २००७ | २००८ | २००९ | २०१० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| CFC-11 र CFC-12 को संयुक्त (मे.टन) | २९.०५८ | २६ | २३ | २० | १७ | १४ | ११ | ८ | ५ | २ | ० |

क्लोरोडाइफ्लोरोमिथेन (HCFC-22) को वार्षिक पैठारी एवं उपभोगको परिमाण सन् २०१५ सम्मको लागि वार्षिक २३.०४ मेट्रिक टन कायम गरिएको छ। तत्पश्चात् यस परिमाणमा वार्षिक रुपले क्रमशः विस्थापनगर्दै लगी सन् २०४० सम्ममा शून्यमा पुऱ्याइनेछ।

(ग) प्रकरण (ख) मा उल्लिखित पदार्थको सन् २०१५ पछिको विस्थापन दर मन्ट्रियल प्रोटोकल अन्तर्गतका बैठकहरुद्वारा हुने संशोधनहरु अनुसार तोकिनेछ।

(घ) ओजोन तहलाई नष्ट गर्ने अन्य पदार्थहरु

हाल नेपालमा उपभोगमा रहेका ओजोन तहलाई नष्ट गर्ने अन्य पदार्थहरुको जम्मा उपभोग परिमाण न्यून रहेकोले यसको विस्थापन सन्दर्भमा प्रोटोकलका प्रावधानहरु अनुरुप जनसंख्या तथा वातावरण मन्त्रालयले तोके बमोजिम हुनेछ।

३. यो सूचना प्रकाशन भएको मितिदेखि खण्ड १ को प्रकरण (क) र (ख) मा उल्लिखित ओजोन तहलाई नष्ट गर्ने पदार्थहरुको पैठारी जनसंख्या तथा वातावरण मन्त्रालयको सिफारिसमा नेपाल सरकारको सम्बन्धित निकायद्वारा जारी गरिएको आयात इजाजतपत्रको आधारमा मात्र गर्न सकिनेछ। यस्तो पदार्थहरुको पुनः निकासी हुन सक्ने छैन।

४. यस सूचनाको खण्ड १ को प्रकरण (क) र (ख) मा उल्लिखित पदार्थहरुको सन् २००० को लागि पैठारी गर्न इजाजत पत्र दिइने निर्धारित परिमाणभित्र यो सूचना प्रकाशित भएको मितिसम्म नेपाल अधिराज्यभित्र पैठारी गरिएको परिमाणलाई समेत गणना गरिनेछ।

५. यस सूचनामा उल्लिखित कुनै कुराका सम्बन्धमा कुनै द्विविधा भएमा त्यसमा जनसंख्या तथा वातावरण मन्त्रालयले स्पष्ट पार्नेछ।

६. यस सूचनामा उल्लिखित पदार्थहरुको वार्षिक पैठारी र उपभोग नियमित गर्ने तथा यसको व्यवस्थापन, नियन्त्रण र अनुगमन इत्यादि सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

आज्ञाले,
डा.गोविन्दराज भट्ट
नेपाल सरकारको सचिव

गोरखापत्र, २०५६ साल, पौष १२ गते

**नेपाल सरकार**
**जनसंख्या तथा वातावरण मन्त्रालयको**
**अत्यन्त जरुरी सूचना**

नेपाल अधिराज्यभरी नै वातावरणीय स्वच्छता कायम गर्ने तथा सांस्कृतिक, धार्मिक, एवं पर्यटकीय दृष्टिकोणले अति महत्वपूर्ण काठमाण्डौ उपत्यकाको समेत वातावरण सुधार ल्याउनु पर्ने तथा सम्पूर्ण देशबासीहरुले स्वस्थ जीवनयापन गर्न पाउन् भन्ने उद्देश्यले देशमा बढ्दै गइरहेको सवारी साधनबाट हुने प्रदुषणलाई न्युन गरि निश्चित मापदण्ड निर्धारण गर्नुपर्ने वास्तविकतालाई दृष्टिगत गरी आम जनता, व्यवसायीहरु, सरकारी तथा गैर सरकारी निकायहरु, संघ/संस्था, पत्रकार जगत, वौद्धिक समुदाय, बिशेषज्ञ आदि सबैबाट सहयोग, समर्थन एवं सहभागीताको अपेक्षा गर्दै नेपाल सरकारले मिति २०५६ पौष ८ गते गरेको निम्न बमोजिम निर्णय सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

१. हाल विभिन्न मुलुकले सवारी प्रदुषण सम्बन्धी आ-आफ्ना Mass Emission मापदण्ड निर्धारण गरेको परिप्रेक्ष्यमा नेपालमा आयात हुने सवारी साधानहरुको लागि पनि सवारी प्रदुषण मापदण्ड (Mass Emission Standards) समेत निर्धारण गर्न आवश्यक देखिन्छ। धेरै देशहरुले अपनाएका Mass Emission Norms युरोपियन यूनियन निर्धारण गरेको Mass Emission Parameters सँग मिल्दो जुल्दो रहेको पाइएकोले नेपालले पनि आफ्नो Mass Emission मापदण्ड Euro 1 अन्तर्गत परिभाषित Parameter को आधारमा नै नयाँ आयात हुने सवारी साधनहरु (ट्याक्टर, पावर ट्रिलर, डोजर, लोडर, डम्फर, क्रेन, रोलर, एक्साकेभेटर, बाहेक) को लागि निर्धारण गर्ने । उपरोक्त बमोजिम Vehicle सम्बन्धी Parameter हरु अनसुचि १ मा उल्लेख गरिएका छन्। यसलाई नेपाल सवारी प्रदुषण मापदण्ड, २०५६ (Nepal Vehicle Mass Emission Standard, 2056) नामाकरण गरिएको छ । उक्त अनुसूचि १ मा उल्लेखित प्रदुषण मापदण्डबारे कुनै प्रकारको व्याख्या आवश्यक परेमा जनसंख्या तथा वातावरण मन्त्रालयले दिनसक्ने छ ।

२. माथि उल्लेखित नेपाल सवारी प्रदुषण मापदण्ड २०५६ (Nepal Vehicle Mass Emission Standard,2056) तत्काल लागुहुनेछ। तर यो निर्णय भन्दा पहिला आयात गर्न प्रतित (एल.सी) खोलिसकेका वा नेपालभित्र प्रबेश गरिसकेका सवारी साधनहरुको हकमा यो लागु हुने छैन ।

३. अब उपरान्त आयात हुने सबै प्रकारका सवारी साधनहरुले माथि उल्लेखित नेपाल सवारी प्रदुषण मापदण्ड, २०५६ (Nepal Vehicle Mass Emission Standard,2056) पालना गरेको हुनुपर्नेछ।

४. बुँदा नं. १ को अनुसुचि १ का उल्लेखित Mass Emission Norms अनुसार Type Approval को लागि सवारी साधन उत्पादन गर्ने मुलुकहरुले अपनाउने गरेको Test Driving cycle लाई मान्यता दिइने छ।

५. आर्थिक ऐन, २०५६ र २०५६।५।१४ को मन्त्रिपरिषदको निर्णयमा उल्लेखित यूरो-१ मापदण्डलाई नेपाल सवारी प्रदुषण मापदण्ड, २०५६ (Nepal Vehicle Mass Emission Standard,2056) सरह मानिनेछ।

६. उपरोक्त बमोजिमको सवारी साधनहरु आयातकर्ताले सो सवारी साधन निर्माण भएको देशको आधिकारLs निकायबाट बुँदा नं. १ को अनुसूचिमा उल्लेखित Mass Emission Standard, भित्र रहेको र Type Approval समेत भएको प्रमाण पेश गर्नुपर्नेछ। यस्ता सवारी साधनहरु उक्त प्रमाणपत्रको आधारमा मात्र दर्ता गरिनेछ । आयातकर्ताले झुठा प्रमाण पेश गरेको पाइएमा त्यस्ता सवारी साधन खारेज गरि अन्य कानूनी कारवाही गरिनेछ ।

७. उक्त मापदण्ड जाँच गर्ने निकाय हालसम्म नेपालमा नभएकोले उपकरण सहितको त्यस्तो निकायको

संस्थागत विकास हुन जरुरी छ । उक्त निकाय नभएसम्मलाई माथि बुँदा नं.६ मा उल्लेख भएको प्रमाण पत्रको आधारमा नै सवारी साधनहरुको दर्ता गर्ने । उक्त प्रमाण पत्रको विश्वसनियतामाथि शंका लागेमा यातायात व्यवस्था विभागले जाँचबुझ गर्न सक्ने छ ।

८. काम नलाग्ने भनी सरकारी निकाय, संस्थान र कुटनैतिक स्वामित्वमा रहेका सवारी साधनहरु लिलाम बिक्रि गरिने गरेको र यस्ता काम नलाग्ने सवारी साधनहरुले प्रदुषणको थप समस्या उत्पन्न गर्ने हुदाँ बागमती अञ्चलमा यस्ता लिलाम बिक्रि सवारी साधनहरुको नयाँ दर्ता एवं नामसारीमा तत्काल रोक लगाउने । साथै उत्पादन भएको २० बर्ष पुगेका सवारी साधनहरुको लिलाम बिक्रि पश्चात अधिराज्यको अन्य ठाउँमा पनि दर्ता एवं नामसारीमा रोक लगाउने । २० बर्ष नपुगेका लिलाम बिक्रिबाट दर्ता एवं नामसारी हुन आउने सवारी साधनहरु पनि बागमती अञ्चल बाहिर अन्य ठाउँमा दर्ता वा नामसारी गर्दा हाललाई काठमाण्डौ उपत्यकामा संचालन गर्न नपाउने गरी मात्र दर्ता एवं नामसारी गर्ने ।

९. उपत्यकाभित्र सञ्चालनमा रहने सरकारी निकाय, संस्थान र कुटनैतिक स्वामित्वमा रहेका सवारी साधनहरुले ०५६।११।७ देखि नेपाल सरकारले समय समयमा तोकेको प्रदुषण मापदण्डभित्र रहेको भागमा मात्र काठमाण्डौ उपत्यकामा चल्न दिनेछ। तर त्यस्ता मापदण्डभित्र नपर्ने सवारी साधनलाई मर्मत सम्भारको लागि सम्बन्धित निकायबाट अनुमति पत्र लिई ग्यारेज/वर्कसपसम्म आवत जावत गर्न दिने । नेपाल सरकारले सम्बन्धित निकायले उपत्यकाभित्र संचालनमा रहेका सबै प्रकारका सवारी साधनको यथास्थिति (Condition) को अनुगमन गर्ने तथा निर्धारित प्रदुषण मापदण्डभित्र रहने गरी यिनीहरुको मर्मत सम्भार गराउने र सोको प्रमाणपत्रहरु (Certificate) अनिवार्य रुपले राख्न लगाउने व्यवस्था गर्ने । उपत्यकाभित्र संचालन हुने सबै प्रकारका सवारी साधनहरुले अनिवार्य रुपले प्रदुषण मापदण्डभित्र रहेको प्रमाण (Sticker) राख्नु पर्ने ।

१०. नेपाल सरकार (मन्त्रिपरिषद) को मिति ०५६।५।१४ को निर्णयका २ स्टोक इन्जिन भएका सवारी साधनहरुको दर्तामा रोक लगाउने भनि उल्लेख भएको सम्बन्धमा उक्त निर्णय अगावै नेपालभित्र आयात भइसकेका वा प्रतितपत्र खोली सकिएका उक्त प्रकारका सवारी साधनहरु काठमाण्डौ उपत्यकामा संचालन गर्न नपाउने गरी बागमति अञ्चल बाहेक अन्यत्र दर्ता गर्न दिने । नेपाल सवारी प्रदुषण मापदण्ड २०५६ (Nepal Vehicle Mass Emission Standard,2056) भित्र पर्ने टू-स्ट्रोक इन्जिन भएका सवारी साधनहरुलाई काठमाण्डौ उपत्यका, पोखरा शहरी क्षेत्र एवं लुम्बिनी क्षेत्र बाहिर मात्र दर्ता र संचालन गर्न दिने गरी आयात गर्न दिने ।

११. सवारी साधनहरुबाट हुने प्रदुषण मुख्य रुपमा सो सवारीमा प्रयोग हुने इन्धनको गुणस्तरमा पनि निर्भर गर्दछ । इन्धन निर्धारित गुणस्तर अनुसार भए नभएको अनुगमन गर्ने प्रणालीलाई र समय समयमा छड्के निरीक्षण गर्ने प्रणालीलाई प्रभावकारी रुपमा अगाडि बढाउने । यस सम्बन्धमा जनसंख्या तथा वातावरण मन्त्रालयको संयोजकत्वमा सम्बन्धित निकायहरुले आपसमा समन्वयन गरी काम गर्ने ।

१२. सवारी साधनहरु सञ्चालन हुने सडकको अवस्थाले पनि सवारी साधनहरुबाट हुने प्रदुषणको मात्रामा उल्लेखनीय रुपमा प्रभाव पार्ने हुनाले सडक मर्मतको कार्य तथा सरसफाईलाई पनि निर्माण तथा यातायात मन्त्रालयले उच्च प्राथमिकता दिनुपर्ने ।

१३. आयात हुने सवारी साधनहरुको Specification मा उल्लेख भएको वजन वा सिट संख्या भएमा सो सवारी साधनहरुले प्रदुषणको थप समस्या गर्ने हुने हुँदा त्यस्ता सवारी साधनहरुको दर्ता नगर्ने । सवारी आयातकर्ताले आयात गर्ने माइक्रो बस लगायत अन्य सवारी साधनहरुले बोक्न सक्ने क्षमता र सिट संख्या सम्बन्धमा विस्तृत Specification भएको प्रमाणित कागजातहरु यातायात व्यवस्था विभागमा सो गाडि दर्ता गर्दा पेश गर्नुपर्नेछ । पेश भएका कागजातहरु झुठा ठहरिएमा सवारी साधनहरुको दर्ता खारेज गरिनेछ ।

१४. नेपाल सरकार (मं.प.)बाट मिति २०५६।५।१४ मा निर्माण तथा यातायात मन्त्रालयले काठमाडौं उपत्यकाको

सडकहरुको धारणा क्षमता (Carrying Capacity) लाई ध्यानमा राखी नयाँ गाडी दर्ता क्रमशः नियन्त्रण गर्दै लैजाने भन्ने निर्णय भए अनुरुप उक्त मन्त्रालयले नयाँ गाडी दर्ताको उपयुक्त प्रतिशत निर्धारण गर्ने ।

१५. भारतमा सन् २००० अप्रिल १ देखि India 2000 (Vehicle Mass Emission Standard) लागू हुने भएकोले नेपालमा भारतमार्फत् आयात हुने पेट्रोलियम पदार्थको गुणस्तर यूरो-१ मापदण्डमा उल्लेखित Reference Fuel को गुणस्तर सरहको हुन सक्ने देखिएकोले उक्त समयदेखि सोही गुणस्तर बमोजिमको पेट्रोलियम पदार्थ आयात गर्ने व्यवस्था नेपाल आयल निगम मार्फत आपूर्ति मन्त्रालयले मिलाउने ।

१६. आपूर्ति मन्त्रालयले नेपाल आयल निगम मार्फत् वीरगञ्जलगायतका अन्य प्रमुख शहरहरुमा पनि Unleaded Petrol को वितरण गर्ने व्यवस्था मिलाउने र साथै आयात हुने इन्धनको गुणस्तरको परिक्षणका लागि प्रयोगशालामा octane number/cetene number समेत परीक्षण गर्न आवश्यक पर्ने थप उपकरणहरु एवं जनशक्तिको आवश्यक व्यवस्थाको लागि पहल गर्ने ।

१७. नेपाल आयल निगमका केन्द्रीय एवं क्षेत्रीय प्रयोगशालाहरुलाई सम्पूर्ण सुविधायुक्त (Full Fledged) प्रयोगशालाको रुपमा विकसित गर्ने र मौजुदा Mobile Laboratory Van को संख्यामा बृद्धि गर्ने व्यवस्था आपूर्ति मन्त्रालयले मिलाउने ।

१८. स्वदेशमा भित्रिसकेको इन्धनको गुणस्तरमा मिसावट हुनबाट रोक्न देहाय बमोजिमका व्यवस्थाहरु अवलम्बन गर्न आपूर्ति मन्त्रालयले पहल गर्ने ।

- अनुगमन गर्दा मिसावट गरेको पाइएमा पम्पहरुको नाम सार्वजनिक समेत गर्ने ।
- इन्धन नेपाल भित्रिने सबै नाकाहरुबाट इन्धनको ढुवानी गर्दा त्यस्ता ढुवानीका साधनहरुको ढकन तथा Valve हरुमा लगाउनु पर्ने Seal अनिवार्य गर्ने ।
- बिक्री वितरण हुने पेट्रोलियम पदार्थको परिमाणमा निश्चितता ल्याउन Tank Lorry Calibration गर्न सक्ने सुविधा नेपाल आयल निगममा विकास गर्ने ।
- हाल मट्टीतेलमा Dye को व्यवस्था गरिए जस्तै अन्य उपायहरु (Coumarine Fur Fur Aldehyde) पनि हुन सक्ने हुँदा यस्ता उपायहरुको निरन्तर अध्ययन एवं अनुसन्धान गर्न जनसंख्या तथा वातावरण मन्त्रालयको संयोजकत्वमा सम्बन्धित निकायका प्रतिनिधिहरु संलग्न रहेको प्राविधिक टोलीको गठन गर्ने ।

१९. नेपाल आयल निगमबाट इन्धनको गुणस्तर सम्बन्धि गरिने अनुगमनलाई अझ बढी प्रभावकारी बनाउन नेपाल गुणस्तर तथा नापतौल विभागलाई पनि अनुगमन गर्न सक्ने निकायको रुपमा तोकिनुपर्ने । नेपाल आयल निगमले नेपाल गुणस्तर तथा नाप तौल विभागलाई शुरु इन्धनको नमूना (Mother Sample) उपलब्ध गराउने व्यवस्था आपूर्ति मन्त्रालयले मिलाउने ।

२०. हाल लागू रहेको CO% र HSU मा आधारित Behicle Emmission Standard लाई बढी प्रभावकारी बनाउन HC, NOx जस्ता अन्य पारामिटरहरु समेत समावेश गर्न जनसंख्या तथा वातावरण मन्त्रालयको संयोजकत्वमा निर्माण तथा यातायात मन्त्रालय, रोनाष्ट, इन्जिनियरिङ्ग क्याम्पस, नेपाल आयल निगम तथा यातायात व्यवसायीहरुमध्येबाट १/१ जना र ब्च्च एर्यागितष्यल सम्बन्धी अध्ययनमा संलग्न गैरसरकारी संस्थाहरुबाट २ जना सदस्यहरु रहेको एक प्राविधिक समिति गठन गर्ने । यस समितिलाई हालको मापदण्ड पुनरावलोकन, परिक्षण प्रणालीको संस्थागत एवं पूर्वाधारको विकास, प्रभावकारी अनुगमन प्रणाली, काठमाडौं उपत्यकामा संचालित सबै प्रकारका पुराना सवारी साधनहरुको उपत्यकाबाट विस्थापन (Phasing Out) गर्ने कार्यक्रम, निर्धारित मापदण्ड पालना गर्नुपर्ने समयावधि र Compressed Natural Gas (CNG) लगायत अन्य न्बक को उपयोगको अध्ययन समेतमा ठोस राय सुझाव दिनुपर्ने कार्यक्षेत्र तोक्नेगरी ४ महिनाको अवधि निर्धारण गर्ने आवश्यकतानुसार छिमेकि मुलुकहरुले अवलम्बन गरेका उपायहरु अध्ययन

गर्न आवश्यक व्यवस्था जनसंख्या तथा वातावरण मन्त्रालयले मिलाउने ।

२१. नेपाल अधिराज्यभित्र रिकण्डिसन तथा सेकेण्ड ह्याण्ड गाडीहरुको आयातमा तत्कालै लागू हुने गरी प्रतिबन्ध लगाउने । एम्बुलेन्स तथा फायरब्रिगेड जस्ता सवारी साधनहरु एवं यो निर्णय हुनुभन्दा अगावै सिपमेन्ट भइसकेका वा एल.सि. खोलिसकिएका सवारी साधनहरुको हकमा यो लागू हुनेछैन । तर यस्ता सवारी साधनहरु कम्तिमा नेपाल सरकारले हाल कायम गरिराखेको प्रदूषण मापदण्डभित्र रहेको हुनुपर्नेछ ।

२२. काठमाडौं उपत्यकामा डिजेलबाट संचालित तीन पांग्रे सवारी साधनको सट्टामा त्यस्ता सवारी साधनका धनीले पेट्रोलद्वारा संचालन हुने १० देखि १४ सिटे माइक्रोबसहरुको इन्जिन प्रणाली Compressed Natural Gas (CNG), Liquid Natural Gas (LNG), Liquefied Petroleum Gas (LPG) जस्ता अति न्यून वायु प्रदूषण गर्ने खालका वैकल्पिक इन्धनहरु प्रयोग गर्ने गरी उत्पादनकर्ता मुलुकमा नै रुपान्तरण (Conversion) गरिसकिएको प्रमाणित कागज पत्र पेश गरेमा वा नेपालभित्र आयात भइसकेपछि नेपाल सरकारको सम्बन्धित निकायले निर्धारण गरेको अवधिभित्र रुपान्तरण गरिएको प्रमाण पेश गरेपछि मात्र दर्ता हुनेगरी आयात गर्न दिने । यसप्रकार आयात गरिने माइक्रोबसहरुमा लाग्ने भन्सार महसुलमा ९९% तथा मूल्य अभिवृद्धि करमा पूणूरुपले छुट दिने । यस्ता सवारी साधनहरुलाई पेट्रोल वा डिजेलबाट संचालन गर्न अनुमति नदिने ।

द्रष्टव्य : उक्त सम्बन्धमा आवश्यक थप जानकारीका लागि जनसंख्या तथा वातावरण मन्त्रालय, वातावरण महाशाखामा सम्पर्क राख्न सकिनेछ ।

अनुसूची १ तल दिइएको छ ।

# नेपाल राजपत्र

**नेपाल सरकारद्वारा प्रकाशित**

**खण्ड ४९) काठमाडौं, पुस ८ गते २०५६ साल (पूर्वातिरिक्ताङ्क ३८ (क+३)**

# भाग ३

**नेपाल सरकार**

**जनसंख्या तथा वातावरण मन्त्रालयको**

**सूचना १**

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी अब उप्रान्त-आयात हुने ट्याक्टर, पावर ट्रीलर, डोजर, लोडर, डम्फर, क्रेन, रोलर, एक्साकेभेटर बाहेकका सवारी साधनहरुको लागि देहाय बमोजिमको नेपाल सवारी प्रदूषण मापदण्ड, २०५६ (Nepal Vehicle Mass Emission Standard, 2056) तत्काल लागू हुने गरी तोकेको छ । यस मापदण्डबारे कुनै प्रकारको व्याख्या आवश्यक परेमा जनसंख्या तथा वातावरण मन्त्रालयले गर्न सक्नेछ ।

## नेपाल सवारी प्रदूषण मापदण्ड, २०५६

## (Nepal Vehicle Mass Emission Standard, 2056)

**क. पेट्रोलद्वारा चल्ने सवारी साधनहरु** (Positive Ignition Engines)

१. छ वटा सम्म सिट तथा कुल वजन २.५ टन भन्दा कम भएका यात्रीवाहक कारहरुको लागि

१.१ पहिलो प्रकारको परीक्षण– शीतावस्थामा इन्जिन चालु गरेपछिको धुँवा निष्काशन जाँच

| | ग्राम प्रति किलोमिटर | |
|---|---|---|
| | कार्वन मोनोअक्साइड (CO) | हाइड्रोकार्बन र नाइट्रोजन अक्साइड (HC+NOx) |
| प्रकार अनुमोदन (Type Approval)* | २.७२ | ०.९७ |
| उत्पादनको तादात्म्यता (Conformity of Production)* | ३.१६ | १.१३ |

द्रष्टव्य : यस प्रकारको परीक्षण विभिन्न देशहरुले अपनाएको चालन-चक्र (driving cycle) अनुसार शीतावस्थामा इन्जिन चालु गरी च्यासीस डाइनामोमिटरमा गरिएको हुनुपर्नेछ ।

* यसको लागि व्याख्यात्मक टिप्पणी हेर्नुहोला ।

१.२ दोस्रो प्रकारको परीक्षण – निष्काम गति (Idling speed) मा कार्बन मोनोक्साइड निष्काशन
यो परीक्षण शिशायुक्त पेट्रोलद्वारा संचालित सवारी साधनहरुमा मात्र लागू हुन्छ ।
पहिलो प्रकारको परीक्षणको लागि प्रयुक्त परिस्थितिमा इन्जिन निष्काम गतिमा रहँदा निस्केको धुँवाजन्य ग्याँसमा कार्बोन मोनोअक्साइडको परिमाण आयतनको आधारमा (by volume) ३.५% नाघ्नु हुँदैन ।

१.३ तेस्रो प्रकारको परीक्षण –क्राँककेस (Crankcase) ग्याँसहरुको निष्काशनको जाँच
क्रांककेसको हावा आवागमन प्रणाली (ventilation system) ले कुनै पनि क्रांककेस ग्याँसहरुलाई वायुमण्डलमा निष्काशन हुन दिनुहुँदैन ।

| सन्दर्भ तौल (Reference Mass)* (किलोग्राम) | | ग्राम प्रति किलोमिटर | | |
|---|---|---|---|---|
| | | कार्बन मोनोअक्साइड (CO) | हाइड्रोकार्बन र नाइट्रोजन अक्साइड (HC+NOx) | धुलोको कण (Particulate Matter) PM |
| RM<१२५० | प्रकार अनुमोदन (Type Approval)* | २.७२ | ०.९७ | ०.१४ |
| | उत्पादनको तादात्म्यता (Conformity of Production)* | ३.१६ | १.१३ | ०.१८ |
| १२५० <RM<१७०० | प्रकार अनुमोदन (Type Approval)* | ५.१७ | १.४ | ०.१९ |
| | उत्पादनको तादात्म्यता (Conformity of Production)* | ६.० | १.६ | ०.२२ |
| RM>१७०० | प्रकार अनुमोदन (Type Approval)* | ६.९ | १.७ | ०.२५ |
| | उत्पादनको तादात्म्यता (Conformity of Production)* | ८.० | २.० | ०.२९ |

द्रष्टव्य : यस प्रकारको परीक्षण विभिन्न देशहरुले अपनाएको चालन-चक्र (driving cycle) अनुसार शीतावस्थामा इन्जिन चालु गरी च्यासीस डाइनामोमिटरमा गरिएको हुनुपर्नेछ ।

* यसको लागि व्याख्यात्मक टिप्पणी हेर्नुहोला ।

१.४ चौथो प्रकारको परीक्षण – वाष्पिक निष्काशनको निर्धारण
यो परीक्षण शिशायुक्त र शिशारहित पेट्रोलबाट संचालित सबै सवारी साधनहरुको लागि लागू हुन्छ । वाष्पिक निष्कासन २ ग्राम प्रति परीक्षण भन्दा कम हुनुपर्नेछ ।

१.५ पाँचौं प्रकारको परीक्षण –प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना
यो परीक्षण शिशारहित पेट्रोलद्वारा संचालित सवारी साधनहरुमा मात्र लागू हुन्छ ।
यो परीक्षणले सडक अथवा च्यायिसस डाइनामोमटिरमा चलाउँदा ८०,००० किलोमिटरसम्म टिक्न सक्ने क्षमताको परीक्षणलाई जनाउँछ ।

२. हल्का व्यापारिक सवारी साधनहरु र कुल वजन २.५ टनभन्दा बढी भएका सवारी साधनहरुका लागि

२.१ पहिलो प्रकारको परीक्षण - शीतावस्थामा इन्जिन चालु गरेपछिको धुँवा निष्काशन जाँच

२.२ दोस्रो प्रकारको परीक्षण – निष्काम गति (idling speed) मा कार्बन मोनोअक्साइड निष्काशन ।
यो परीक्षण शिशायुक्त पेट्रोलद्वारा संचालित सवारी साधनहरुमा मात्र लागू हुन्छ ।
पहिलो प्रकारको परिक्षणको लागि प्रयुक्त परिस्थितिमा इञ्जिन निष्काम गतिमा रहँदा निस्केको धुवाँजन्य ग्याँसमा कार्बोन मोनोअक्साइडको परिमाण आयतनको आधारमा (by volume) ३.५% नाघ्नु हुँदैन ।

| | ग्राम प्रति किलोमिटर | | | |
|---|---|---|---|---|
| | कार्बन मोनोअक्साइड (CO) | | हाइड्रोकार्बन र नाइट्रोजन अक्साइड (HC+NOx) | |
| | दुई पांग्रे | तीन पांग्रे | दुई पांग्रे | तीन पांग्रे |
| प्रकार अनुमोदन (Type Approval)* | २.० | ४.० | २.० | २.० |
| उत्पादनको तादात्म्यता (Conformity of Production)* | २.४ | ४.८ | २.४ | २.४ |

द्रष्टव्य : यस प्रकारको परीक्षण विभिन्न देशहरले अपनाएको चालन-चक्र (driving cycle) अनुसार शीतावस्थामा इन्जिन चालु गरी च्यासीस डाइनामोमिटरमा गरिएको हुनुपर्नेछ ।

* यसको लागि व्याख्यात्मक टिप्पणी हेर्नुहोला ।

२.३ तेस्रो प्रकारको परीक्षण : क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशनको जाँच
क्रांककेसको हावा आवागमन प्रणाली (Ventilation system) ले कुनै पनि क्रांककेस ग्याँसहरुलाई वायुमण्डलमा निष्काशन हुन दिनुहुँदैन ।

२.४ चौथो प्रकारको परीक्षण –वाष्पिक निष्काशनको निर्धारण
यो परीक्षण शिशायुक्त र शिशारहित पेट्रोलबाट संचालित सबै सवारी साधनहरुको लागि लागू हुन्छ । वाष्पिक निष्कासन २ ग्राम प्रति परीक्षण भन्दा कम हुनुपर्नेछ ।

२.५ पाँचौ प्रकारको परीक्षण -प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना
यो परीक्षण शिशारहित पेट्रोलद्वारा सञ्चालित सवारी साधनहरुमा मात्र लागू हुन्छ ।
यो परीक्षणले सडक अथवा च्यासिस डाइनामोमिटरमा चलाउँदा ८०,००० किलोमिटरसम्म टिक्न सक्ने क्षमताको परीक्षणलाई जनाउँछ ।

३. दुई पांग्रे तथा तीन पांग्रे सवारी साधनहरुका लागि

३.१ पहिलो प्रकारको परीक्षण –शीतावस्थामा इन्जिन चालु गरेपछिको धुँवा निष्काशन जाँच

३.२ दोस्रो प्रकारको परीक्षण – निष्काम गति (idling speed) मा कार्बन मोनोअक्साइड निष्काशन
यो परीक्षण शिशायुक्त पेट्रोलद्वारा संचालित सवारी साधनहरुमा मात्र लागू हुन्छ । पहिलो प्रकारको परीक्षणको लागि प्रयुक्त परिस्थितिमा इन्जिन निष्काम गतिमा रहँदा निस्केको धुँवाजन्य ग्याँसमा कार्बोन मोनोअक्साइडको परिमाण आयतनको आधारमा (by volume) ३.५% नाघ्नु हुँदैन ।

३.३ तेस्रो प्रकारको परीक्षण -क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशनको जाँच क्रांककेसको हावा आवागमन प्रणाली (ventilation system) ले कुनै पनि क्रांककेस ग्याँसहरुलाई वायुमण्डलमा निष्काशन हुन दिनुहुँदैन ।

३.४ चौथो प्रकारको परीक्षण - वाष्पिक निष्काशनको निर्धारण
यो परीक्षण शिशायुक्त र शिशारहित पेट्रोलबाट सञ्चालित सबै सवारी साधनहरुको लागि लागू हुन्छ । वाष्पिक निष्काशन २ ग्राम प्रति परीक्षण भन्दा कम हुनुपर्नेछ ।

३.५ पाँचौ प्रकारको परीक्षण - प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना
यो परीक्षण शिशारहित पेट्रोलद्वारा संचालित सवारी साधनहरुमा मात्र लागू हुन्छ ।
यो परीक्षणले सडक अथवा च्यासिस डाइनामोमिटरमा चलाउँदा ८०,००० किलोमिटरसम्म टिक्न सक्ने क्षमताकोपरीक्षणलाई जनाउँछ ।

**ख. डिजेलद्वारा चल्ने सवारी साधनहरु (Compression Ignition Engines)**

१. छ सिटसम्म र कुल वजन २.५ टन भन्दा कम भएका यात्रीवाहक कारहरुका लागि

**१.१ पहिलो प्रकारको परीक्षण-** शीतावस्थामा इन्जिन चालु गरेपछिको धुँवा निष्काशन जाँच

| | ग्राम प्रतिकिलोमिटर | | |
|---|---|---|---|
| | कार्बन मोनोअक्साइड (CO) | हाइड्रोकार्बन र नाइट्रोजन अक्साइड (HC+NOx) | धुलोको कण (Particulate Matter) PM |
| प्रकार अनुमोदन (Type Approval)* | २.७२ | ०.९७ | ०.१४ |
| उत्पादनको तादात्म्यता (Conformity of Production)* | ३.१६ | १.१३ | ०.१८ |

द्रष्टव्य : यस प्रकारको परीक्षण विभिन्न देशहरुले अपनाएको चालन-चक्र (driving cycle) अनुसार शीतावस्थामा इन्जिन चालु गरी च्यासीस डाइनामोमिटरमा गरिएको हुनुपर्नेछ ।

**१.२ दोस्रो प्रकारको परीक्षण –** निष्काम गति (idling speed) मा कार्बन मोनोअक्साइड निष्काशन ।
लागू नहुने ।

**१.३ तेस्रो प्रकारको परीक्षण :** क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशनको जाँच
क्रांककेसको हावा आवागमन प्रणाली (Ventilation system) ले कुनै पनि क्रांककेस ग्याँसहरुलाई वायुमण्डलमा निष्काशन हुन दिनुहुँदैन ।

**१.४ चौथो प्रकारको परीक्षण –** वाष्पिक निष्काशनको निर्धारण

* **यसको लागि व्याख्यात्मक टिप्पणी हेर्नुहोला ।**

लागू नहुने

**१.५ पाँचौ प्रकारको परीक्षण –** प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना

यो परीक्षणले सडक अथवा च्यासिस डाइनामोमिटरमा चलाउँदा ८०,००० किलोमिटरसम्म टिक्न सक्ने क्षमताको परीक्षणलाई जनाउँछ ।

**२. हल्का व्यापारिक सवारी साधनहरु र कुल वजन २.५ टनभन्दा बढी भएका सवारी साधनहरुका लागि**

**२.१ पहिलो प्रकारको परीक्षण-** शीतावस्थामा इन्जिन चालु गरेपछिको धुँवा निष्काशन जाँच

| सन्दर्भ तौल (Reference Mass)* (किलोग्राम) | | ग्राम प्रति किलोमिटर | |
|---|---|---|---|
| | | कार्बन मोनोअक्साइड (CO) | हाइड्रोकार्बन र नाइट्रोजन अक्साइड (HC+NOx) |
| RM<१२५० | प्रकार अनुमोदन (Type Approval)* | २.७२ | ०.९७ |
| | उत्पादनको तादात्म्यता (Conformity of Production)* | ३.१६ | १.१३ |
| १२५० <RM<१७०० | प्रकार अनुमोदन (Type Approval)* | ५.१७ | १.४ |
| | उत्पादनको तादात्म्यता (Conformity of Production)* | ६.० | १.६ |
| RM>१७०० | प्रकार अनुमोदन (Type Approval)* | ६.९ | १.७ |
| | उत्पादनको तादात्म्यता (Conformity of Production)* | ८.० | २.० |

द्रष्टव्य : यस प्रकारको परीक्षण विभिन्न देशहरुले अपनाएको चालन-चक्र (driving cycle) अनुसार शीतावस्थामा इन्जिन चालु गरी च्यासीस डाइनामोमिटरमा गरिएको हुनुपर्नेछ ।

* यसको लागि व्याख्यात्मक टिप्पणी हेर्नुहोला ।

**२.२ दोस्रो प्रकारको परीक्षण –** निष्काम गति (idling speed) मा कार्बन मोनोअक्साइड निष्काशन ।

लागू नहुने ।

**२.३ तेस्रो प्रकारको परीक्षण :** क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशनको जाँच

क्रांककेसको हावा आवागमन प्रणाली (Ventilation system) ले कुनै पनि क्रांककेस ग्याँसहरुलाई वायुमण्डलमा निष्काशन हुन दिनुहुँदैन ।

**२.४ चौथो प्रकारको परीक्षण –** वाष्पिक निष्काशनको निर्धारण
लागू नहुने

**२.५ पाँचौ प्रकारको परीक्षण -** प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना
यो परीक्षणले सडक अथवा च्यासिस डाइनामोमिटरमा चलाउँदा ८०,००० किलोमिटरसम्म टिक्न सक्ने क्षमताको परीक्षणलाई जनाउँछ ।

**३. गह्रौ सवारी साधनहरु र कुल वजन ३.५ टनभन्दा बढी भएका सवारी साधनहरुका लागि**

**३.१ पहिलो प्रकारको परीक्षण –** शीतावस्थामा इन्जिन चालु गरेपछिको धुँवा निष्काशन जाँच

| प्रदूषकहरु (Pollutants) | प्रकार अनुमोदन (Type Approval)* | उत्पादनको तादात्म्यता (Conformity of Production)* |
|---|---|---|
| CO (ग्राम प्रति किलोवाट घण्टा) | ४.५ | ४.९ |
| HC (ग्राम प्रति किलोवाट घण्टा) | १.१० | १.२३ |
| NOx (ग्राम प्रति किलोवाट घण्टा) | ८.० | ९.० |
| PM (ग्राम प्रति किलोवाट घण्टा) ८५ किलोवाट भन्दा कम शक्ति भएका इन्जिनहरुको लागि | ०.६१ | ०.६८ |
| PM (ग्राम प्रति किलोवाट घण्टा) ८५ किलोवाट भन्दा बढी शक्ति भएका इन्जिनहरुको लागि | ०.३६ | ०.४० |

द्रष्टव्य : यस प्रकारको परीक्षण विभिन्न देशहरुले अपनाएको परीक्षण चालन-चक्र (test driving cycle) अनुसार १३ मोडको निष्काशन इञ्जिन डाइनामोमिटर परीक्षण (13 Mode Emission Engines Dynamometer Test) मा गरिएको हुनुपर्नेछ ।

* यसको लागि व्याख्यात्मक टिप्पणी हेर्नुहोला ।

**३.२ दोस्रो प्रकारका परीक्षण -** निष्काम गति (idling speed) मा कार्बन मोनोअक्साइड निष्काशन लागू नहुने

**३.३ तेस्रो प्रकारको परीक्षण -** क्रांककेस (Crankcase) ग्याँसहरुको निष्काशनको जाँच क्रांककेसको हावा आवागमन प्रणाली (ventilation system) ले कुनै पनि क्रांककेस ग्याँसहरुलाई वायुमण्डलमा निष्काशन हुन दिनुहुँदैन ।

**३.४ चौथो प्रकारको परीक्षण -** वाष्पिक निष्काशनको निर्धारण लागू नहुने

**३.५ पाँचौ प्रकारको परीक्षण :-** प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपना यो परीक्षणले सडक अथवा च्यासिस डाइनामोमिटरमा चलाउँदा ८०,००० किलोमिटरसम्म टिक्न सक्ने क्षमताको परीक्षणलाई जनाउँछ ।

# व्याख्यात्मक टिप्पणी

**१. प्रकार अनुमोदन (Type Approval)**

धेरैजसो मुलुकहरुले सवारी साधन निर्माताबाट बिक्री गरिएको नयाँ सवारी साधन उपयुक्त प्रदूषण मापदण्डहरु पूरा गर्न सक्षम छ भन्ने कुरा दर्शाउने कुनै किसिमको प्रमाणीकरण वा प्रकारको अनुमोदन चाहन्छन्। सामान्यतः प्रकार अनुमोदनमा योजनाबद्ध ढगबाट उत्पादित सवारी साधनाहरु मध्येबाट प्रतिनिधित्व हुने गरी नमूना (prototype) सवारी साधनहरुको प्रदूषण निष्काशनको परीक्षण गरिन्छ । यूरोपियन समुदायको तथा जापानी नियमावलीहरु अनुसार यसको पालना केवल नयाँ सवारी साधनहरुको लागि मात्र आवश्यक मानिन्छ। अमेरिकी नियम अनुसार सवारी साधनहरुले यस्ता प्रदूषण मापदण्डहरु निर्माण स्पेसिफिकेसन अनुसार मर्मत सम्भार गरिएको अवस्थामा तिनीहरुको उपयोगी जीवनभर पालन गर्नुपर्दछ ।

प्रमाणीकरण वा प्रकार अनुमोदनको फाइदा यो छ कि यसले समूहगत उत्पादन (mass production) हुनु पूर्व नै सवारी साधनहरुको डिजाइनलाई प्रभावित तुल्याउँछ । यो बढी लागत-प्रभावी (cost effective) हुन्छ किनभने निर्माताहरुले यथार्थमा उत्पादन शुरु हुनु अगावै समस्याहरु पहिचान गर्न र सुल्झाउन सक्छन् ।

**२. सवारी साधनको अनुमोदन (Approval of a Vehicle)**

सवारी साधन निर्माताहरुले धुँवा निष्काशन, वाष्पिक निष्काशन र प्रदूषण नियन्त्रण उपकरणहरुको टिकाउपनासंग सम्बन्धित परीक्षण गर्ने जिम्मेवार निकाय समक्ष सवारी साधनको प्रकार अनुमोदनको लागि आवेदन दिन्छन् । अनुमोदनको लागि प्रस्तुत आवेदन पत्रमा इन्जिनको सबै व्यहोरा, जलन कक्ष (combustion chamber) र पिस्टनको नक्सा सहितको विवरण, वाष्पिक नियन्त्रण प्रणाली (Evaporative Control System) को विवरण, सवारी साधनको व्यहोरा, प्रदूषण नियन्त्रण उपकरणहरुको विवरण आदि विषयहरु विस्तृत रुपमा समाविष्ट हुन्छन्। अनुमोदनको लागि पेश हुन आएको सवारी साधनको प्रकारले उल्लिखित विभिन्न किसिमका परीक्षणका शर्तहरु पूरा गरेमा मात्रै त्यस्तो साधनलाई अनुमति प्रदान गरिन्छ ।

**३. उत्पादनको तादात्म्यता (Conformity of Production)**

उत्पादनको तादात्म्यता भनेको जडान रेखा परीक्षण प्रणाली (assembly line testing system) हो। जडान रेखा परीक्षणका उद्देश्यहरु नियमन अधिकारीहरुलाई प्रमाणित गरी उत्पादन गरिएका तर (तिनको हकमा लागू हुने) निष्काशन मापदण्ड पूरा नगरेका सवारी साधनहरुको पहिचान गर्न सक्षम तुल्याउनु, समस्या सुल्झाउनको लागि उपचारात्मक उपायहरु अवलम्बन गर्नु (जस्तै प्रमाणीकरण रद्द गर्नु तथा सवारी साधनहरुलाई प्रत्याह्वान गर्नु) र मापदण्ड पालना नगर्ने सवारी साधनहरुको निर्माणलाई निरुत्साहित गर्नु हुन्। यो परीक्षणले बृहत् परिमाणमा उत्पादित सवारी साधनहरुले प्रमाणीकरणमा निश्चित डिजाइनहरु उत्पादनको अवस्थामा सन्तोषजनक ढंगले रुपान्तरित भएका छन् भन्ने विषयमा थप सुनिश्चितता प्रदान गर्दछ। साथै उत्पादन पश्चात् प्रयोगमा आउने सवारी साधनहरु उत्पादनको प्रक्रियामा डिजाइन अनुसार निर्धारित गुणस्तर अनुरुप नै जडान रेखामा उत्पादन भएको पनि सुनिश्चितता प्रदान गर्दछ। प्रकारको अनुमोदन र उत्पादनको तादात्म्यता बीचमा आधारभूत भिन्नता यो छ कि प्रकारको अनुमोदन नमूना सवारी साधन वा सवारी साधनको डिजाइनमा आधारित हुन्छ जबकि उत्पादनको तादात्म्यताले यथार्थमा उत्पादन भैसकेका सवारी साधनहरुबाट निष्काशित प्रदूषण मापन गर्दछ ।

यूरोपियन युनियनद्वारा निर्धारित शर्तहरु अनुसार माथि उल्लिखित सम्पूर्ण किसिमका परीक्षणहरु पूरा गरी प्रकार अनुमोदनको चिन्ह प्राप्त गरी सिलसिलेवार रुपमा उत्पादित सवारी साधनहरुको पर्याप्त संख्यामा छड्के जाँच गरिन्छ। उत्पादनको तादात्म्यताको निमित्त सहन सीमाहरु (tolerance limits) पहिलो प्रकारको परीक्षणमा उपलब्ध गराइएका हुन्छन् ।

**४. सन्दर्भ तौल (Reference Mass)**

सन्दर्भ तौल (Reference mass) भन्नाले सवारीको भारविहीन तौल (unladen mass) (सवारी साधन चालु रहेको अवस्थामा चालकदल, यात्रीहरु अथवा भार नभएको तर इन्धनको ट्यांकी भरिएको र साधारण औजारहरुको सेट (usual set of tools) वा गाडीमा जगेडा चक्का रहने भएमा सो समेत) मा समानुपातिक तौल (uniform figure) १०० किलोग्राम जोड्दा हुन आउने तौललाई सम्झनुपर्छ। छ सिटभन्दा बढी क्षमताका यात्रीबाहक सवारी साधनहरु अथवा सन्दर्भ तौल २५०० किलोग्रामभन्दा बढी भएका सवारी साधनहरु (यसै अन्तर्गत) पर्दछन् ।

द्रष्टव्य : आर्थिक ऐन, २०५६ र खण्ड ४९, अतिरिक्ताङ्क २१ (क+१), २०५६ साल भदौ १४ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना २ मा उल्लिखित यूरो-१ मापदण्डलाई नेपाल सवारी प्रदूषण मापदण्ड, २०५६ (Nepal Vehicle Mass Emission Standard, 2056) सरह मानिनेछ ।

## सूचना २

नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम निर्णय गरेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

१. २०५६ साल फागुन ७ गतेदेखि लागू हुने गरी सरकारी निकाय, संस्थान र कूटनैतिक निकायका स्वामित्वमा रहेका सवारी साधनहरुलाई नेपाल सरकारले समय समयमा तोकेका प्रदूषण मापदण्ड भित्र रहेको भएमा मात्र काठमाडौं उपत्यकामा चल्न दिइनेछ । तर त्यस्ता मापदण्ड भित्र नपर्ने सवारी साधनहरुलाई मर्मत सम्भारका लागि सम्बन्धित निकायबाट अनुमतिपत्र लिई ग्यारेज वर्कशपसम्म आवत जावत गर्न दिइनेछ ।

२. नेपाल अधिराज्यभित्र रिकण्डिसन तथा सेकेण्ड ह्याण्ड गाडीहरुको आयातमा प्रतिबन्ध लगाइएको छ। एम्बुलेन्स तथा फायरब्रिगेड जस्ता सवारी साधनहरु र यो निर्णय हुनु भन्दा अगावै शीपमण्ट भैसकेका वा एल.सी. खोलिसकिएका सवारी साधनहरुको हकमा यो व्यवस्था लागूहुने छैन । तर यस्ता सवारी साधनहरु कम्तीमा नेपाल सरकारले हाल कायम गरिराखेको प्रदूषण मापदण्ड भित्र रहेको हुनुपर्नेछ ।

३. लिलाम बिक्री हुने सवारी साधनहरुको वागमती अंचलभित्र नयाँ दर्ता एवं नामसारीमा रोक लगाइएको छ। साथै उत्पादन भएको बीस वर्ष पुगेका सवारी साधनहरुको लिलाम बिक्री पश्चात् अधिराज्यको अन्य ठाउँमा पनि दर्ता तथा नामसारीमा रोक लगाइएको छ । साथै उत्पादन भएको बीस वर्ष पुगेका सवारी साधनहरुको लिलाम बिक्री पश्चात् अधिराज्यको अन्य ठाउँमा दर्ता तथा नामसारीमा रोक लगाइएको छ। वीस वर्ष नपुगेका लिलाम बिक्रीबाट दर्ता तथा नामसारी हुन आउने सवारी साधनहरु पनि वागमती अंचल बाहिर अन्य ठाउँमा दर्ता तथा नामसारी गर्दा हाललाई काठमाण्डौं उपत्यकामा संचालन गर्न नपाउने गरी मात्र दर्ता तथा नामसारी गरिनेछ।

## सूचना ३

वातावरण संरक्षण ऐन, २०५३ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले काठमाण्डौं उपत्यकामा डिजेलबाट संचालित तीन पाङ्ग्रे सवारी साधनको सट्टामा त्यस्ता सवारी साधनका धनीले पेट्रोलद्वारा संचालन हुने १० देखि १४ सीट भएका माइक्रोबसहरुको इन्जिन प्रणाली Compressed Natural Gas (CNG), Liquid Natural Gas (LNG), Liquefied Petroleum Gas (LPG) जस्ता अति न्यून वायु प्रदूषण गर्ने खालका वैकल्पिक इन्धनहरु प्रयोग गर्ने गरी उत्पादनकर्ता मुलुकमा नै रुपान्तरण (Conversion) गरिसकिएको प्रमाणित कागजपत्र पेश गरेमा वा नेपालभित्र आयात भैसकेपछि नेपाल सरकारको सम्बन्धित निकायले निर्धारण गरेको अवधिभित्र रुपान्तरण गरिएको प्रमाण पेश गरेपछि मात्र दर्ता हुने गरी आयात गर्न दिने र यस प्रकार आयात गरिने माइक्रोबसहरुमा लाग्ने भन्सार महशुलमा ९९ प्रतिशत तथा मूल्य अभिबृद्धि करमा पूर्ण रुपले छूट दिने तर यस्ता सवारी साधनहरुलाई पेट्रोल वा डिजेलबाट संचालन गर्न अनुमति नदिने निर्णय गरेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

खण्ड ४९, अतिरिक्ताङ्क २१ (क +१), २०५६ साल भदौ १४ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ अनुसार टु स्ट्रोक (Two Stroke) इन्जिन भएका सवारी साधनहरुको दर्तामा प्रतिबन्ध लगाइएकोमा सो मिति भन्दा अगावै नेपालभित्र आयात भैसकेका वा प्रतीतपत्र खोलिसकिएका त्यस्ता प्रकारका सवारी साधनहरु काठमाण्डौ उपत्यकामा संचालन गर्न नपाउने गरी वागमती अंचल बाहेक अन्यत्र दर्ता गर्न दिइने र अब उप्रान्त आयात हुने नेपाल सवारी प्रदूषण मापदण्ड, २०५६ (Nepal Vehicle Mass Emission Standard, 2056) भित्र पर्ने टु स्ट्रोक इन्जिन भएका सवारी साधनहरुलाई काठमाण्डौ उपत्यका, पोखरा शहरी क्षेत्र एवं लुम्बिनी क्षेत्र बाहेक अन्य क्षेत्रमा मात्र दर्ता र संचालन गर्न दिने निर्णय भएकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले
डा. गोविन्दराज भट्ट
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

## नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ५० संख्या ४, नेपाल राजपत्र भाग ४, मिति २०५७/१/२६**


## भूलसुधार

खण्ड ५०, संख्या ३ मिति २०५७ साल वैशाख १९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको क्रम संख्या १ मा "स्वदेशी उपयोगको लागि प्लाष्टिकको झोला उत्पादन गर्दा २० माइक्रोन वा सो भन्दा बढी माइक्रोनको मात्र उत्पादन गर्नुपर्नेछ" हुनुपर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५०, संख्या ३, नेपाल राजपत्र भाग ३, मिति २०५७/०१/१९

**नेपाल सरकार**

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

## सूचना

नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २ को खण्ड (ट) बमोजिम प्लाष्टिकको झोला उत्पादन गर्ने उद्योगले अनिवार्य रुपमा पालना गर्नुपर्ने गरी देहायबमोजिमको आदेश जारी गरेको छ।

१. प्लाष्टिकको झोला उत्पादन गर्दा २० माइक्रोन वा सो भन्दा बढी माइक्रोनको मात्र उत्पादन गर्नुपर्नेछ।

२. उद्योगले उत्पादन गरेको प्लाष्टिक झोलाको प्रत्येक प्याकेटमा त्यस्ता झोला उत्पादन गर्ने उद्योगको नाम र उत्पादित झोला कति माइक्रोनको हो भन्ने कुरा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ।

आज्ञाले,
मोहनदेव पन्त
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, माघ १० गते २०५६ साल (अतिरिक्ताङ्क ४१ (क)

## भाग ३

नेपाल सरकार

## जनसंख्या तथा वातावरण मन्त्रालयको

## सूचना

नेपाल सरकारले काठमाडौं उपत्यकामा डिजेलबाट सञ्चालित तीन पाङ्ग्रे सवारी साधनको दर्ता २०५६ साल भाद्र मसान्तभित्र काठमाडौं उपत्यकाबाट खारेज गर्ने वा पोखरा उपमहानगरपालिका र लुम्बिनी विकास क्षेत्र बाहेक अन्यत्र सरुवा दर्ता गर्ने सवारी साधनका धनीलाई सोको सट्टा दशदेखि चौध सिट क्षमताको पेट्रोलद्वारा संचालन हुने माइक्रोबस ९९ प्रतिशत भन्सार महसुल एवं मूल्य अभिवृद्धि कर पूर्ण रुपले छूट हुने गरी आयात गर्न प्रतीतपत्र (एल.सी.) खोल्न २०५६ साल पौष मसान्तसम्म म्याद दिइएकोमा उक्त म्याद २०५६ साल माघ १ गतेदेखि नै लागू हुने गरी अन्तिम पटकको लागि २०५६ साल फाल्गुण मसान्तसम्म बढाउने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,<br>
डा.गोबिन्दराज भट्ट<br>
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

## नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ४९) काठमाडौं, मंसीर १६ गते २०५६ साल (अतिरिक्ताङ्क ३३ (क)**

# भाग ३

### नेपाल सरकार
### जनसंख्या तथा वातावरण मन्त्रालयको
### सूचना

नेपाल सरकारले काठमाडौं उपत्यकामा डिजेलबाट सञ्चालित तीन पाङ्ग्रे सवारी साधनको दर्ता काठमाडौं उपत्यकाबाट खारेज गराई सोको सट्टामा दशदेखि चौध सिट क्षमताको पेट्रोलद्वारा सञ्चालित माइक्रोबसहरु ९९% प्रतिशत भन्सार महसुल एवं मूल्य अभिबृद्धि कर पूर्णरुपले छूट हुने गरी आयात गर्न प्रतितपत्र (एल.सी.) खोल्नुपर्ने म्याद २०५६ साल मंसिर १५ गतेसम्म दिइएकोमा उक्त म्यादलाई २०५६ साल पौष मसान्तसम्म बढाएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
डा.गोविन्दराज भट्ट
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

## नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ४९) काठमाडौं, कात्तिक १८ गते २०५६ साल (अतिरिक्ताङ्क २७ (ख+२)**


## भाग ३

### नेपाल सरकार

## जनसंख्या तथा वातावरण मन्त्रालयको

### सूचना

नेपाल सरकारले काठमाडौं उपत्यका भित्र डिजेलबाट सञ्चालित तीन पाङ्ग्रे सवारी साधनको दर्ता सम्वत् २०५६ साल भाद्र मसान्त भित्र काठमाडौं उपत्यकाबाट खारेज गर्ने सवारी साधन धनीलाई सोको सट्टा १० देखि १४ सिट क्षमताको पेट्रोलबाट सञ्चालन हुने माइक्रोबस ९९% भन्सार एवं मूल्य अभिबृद्धि कर पूर्णरुपले छूटमा झिकाउन प्रतितपत्र (एल.सी.) खोल्न सम्वत् २०५६ साल आश्विन १५ गतेसम्म म्याद दिइएकोमा सो म्यादलाई सम्वत् २०५६ साल मंसीर १५ गतेसम्म बढाउनुका साथै सो सुविधा उल्लिखित सवारी साधनको दर्ता काठमाडौं उपत्यकाबाट खारेज गराई पोखरा उप-महानगरपालिका र लुम्बिनी विकास क्षेत्र बाहेकका अन्यत्र स्थानहरुमा दर्ता सरुवा गर्ने सवारी धनीहरुलाई पनि प्रदान गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
डा. गोबिन्दराज भट्ट
नेपाल सरकारको सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, भदौ १४ गते २०५६ साल (अतिरिक्ताङ्क २१ (क +१)


## भाग ३

### नेपाल सरकार
### जनसंख्या तथा वातावरण मन्त्रालयको
### सूचना १

नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने प्रयोजनका लागि देहायका औजार वा संयन्त्रको प्रयोगमा देहाय बमोजिम बन्देज लगाएको छ:

(क) टु स्ट्रक (Two Stroke) इन्जिन भएका सवारी साधनहरुको दर्तामा प्रतिबन्ध लगाइएको छ। काठमाडौं उपत्यकामा हाल चलिरहेको त्यस्ता संयन्त्रलाई क्रमश: विस्थापित गर्न जनसंख्या तथा वातावरण मन्त्रालयले निर्माण तथा यातायात मन्त्रालयसँग समन्वय राखी आवश्यक प्रकृया अघि बढाउने छ ।

(ख) कृषि ट्याक्टर पावर लिटर, ट्रक, रोडा, बालुवा ओसार्ने लरी, फोहर मैला ओसार्ने डम्पर लगायतका विभिन्न सवारी साधनले काठमाडौं उपत्यकाभित्रका सवारी साधनको आवागमनमा बाधा पुऱ्याई प्रदूषण समेत बढाएकोले सम्बत् २०५६ साल आश्विन १ गतेदेखि लागू हुने गरी प्रत्येक दिन बिहान ८.०० बजेदेखि बेलुकी ७.०० बजेसम्म काठमाडौं चक्रपथभित्र यस्ता सवारी साधन संचालन गर्न नपाउने गरी पूर्णरुपले प्रतिबन्ध लगाइएको छ ।

(ग) काठमाडौं उपत्यकामा डिजेलबाट संचालित टेम्पोको नयाँ दर्ता तथा नामसारी तत्कालैदेखि लागू हुने गरी बन्द गरिएको छ ।

### सूचना २

नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी डिजेल टेम्पोको विकल्प स्वरुप नयाँ सवारी साधन आयात गर्न देहाय बमोजिमका थप सुविधा प्रदान गरेको छ :-

(क) वागमती अञ्चलमा दर्ता भएका डिजेलबाट संचालित सबै प्रकारका तीन पांग्रे टेम्पोको दर्ता सम्बत् २०५६ साल भाद्र मसान्तसम्ममा खारेज गरिएमा त्यस्ता टेम्पो धनीले दशदेखि चौध सिट क्षमताको पेट्रोलबाट संचालन हुने माइक्रोबस आयात गर्दा लाग्ने भन्सार महसूलमा ९९% तथा मूल्य अभिवृद्धि कर छूट दिइने छ। यो सुविधा २०५६ साल आश्विन १५ गतेसम्ममा पेट्रोलबाट संचालन हुने माइक्रोबस आयात गर्न प्रतीतपत्र (एल.सी.) खोलेका वा बैंकले स्वीकृत गरेका कागजात (Agreed Banking Document) मार्फत आयात गर्न माग भई आएको

उल्लिखित सवारी साधनलाई मात्र प्रदान गरिनेछ ।

(ख) प्रकरण (क) बमोजिमको सुविधा दुईवटा टेम्पोको सट्टा एउटा पेट्रोलबाट संचालन हुने माइक्रोबस आयात गर्न प्रदान गरिनेछ । तर एउटा मात्र टेम्पो भएका टेम्पो धनीलाई पनि पेट्रोलबाट संचालन हुने एउटा माइक्रोबस आयात गर्दा यस्तो सुविधा प्रदान गर्न सकिनेछ ।

(ग) प्रकरण (क) बमोजिमको सुविधा प्राप्त गर्ने टेम्पो धनीले यो सूचना जारी भएका बखत जुन रुटमा आफ्नो डिजेल टेम्पो संचालन गरिराखेको हो सोही रुटमा वा निर्माण तथा यातायात मन्त्रालयले तोके बमोजिमको रुटमा सहुलियतमा आयात गरेको माइक्रोबस संचालन गर्नुपर्नेछ ।

(घ) नयाँ आयात गरिने माइक्रोबस सडकको बायाँपट्टिबाट चलाउने प्रणाली (Right Hand Drive System) अनुरुपको हुनुपर्नेछ ।

(ङ) यस्तो सुविधा अब उप्रान्त दर्ता वा नामसारी गराएका डिजेल टेम्पो, पुराना तथा रिकन्डिसन्ड पेट्रोलबाट संचालित माइक्रोबस धनीलाई प्रदान गरिनेछैन ।

(च) नयाँ झिकाइने माइक्रोबस प्रदूषण मापदण्ड यूरो-१ (Euro-1) अनुरुपको हुनुपर्नेछ । नयाँ सवारी साधन आयातकर्ताले सम्बन्धित देशको सवारी प्रदूषणको स्वीकृत मापदण्ड निर्धारण गर्ने आधिकारिक निकायले आयात गरिएको सवारी साधनका सम्बन्धमा लेखिदिएको प्रमाण उपरोक्त माइक्रोबस दर्ता गराउँदाका बखत अनिवार्य रुपले पेश गर्नुपर्नेछ । त्यस्तो प्रमाण पेश नगर्ने आयातकर्ताको माइक्रोबस दर्ता गरिने छैन ।

(छ) निर्माण तथा यातायात मन्त्रालयले उपरोक्त बमोजिमको सवारी साधन आयात गर्न इच्छुक आयातकर्तालाई यूरो-१ (Euro-1) बमोजिमको आम सवारी प्रदूषण मापदण्ड (Mass Emission Norms) को विवरण आयात अनुमति प्रदान गर्दाका बखत उपलब्ध गराउनु पर्नेछ ।

**आज्ञाले,**
**डा.गोविन्दराज भट्ट**
**नेपाल सरकारको सचिव**

नेपाल सरकार

जनसंख्या तथा वातावरण मन्त्रालय

# वातावरण विभाग, कुपण्डोलको

## सूचना

नेपालको संविधानले प्रदान गरेको प्रत्येक नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक तथा वातावरण संरक्षण ऐन, २०५३ मा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने गरी वा जनजीवन र स्वास्थ्यका लागि खतरा हुनसक्ने किसिमले प्रदूषण सृजना गर्न नपाइने व्यवस्थाअनुसार उक्त प्रावधान कार्यान्वयन गर्ने सिलसिलामा नेपाल सरकारले समय–समयमा राजपत्रमा सूचना प्रकाशित गरी विभिन्न वातावरणीय मापदण्डहरू जारी गरेकोले उक्त मापदण्डको पालना गर्नु सम्पूर्ण उद्योग प्रतिष्ठान र आमनागरिकको कर्तव्य हुन आउँछ ।

उद्योग प्रतिष्ठानबाट विभिन्न वातावरणीय मापदण्ड पालनाको सन्दर्भमा वातावरण विभागबाट नियमित अनुगमन भइरहेको व्यहोरा सबैमा विदितै छ । यसै सन्दर्भमा आफ्नो उद्योग/प्रतिष्ठानबाट मापदण्डहरूको पालना भइरहेको छ कि छैन सो सम्बन्धमा उद्योग/प्रतिष्ठान आफैले अनुगमन (स्व–अनुगमन) गरी नियमित रूपमा अभिलेख राख्न र सोको एक प्रतिका साथै प्रयोगशालाको प्रतिवेदन (Lab Report) को छायाँकपीको एक प्रति वातावरण विभागमा पहिलो पटक यस आ.व.को चैत मसान्तभित्र र त्यस पश्चात् प्रत्येक आ.व. को मङ्सिर मसान्तभित्र पठाउनका साथै विभागबाट अनुगमनको लागि खटिई आउने निरीक्षकलाई निरीक्षणको सिलसिलामा स्व–अनुगमन सम्बन्धी कागजातहरू उपलब्ध गराउनुहुन अनुरोध छ । वातावरणीय मापदण्डहरू सम्बन्धी जानकारी जनसंख्या तथा वातावरण मन्त्रालयको Website: www.mope.gov.np वा वातावरण विभागको Website: www.doenv.gov.np बाट प्राप्त गर्न सकिन्छ । यस सम्बन्धमा थप जानकारी चाहिएमा वातावरण विभागमा सम्पर्क राख्नुहोला ।

*२०७४ मङ्सिर २५ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना*

# कपडाको झोला सधैं प्रयोग गरौं !
# प्लाष्टिकको झोला प्रयोग नै नगरौं !!



**प्लाष्टिक प्रदूषण निर्मुल पारौं, पुनर्प्रयोग गर्न नसके बहिष्कार गरौं ।**

**Beat Plastic Pollution; If You Can't Reuse It, Refuse It.**